# नगरस्तरीय विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना

**Municipality Level Disaster Preparedness and Response Plan (DPRP)**




**नीलकण्ठ नगरपालिका**

**नीलकण्ठ कार्यपालिकाको कार्यालय, धादिङ**

**बागमती प्रदेश, नेपाल**

**२०७८**

**निर्माण निर्देशिका :** विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन पहिलो संशोधन, २०६७ र गाउँपालिका/नगरपालिका विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना (नमूना), २०७८

**दस्तावेज :** नगरस्तरीय विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०७८, नीलकण्ठ नगरपालिका

**सर्वाधिकार :** नीलकण्ठ नगरपालिका, धादिङ

**प्राविधिक सहयोग :** युएसएआइडीको तयार नेपाल परियोजना

**तयारी तथा प्रकाशनका लागि आर्थिक तथा प्राविधिक सहयोग :**

यो सामग्री नगरस्तरीय विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना-२०७८, नीलकण्ठ नगरपालिका धादिङसँगको सहकार्यमा युएसएआइडीको तयार नेपाल परियोजना (TAYAR NEPAL) र ह्याबिट्याट फर ह्युम्यानिटी नेपालको प्राविधिक सहयोगमा तयार पारिएको हो ।



## शुभकामना

विपद्को दृष्टिले नेपाल संवेदनशील मुलुक हो । यो मुलुक भूकम्पीय जोखिमको हिसाबले ११औं, पानीजन्य प्रकोपबाट हुने क्षतिका हिसाबले ३०औं र जलवायु परिवर्तनको जोखिमका हिसाबले चौथौं स्थानमा रहेको छ । गृह मन्त्रालय स्रोतअनुसार नेपालमा हरेक वर्ष औसत ४ सय २० वटा विपद्का घटना हुने गरेका छन्, जसबाट वर्षेनी १ हजार जनाको मृत्यु, करिव ८० जना बेपत्ता, १ लाख ३५ हजार व्यक्ति प्रभावित, १६ हजार परिवार विस्थापित र ठूलो संख्यामा भौतिक सम्पति क्षति हुने गरेको तथ्यांक छ । नेपालका ७ सय ५३ स्थानीय तहमध्ये नीलकण्ठ नगरपालिका, धादिङ जिल्लाको सदरमुकाममा अवस्थित रहेकोछ। विपद्को दृष्टिकोणले समेत नगरपालिकाका भौगोलिक क्षेत्रहरु मध्ये अधिकांश भूगोलहरु संवेदनशील रहेका छन ।

.नीलकण्ठ नगरपालिकाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०७८ तयार गरी यहाँहरु समक्ष प्रस्तुत गर्न पाउँदा खुसी लागेको छ। नीलकण्ठ नगरपालिकामा बर्सेनी बाढी, पहिरो, जंगली जनावरको आक्रमण, सडक दुर्घटना, हावाहुरी, आगलागी, चट्याङ्ग जस्ता विपद्‌बाट जनधनको क्षति भइरहेको छ। तसर्थ, विपद्का घटनाको पूर्वतयारी तथा प्रतिकार्यका लागि व्यवस्थित योजना बनाई लागू गरी त्यसलाई क्रमिक रुपमा कार्यनवयन गर्दै जानुपर्ने आजको विद्यमान आवश्यकता रहेको छ। यस सर्न्दभमा विभिन्न सरोकारवालाको सुझाव सहित यो कार्य योजना कार्यान्वयनको चरणमा लादै यसलाई व्यवस्थीत तवरले कार्यनवयन गनुपर्ने अवस्था छ।

विपद् व्यवस्थापनका लागि स्थानीयस्तरको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना एउटा महत्वपूर्ण दस्तावेजका रुपमा रहेको छ। विगतका विभिन्न विपद्‌वाट प्राप्त सिकाइ एवम् संघीय संरचना अनुकुलका ऐन, नियम र कानुन र स्थानीय तहले निर्माण गरेको ऐन, नियम र कानूनी दस्तारवेजहरुलाई समेत आत्मसात गरी स्थानीय तहको समन्वयात्मक तथा कार्यान्वयात्मक भूमिकालाई थप प्रभावकारी र अझ जिम्मेवार बनाउँदै यस नगरपालिकाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गरिएको छ। स्थानीय सरकारी, गैरसरकारी संस्था, निजीक्षेत्र, रेडक्रस र प्रबुद्धवर्गसँगको छलफल र पृष्ठपोषणलाई आत्मसाथ गरी नगरपालिकामा विपद्कै कारण घट्ने घटनाहरुको न्यूनिकरणलाई मध्यनजर गरी यो योजना तयार गरीएको हो ।

राज्य पुनर्संरचना अनुरुप स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा भएको व्यवस्था बमोजिम स्थानीय तहको भूमिकालाई थप सक्रिय तथा प्रभावकारी बनाउनुपर्ने आवश्यकता महसुस गरी विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तयार पारिएको हो । यस योजनामा समावेश गरिएको सबै जिम्मेवार निकायले आ-आफ्नो भूमिका र जवाफदेहिता निर्वाह गर्न सकेमा विपद् जोखिम न्यूनीकरण र प्रतिकार्यमा महत्वपूर्ण टेवा पुग्नेछ । नगरपालिकाले निश्चय पनि ज्ञान सिप र क्षमताका आधारमा योजना कार्यान्वयन गर्न र गराउन अग्रणी भूमिका खेल्नेछ।

योजना तयार गर्ने क्रममा सहयोग पुऱ्याउने नगरसभा सदस्यहरु, कार्यपालिका सदस्यहरु, स्थानीय विपद् व्यवस्थापन समितिका सदस्यहरु, ९ वटा क्षेत्रगत समूहहरु, स्थानीय सरकार, राजनीतिक दल, संघ/संस्था एवम् सरोकारवाला निकायहरु सम्पूर्णमा हार्दिक धन्यवाद दिन चाहन्छु ।

साथै योजना तयार गर्न प्राविधिक सहयोग पुऱ्याउने तयार नेपाल परियोजना र ह्याबिट्याट फर ह्युम्यानिटी नेपालको योगदानको स्मरण गर्दै विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माणका लागि सहजीकरणको भूमिका निर्वाह गर्ने नीलकण्ठ नगरपालिका अन्तर्गत रही कामकाज गर्नु तयार नेपालका प्रतिनिधिहरुलाई धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा, यस योजनाले विपद् आइपर्नु अगावै पूर्वतयारी र विपद्को समयमा गरिने प्रभावकारी समन्वयात्मक तथा प्रतिकार्यलाई सहज र योजनाबद्ध बनाउन मद्दत गर्नेछ, भन्ने विश्वास लिएको छु र अन्तमा सम्पूर्ण नगरबासीहरुवाट सफल कार्यान्वयनको अपेक्षा राख्दछु ।

………………………
(भीमप्रसाद ढुङ्गाना)
नगर प्रमुख
नीलकण्ठ नगरपालिका, धादिङ
एवम्
महासचिव
नेपाल नगरपालिका संघ



## शुभकामना

नीलकण्ठ नगरपालिका हरेक वर्ष विभिन्न प्रकोपहरुबाट प्रभावित हुँदै आएका नगरपालिकामध्ये एक हो । भूकम्प, बाढी, पहिरो, चट्याङ्ग, जंगली जनावर (बाँदर) को आतंक, सडक दुर्घटनाजस्ता विपद्ले यस नगरपालिकामा जनधनको क्षति हुँदै आएको छ । विभिन्न प्रकोपको व्यवस्थित समाधान र जोखिम न्यूनीकरण तथा शीघ्र प्रतिकार्यका लागि नीलकण्ठ नगरपालिकाले यस वर्ष विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माण गरी लागू गर्न लागेकोमा खुसी लागेको छ । यस विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाले जोखिमयुक्त समुदायको जोखिम न्यूनीकरण हुने र विभिन्न किसिमका प्रकोपहरुबाट हुने जनधनको क्षति कम गर्न सहयोग पुऱ्याउने अपेक्षा राखेको छु ।

विपद् व्यवस्थापनका लागि स्थानीयस्तरको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना एउटा महत्वपूर्ण दस्तावेजका रुपमा रहेको छ । विगतमा भए गरेका अनुभव तथा सिकाइलाई आत्मसात गर्दै विभिन्न संघसंस्थाको सल्लाह र सुझावलाई मध्यनजर गरी यो दस्तावेज तयार पारिएको छ । यसले भविष्यमा हुनसक्ने प्रकोपको जोखिम कम गर्न र विपद्मा परेकाहरुको यथासक्य प्रतिकार्य गर्न सहयोग पुऱ्याउने विश्वास लिइएको छ ।

राज्य पूनर्संरचना अनुरुप स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा भएको व्यवस्था बमोजिम स्थानीय तहको भूमिकालाई थप सक्रिय तथा प्रभावकारी बनाउनुपर्ने आवश्यकता महशुस गरी विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तयार पारिएको हो । यस योजनामा समावेश गरिएका सबै जिम्मेवार निकायले आ-आफ्नो भूमिका र जवाफदेहिता निर्वाह गर्न सकेमा विपद् जोखिम न्यूनीकरणमा महत्वपूर्ण टेवा पुग्नसक्ने देखिन्छ ।

यो योजना दस्तावेज तयार गर्ने क्रममा सहयोग पुऱ्याउने स्थानीय विपद् व्यवस्थापन समितिका सदस्यहरु, स्थानीय सरकार, राजनीतिक दल, सरोकारवाला संघसंस्थालाई हार्दिक धन्यवाद दिन चाहन्छु । साथै, योजना तयार गर्न आर्थिक तथा प्राविधिक सहयोग पुऱ्याउने युएसएआइडीको तयार नेपाल परियोजना र ह्याबिट्याट फर ह्युम्यानिटी नेपालको योगदानप्रति धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

अन्त्यमा, यस योजनालाई प्रभावकारी कार्यान्वयन गर्न मेरो सक्रिय सहभागिता रहने प्रतिवद्धता व्यक्तगर्न चाहन्छु । धन्यवाद् !

..........................
(मनराज भण्डारी)
नगर उप-प्रमुख
नीलकण्ठ नगरपालिका, धादिङ



## शुभकामना

नेपालमा बाढी, डुबान, पहिरो, आगलागी, हुरीवतास, महामारी जस्ता प्रकोपबाट हरेक वर्ष ठूलो जनधनको क्षति हुने गर्दछ । भूकम्पको सम्भावित क्षेत्रमा नेपाल अत्यन्तै जोखिमपूर्ण मानिन्छ ।यस नगरपालिकाको परिप्रेक्ष्यमा विगतलाई केलाउँदा भूकम्प, बाढी, पहिरो, चट्याङ्ग, जंगली जनावर (बाँदर) को आतङ्क, सडक दुर्घटना मुख्य विपतजन्य समस्या हुन् । विभिन्न मानवश्रृजित तथा जलवायू परिवर्तनका कारण विपद्को असर बढिरहेको छ । बढ्दो जनसंख्याका कारण अव्यवस्थित सहरीकरणले पनि यस नगरपालिका क्षेत्रमा विपद्को जोखिमलाई अझै वढी उजागर गरिरहेको यथार्थ छ । संसारभर फैलिएको कोभिड -१९ महामारीको चपेटाबाट समेत नगरवासी जनता प्रभावित नै रहेका छन् ।

विपद् व्यवस्थापनको पूर्वतयारी र प्रतिकार्यमा लाग्नु सबै स्थानीय तहहरूको लागि वाञ्छनीय देखिन्छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(२)(न)(२) मा स्थानीय तहले आआफ्नो क्षेत्रको विपद् व्यवस्थापनका लागि विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना वनाउनुपर्ने प्रावधान रहेकोछ ।  यस नगरपालिकाले सम्भावित जोखिम व्यवस्थापनमा सहजताका लागि यो नगरस्तरीय विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माण गरेको छ ।

नेपाल सरकार, गृह मन्त्रालयको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन २०६७, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको गाउँ/ नगरस्तरीय विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०७८ (नमूना) र जिल्ला विपद् व्यवस्थापन योजना तर्जुमा निर्देशिका, २०६९ को समेत अवधारणामा रहेर यो योजना तयार गरिएको छ । यस योजना तर्जुमाको क्रममा सहयोग पु-याउनुहुने सम्पूर्ण पदाधिकारीज्यूहरू, कार्यालयका कर्मचारीहरू तथा तयार नेपाल ९त्व्थ्ब्च ल्भ्एबि० का कर्मचारीहरू समेत ह्याबिट्याट फर ह्युम्यानिटी नेपाल ९ज्बद्यक्त्ब्ट ँइच ज्गःब्लक्त्थ, ल्भ्एबि० लाई हार्दिक धन्यवाद दिन चाहन्छु । अन्त्यमा यस योजना कार्यान्वयनमा सवै सरोकारवालाहरुको सार्थक सहभागिताको अपेक्षा लिएको छु ।

……………………
(नेत्रप्रसाद पौडेल)
प्रमुख प्रशासकीय अधिकृत
नीलकण्ठ नगरपालिका, धादिङ

# विषयसूचि


**परिच्छेद १** 9

**प्रारम्भिक** 9

१.१ नगर विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमाको पृष्ठभूमि 9

१.२ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको उद्देश्य र महत्व 10

१.२.१ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको महत्व 10

१.२.२ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको उद्देश्य 10

१.२.३ नीलकण्ठ नगरपालिकाको परिचय 11

१.२.४ संघीय शासन प्रणालीमा विपद् व्यवस्थापन 12

१.३ योजना तर्जुमा प्रक्रिया 13

१.३.१ नगरस्तरीय विपद् व्यवस्थापन समितिको बैठक र प्रारम्भिक छलफल 14

१.३.२ आधारभूत अध्ययन 15

१.३.३ विषयक्षेत्र (क्लस्टर) को बैठक 16

१.३.४ कार्यशाला गोष्ठी 17

१.३.५ योजनाको मस्यौदा तयारी 21

१.३.६ योजनामा प्रस्तावित क्रियाकलापको परीक्षण 21

१.३.७ पृष्ठपोषण सङ्कलन र अन्तिम मस्यौदा तयारी 21

**परिच्छेद २** 22

**विपद् जोखिम र व्यवस्थापनको अवस्था** 22

२.१ नीलकण्ठ नगरपालिकाको संक्षिप्त परिचय 22

२.२ नीलकण्ठ नगरपालिकामा विद्यमान प्रमुख प्रकोपहरू 22

२.३ विगतका विपद्का अवस्था विश्लेषण 22

२.३.१ विपद्को ऐतिहासिक समयरेखा 23

२.३.२ विपद्को आवृत्ति र गम्भीरता 24

२.३.३ विपद्बाट भएको क्षतिको विवरण 24

२.४ सम्भाव्य प्रकोप तथा सम्भावित प्रभाव क्षेत्र 25

२.५ प्रकोपहरूको सम्भाव्य जोखिम विश्लेषण 26

२.६ पूर्वसूचना प्रणालीको अवस्था 26

२.७ नीतिगत, कानूनी तथा संस्थागत व्यवस्था 26

२.८ विषयक्षेत्र तथा कार्य जिम्मेवारी 27
२.८.१ समग्र व्यवस्थापन क्षेत्र 27
२.८.२ सूचना, खोज तथा उद्धार क्षेत्र 27
२.८.३ खाद्य तथा कृषि क्षेत्र 27
२.८.४ स्वास्थ्य तथा पोषण क्षेत्र 27
२.८.५ खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धन क्षेत्र 28
२.८.६ आपत्कालीन आश्रय तथा गैरखाद्य सामग्री क्षेत्र 28
२.८.७ संरक्षण तथा सुरक्षा क्षेत्र 28
२.८.८ आपत्कालीन शिक्षा क्षेत्र 28
२.८.९ शीघ्र पुनर्लाभ क्षेत्र 28
**परिच्छेद ३ 29**
**पूर्वतयारी तथा प्रतिकार्य योजना 29**
३.१ सामान्य पूर्वतयारी योजना 29
३.१.१ समग्र व्यवस्थापन 29
३.१.२ सूचना, खोज तथा उद्धार क्षेत्रको सामान्य पूर्वतयारी योजना 31
३.१.३ खाद्य तथा कृषि क्षेत्रको सामान्य पूर्वतयारी योजना 35
३.१.४ स्वास्थ्य तथा पोषण क्षेत्रको सामान्य पूर्वतयारी योजना 36
३.१.५ खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धन क्षेत्रको सामान्य पूर्वतयारी योजना 38
३.१.६ आपत्कालीन आश्रय र गैरखाद्य सामग्री क्षेत्रको सामान्य पूर्वतयारी योजना 41
३.१.७ संरक्षण तथा सुरक्षा क्षेत्रको सामान्य पूर्वतयारी योजना 42
३.१.८ आपत्कालीन शिक्षा विषयक्षेत्रको सामान्य पूर्वतयारी योजना 44
३.१.९ शीघ्र पुनर्लाभ क्षेत्रको सामान्य पूर्वतयारी योजना 46
३.२ पूर्वानुमानमा आधारित पूर्वतयारी योजना 47
३.२.१ समग्र व्यवस्थापन 47
३.२.२ समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना 48
३.२.३ खाद्य तथा कृषि क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना 50
३.२.४ स्वास्थ्य तथा पोषण क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना 50
३.२.५ खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धन क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना 51

३.२.६ आपत्कालीन आश्रय र गैरखाद्य सामग्री क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना 52
३.२.७ संरक्षण तथा सुरक्षाक्षेत्रका पूर्वानुमानमा आधारित पूर्वतयारी योजना 53
३ २.८ आपत्कालीन शिक्षा क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना 53
३.२.९ शीघ्र पुनर्लाभ क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना 54
३.३ आपत्कालीन प्रतिकार्य योजना 55
३.३.१ समग्र व्यवस्थापन क्षेत्रको प्रतिकार्य योजना 55
३.३.२ सूचना, खोज तथा उद्धार क्षेत्रको प्रतिकार्य योजना 58
३.३.३ खाद्य तथा कृषिक्षेत्रको प्रतिकार्य योजना 62
३.३.४ स्वास्थ्य तथा पोषण क्षेत्रका प्रतिकार्य योजना 63
३.३.५ खानेपानी सरसफाइ तथा स्वच्छता प्रवर्द्धन क्षेत्रको प्रतिकार्य योजना 67
३.३.६ आपत्कालीन आश्रय र गैरखाद्य सामग्री क्षेत्रको प्रतिकार्य योजना 71
३.३.७ संरक्षण तथा सुरक्षाक्षेत्रको प्रतिकार्य योजना 73
३.३.८ आपत्कालीन शिक्षाक्षेत्रको प्रतिकार्य योजना 74
३.३.९ शीघ्र पुनर्लाभ क्षेत्रको प्रतिकार्य योजना 77
**परिच्छेद ४** **79**
**बन्दोबस्तीका सामग्रीको उपलब्धता तथा आवश्यकताको लेखाजेखा** **79**
४.१ स्रोतसाधनको वर्तमान अवस्था 79
४.२ विपद् प्रतिकार्यका लागि जनशक्तिको उपलब्धता 80
४.३ बन्दोबस्ती सामग्रीको आँकलन 80
४.३.१ गैरखाद्य सामग्री भण्डारणस्थल : 80
४.३.२ मानवीय सहायतास्थल 81
४.४ थप स्रोतसाधनको आवश्यकता र अनुमानित लागत 81
**परिच्छेद ५** **82**
**विविध** **82**
५.१ स्रोतसाधनको व्यवस्थापन 82
५.२ अन्य निकायसँगको समन्वय र सहकार्य 82
५.३ अनुगमन, मूल्यांकन तथा सिकाइ 82
५.३.१ लक्ष्य र सूचकहरू 82
५.३.२ अनुगमन, मूल्यांकन र योजनाको परिमार्जन 84
५.४ क्षमता विकास रणनीति र योजना 84

# परिच्छेद १

# प्रारम्भिक

## १.१ नगर विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमाको पृष्ठभूमि

विक्रम संवत् २०६६ सालमा गृह मन्त्रालयले सबै जिल्ला तथा क्षेत्रीय तहमा विपद् पूर्वतयारी तथा प्रतिकार्यको गुणस्तर वृद्धि, सुदृढीकरण र संस्थागत गर्न बाढीको पूर्वतयारी योजना मार्गदर्शन तयार गरेको थियो । त्यसको परीक्षणका आधारमा सबैखालका प्रकोपलाई लक्षित गर्दै विपद् पूर्वतयारीका साथै प्रतिकार्य योजनासमेत समावेश गरी 'विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन २०६७' तयार गरी सबै मन्त्रालय, विभाग, क्षेत्रीय निर्देशनालय तथा जिल्लाहरूमा कार्यान्वयनमा ल्याइएको छ । उक्त मार्गदर्शनले जिल्ला तहमा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा प्रक्रियामा संलग्न सबै सरकारी निकाय, रेडक्रस, राष्ट्रिय/अन्तरराष्ट्रिय गैरसरकारी संस्था र संयुक्त राष्ट्रसंघीय निकायलाई स्पष्ट जिम्मेवारी दिएको छ। यसको आधारमा सबै जिल्लामा विपद् पूवर्तयारी तथा प्रतिकार्य योजना तर्जुमा गरी लागू गरिएको छ । यो मार्गदर्शन दैवी प्रकोप (उद्धार) ऐन २०३९, स्थानीय स्वायत्त शासन ऐन २०५५, विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति २०६६ आदि कानूनी तथा नीतिगत व्यवस्थामा आधारित रहेको थियो ।

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि कानूनी तथा नीतिगत व्यवस्थापनका क्षेत्रमा नेपाल सरकारले समयानुकूल परिमार्जन गर्दै संघीय, प्रदेश र स्थानीय तहमा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्थालाई नेपालको संविधानले समेत अनिवार्य बनाएको छ। साथै यसलाई स्थानीय तहको एकल अधिकारका रूपमा सूचीकृत गरेको छ । यस्ता कानूनी व्यवस्थामा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ (प्रथम संशोधन, २०७५), स्थानीय सरकार सञ्चालन ऐन, २०७४, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६, विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति, २०७५, विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना, २०७५ र नीलकण्ठ नगरपालिकाको विपद् ऐन, २०७५ लगायतका कानूनी तथा नीतिगत व्यवस्था छन् ।

यसैगरी अन्तरराष्ट्रियस्तरमा विपद् जोखिम न्यूनीकरणका लागि सेण्डााई कार्यढाँचा (सन् २०१५-२०३०), दिगो विकासका लक्ष्यहरू, जलवायु परिवर्तनसम्बन्धी पेरिस सम्झौता, आवधिक योजना, नीति तथा कार्यक्रम लगायतका सन्धि सम्झौतालाई समेत आत्मसात गर्दै संघीय, प्रदेश र स्थानीय तहमा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना बनाई विपद्बाट हुने मानवीय र भौतिक क्षति न्यूनीकरण गर्नु आवश्यक देखिएकाले नगरस्तरीय विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना नीलकण्ठ २०७८ तयार गरिएको छ ।

नीलकण्ठ नगरपालिका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७५ ले परिच्छेद २ मा नगरस्तरीय विपद् व्यवस्थापन समितिको गठन तथा काम, कर्तव्य र अधिकार तथा परिच्छेद ३ मा वडास्तरीय विपद् व्यवस्थापन समिति गठन तथा काम, कर्तव्य र अधिकार तोकेको छ । त्यसैगरी विपद्को समयमा कोष सञ्चालन गर्न विपद् व्यवस्थापन कोषसम्बन्धी व्यवस्था पनि गरेको छ । नगरपालिकाभित्रका सरकारी कार्यालय, गैरसरकारी संस्था, स्थानीय संघसंस्था, समुदाय, स्वयंसेवक, नागरिक समाज, निजी क्षेत्र तथा व्यक्तिले विपद् व्यवस्थापन कार्यमा तथ्याङ्क संकलन, क्षतिको मूल्यांकन, राहत, पुनर्स्थापना तथा पुनर्निर्माण लगायतका विपद् व्यवस्थापनसम्बन्धी कार्यमा सहयोगका साथै विपद् व्यवस्थापनसम्बन्धी जनचेतना अभिवृद्धिमा जोड दिइनेछ । साथै क्षमता विकास, आपत्कालीन नमूना अभ्यास तथा विपद् व्यवस्थापनसम्बन्धी प्रशिक्षण कार्यक्रममा सहयोग तथा सहभागिता जनाउनुका साथै खोज, उद्धार तथा राहत वितरणमा सहयोग गरिनेछ भनी कार्ययोजनामा उल्लेख गरेको छ । विपद् पूर्वतयारी प्रकोप आउनुअघि र प्रतिकार्य योजना विपद्

परेलगत्तै र स्थिति सामान्य नभएसम्म कार्यान्वयन हुने गरी यस योजनालाई महत्व दिई विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तयार पारिएको छ ।

विपद्पछिको समय ज्यादै संवेदनशील हुने गर्दछ । यो समयमा गरिने मानवीय सहयोग महत्वपूर्ण हुने हुनाले यो योजनाको ठूलो महत्व रहन्छ । विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको निम्न लिखित महत्वले यसको आवश्यकता पुष्टि गर्दछ :

- योजनाले विपद्को समयमा मानवीय सहयोगलाई व्यवस्थित गर्ने सुनिश्चितता दिन्छ ।
- विपद्को जोखिम कम गर्न सरोकारवाला र समुदायलाई हातेमालो गर्ने प्रेरणा दिन्छ ।
- प्रभावितलाई आफ्नो अधिकार र दायित्वबारे सचेत गराउँछ ।
- उद्धार र राहतजस्ता कार्यमा प्रभावित समुदायको समान पहुँचको प्रत्याभूति गर्छ ।
- आपत्कालीन समयमा सूचना र जानकारी प्रक्षेपणलाई व्यवस्थित गर्न सहयोग गर्छ ।
- सामाजिक, सांस्कृतिक मर्यादा तथा सद्भाव अभिवृद्धि गर्न सहयोग गर्छ ।
- स्रोतसाधनको सही सदुपयोग गर्ने मार्गदर्शन दिन्छ ।
- क्षेत्रगत रूपमा कामको बाँडफाँड हुने हुँदा मानवीय सहयोग पारदर्शी, प्रभावकारी र व्यवस्थित हुनुका साथै सेवाप्रदायकमा जवाफदेहिता र उत्तरदायित्वको भावना विकास गराउँछ ।

## १.२ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको उद्देश्य र महत्व

### १.२.१ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको महत्व

सम्भावित प्रकोपको घटनाले निम्त्याउन सक्ने आपत्कालीन अवस्थामा हुने जनधनको क्षति न्यूनीकरण गर्न र आपत्कालीन समयमा मानिसमाथि पर्ने प्रतिकूल प्रभावको सामना गर्न स्थानीय स्रोतको अधिकतम उपयोग गर्दै विभिन्न क्षेत्रसँग समन्वय गरी प्रभावित समुदायलाई व्यवस्थित, प्रभावकारी र जवाफदेही मानवीय सहयोग उपलब्ध गराउने भएकाले यो योजना ज्यादै उपयोगी छ ।
निम्न कारणहरूले गर्दा यो योजना महत्वपूर्ण रहेको छ :

- भविष्यमा हुनसक्ने विपद्लाई ध्यानमा राखी जनधनको क्षति कम गर्न समुदायमा पूर्वतयारीका कार्यहरू गर्न,
- विपद्मा परेका व्यक्ति, परिवार र समुदायलाई तत्काल खोज तथा उद्धार गरी मानवीय सहयोग उपलब्ध गराउन,
- विपद्बाट प्रभावित समुदायलाई सुरक्षित स्थानमा सम्मानजनक जीवनयापनका लागि आधारभूत सहयोग जस्तैः गाँस, बास, कपास, शिक्षा, खानेपानी र स्वास्थ्य सेवा उपलब्ध गराउन,
- उपलब्ध न्यूनतम स्रोत-साधनको अधिकतम उपयोग गर्दै आवश्यक पर्ने थप स्रोत-साधनको बन्दोबस्त गरी संघीय सरकार, प्रदेश र नगरस्तरीय विपद् व्यवस्थापन समितिबाट भएका निर्णय कार्यान्वयन गर्न सरोकारवाला निकाय तथा संघसंस्थासँग समन्वय गरी विपद् प्रभावित समुदायलाई सहयोग उपलब्ध गराउन,
- विपद्मा परेका अतिसंकटासन्न समुदायका महिला, गर्भवती महिला, सुत्केरी महिला, अपांगता भएका व्यक्तिहरू, गर्भवती र अपांगता भएका सुत्केरी महिला, अपांगता भएका बालबालिका र अपांगता भएका तथा नभएका ज्येष्ठ नागरिक एवं विपन्न व्यक्तिलाई विशेष प्राथमिकता दिएर सहयोग गर्नुका साथै उनीहरूको संरक्षण गर्न ।

### १.२.२ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको उद्देश्य

यस नीलकण्ठ नगरपालिकामा विपद् व्यस्थापनको पूर्वतयारी र प्रतिकार्यलाई प्रभावकारी बनाई सम्भावित जनधनको क्षति न्यूनीकरण गर्नु यस योजनाको मुख्य उद्देश्य हो । यस योजनाका अन्य उद्देश्यहरू निम्नअनुसार छन् :

- विपद् प्रतिकार्यका लागि विषयक्षेत्रहरूको भूमिका तथा जिम्मेवारी निर्धारण गर्नु

- विपद् प्रतिकार्यका लागि मुख्य जिम्मेवार तथा सहयोगी निकायहरूको पहिचान तथा अद्यावधिक गर्नु,
- विपद्को लेखाजोखा, जोखिम नक्सांकन, विगतमा भएका विपद्का घटनाको तथ्याङ्क सङ्कलन र विश्लेषणका आधारमा जोखिम सूचित योजना तर्जुमा गर्नु,
- विपद् प्रतिकार्यका लागि सामान्य पूर्वतयारी, पूर्वानुमानमा आधारित पूर्वतयारी तथा आपत्कालीन प्रतिकार्यका क्रियाकलाप तय गर्नु,
- विपद् प्रतिकार्यका लागि उपलब्ध स्रोत-साधन र जनशक्तिको लेखाजोखा एवं सम्भावित विपद्को सामना गर्न आवश्यक क्षमताको आँकलन, प्रक्षेपण र प्रबन्ध गर्नु,

विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाका अन्य उद्देश्यहरू देहाय बमोजिम छन् :

- भविष्यमा हुनसक्ने विपद्लाई ध्यानमा राखी जनधनको क्षति कम गर्न समुदायमा पूर्वतयारी कार्यहरू गर्नु ।
- विपद्मा परेका व्यक्ति, परिवार र समुदायलाई तत्काल खोज तथा उद्धार गरी मानवीय सहयोग उपलब्ध गराउनु ।
- विपद्बाट प्रभावित समुदायलाई सुरक्षित स्थानमा सम्मानजनक जीवनयापनका लागि आधारभूत सहयोग जस्तैः गाँस, बास, कपास, शिक्षा, खानेपानी र स्वास्थ्य सेवा उपलब्ध गराउनु ।
- उपलब्ध न्यूनतम साधन-स्रोतको अधिकतम उपयोग गर्दै आवश्यक पर्ने थप स्रोत-साधनको बन्दोबस्त गरी नेपाल सरकार र नगरस्तरीय विपद् व्यवस्थापन समितिबाट भएका निर्णयहरूको कार्यान्वयन गर्न सरोकारवाला निकाय तथा संघसंस्थासँग समन्वय गरी विपद् प्रभावित समुदायलाई सहयोग उपलब्ध गराउनु ।
- विपद्मा परेका अतिसंकटासन्न समूहका अपांगता भएका व्यक्ति, गर्भवती महिला, सुत्केरी, बालबालिका, विपन्न परिवार र ज्येष्ठ नागरिकलाई विशेष प्राथमिकता दिएर सहयोगका कार्य गर्नु र उनीहरूको संरक्षण गर्नु ।
- स्थानीय तहमा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा र कार्यान्वयनमा संलग्न सबै सरकारी निकाय, रेडक्रस अभियान, राष्ट्रिय तथा अन्तरराष्ट्रिय गैरसरकारी संस्था र राष्ट्रसंघीय निकायहरूलाई आवश्यक दिशानिर्देश गर्नु ।
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा स्थानीय तहको समन्वय र सहकार्य प्रवर्द्धन गरी विपद् न्यूनीकरणलाई विकास प्रक्रियामा मूलप्रवाहीकरण गर्न योगदान गर्नु ।

### १.२.३ नीलकण्ठ नगरपालिकाको परिचय

विपद् जोखिमका दृष्टिकोणले नेपाल विश्वको उच्च जोखिम मुलुकमध्ये पर्दछ । यो मुलुक भौगोलिक बनावट, भूधरातल, र भूगर्भीय संरचनाले गर्दा प्रकोपका घटना भइरहने मुलुकका रूपमा परिचित छ । यसका साथै भौतिक संरचना निर्माण गर्दा त्यसले निम्त्याउन सक्ने विपद्लाई ख्याल गरिएको पाइँदैन । विपद् सम्बन्धी सचेतनाको कमीले यसको जोखिम बढी छ । विश्वका १९५ मुलुकमध्ये नेपाल भूकम्पीय जोखिमका दृष्टिले एघारौं, पानीजन्य प्रकोपको दृष्टिले तीसौं र जलवायुजन्य प्रकोपको दृष्टिले चौथो स्थानमा रहेको छ । यसै सन्दर्भमा नीलकण्ठ नगरपालिका पनि विपद् प्रभावित नगरपालिकाका रूपमा रहेको छ ।

उत्तरमा हिमालय पर्वतदेखि दक्षिणको महाभारत पर्वत शृंखलासम्म फैलिएको नेपालको बागमती प्रदेशमा पर्ने जिल्लाको रूपमा परिचित धादिङ जिल्लामा अवस्थित यस नीलकण्ठ नगरपालिका २०७१ साल वैशाख २५ गतेको मन्त्रिपरिषद्को निर्णयअनुसार तत्कालीन नीलकण्ठ, साङ्गोस, सुनौलाबजार र मुरलीभञ्ज्याङ गाविसलाई समेटेर स्थापना भएको हो । हाल यस नगरपालिकामा धुवाँकोट, खाल्टे र ज्यामरुङ गाविसलाई समेत समेटिएको छ । यस नगरपालिकामा हाल १४ वटा वडा रहेका छन् । यो नगरपालिका राजधानी काठमाडौंदेखि ८९ किलोमिटर दूरीमा अवस्थित छ । साविकको नीलकण्ठ गाविसको नामलाई नै कायम गरी यो नगरपालिकाको नामकरण गरिएको हो । पछिल्लो तथ्याङ्कअनुसार यस नगरपालिकाको कुल जनसंख्या ७१,१३१ रहेको छ भने घरधुरी संख्या १५,२३९ रहेको छ । नगरपालिकाको कुल क्षेत्रफल १९७.७ वर्ग किमि. रहेको छ ।

**नगरपालिकाका समुदाय तथा परिवारले प्रयोग गर्ने खानेपानीका स्रोत** : ८६.१% परिवारले धारा/पाइपको पानी पिउँछन्, ७.९% परिवारले मूलधाराको पानी पिउँछन्, ३.४% परिवारले नदी/खोलाको पानी पिउँछन्, २.४% परिवारले खोला/इनार/कुवाको पानी पिउँछन् भने ०.१% परिवारले ट्युबवेल/हातेपम्प तथा ०.१% ढाकिएको इनार/कुवाको पानी पिउँछन् ।

**नगरपालिकामा शौचालयका किसिम** : ५८.६% परिवारले सेप्टिक ट्यांकी प्रयोग गर्दछन् भने २७ % परिवारले साधारण चर्पी प्रयोग गर्छन् । १३.१% परिवारसँग चर्पी छैन र उनीहरू चर्पी प्रयोग गर्दैनन् । १.३% परिवारका चर्पी सोझै सार्वजनिक ढलमा जोडिएका छन् ।

**खाना पकाउने इन्धनको मुख्य स्रोत** : ८०.५% परिवारले दाउरा प्रयोग गर्छन्, १६.५% परिवारले एलपी ग्यास प्रयोग गर्छन् र २.९% परिवारले गोबरग्यास प्रयोग गर्छन् ।
विपद् जोखिम व्यवस्थापनका विभिन्न चरणमा गरिने काममध्ये विपद् पूर्वतयारी र प्रतिकार्य योजना महत्वपूर्ण चरण हो । विपद् आउनुभन्दा पहिले र विपद्को तत्कालीन प्रभाव सामान्य नभएसम्म क्षति कम गर्नलाई यो योजना महत्वपूर्ण दस्तावेजका रूपमा रहन्छ ।

यो योजनाले आपत्कालीन पूर्वतयारी तथा प्रतिकार्य योजनाका कार्यहरू, पूर्वानुमानमा आधारित पूर्वतयारी योजनाका कार्यहरू र आपत्कालीन प्रतिकार्य योजनाका कार्यलाई समेटेको छ। यसले विपद्बाट उत्पन्न असहज अवस्थामा आधारभूत मानवीय सेवा उपलब्ध गराउने कार्यलाई योजनाबद्ध रूपमा कार्यान्वयन गर्ने खाका तयार गर्छ । विपद् र त्यसबाट उत्पन्न असहज अवस्थामा खोज तथा उद्धारका कार्य गरी मानव जीवनको रक्षा गर्नु, विपद् प्रभावितहरूलाई राहत उपलब्ध गराउनु, प्रभावितहरूलाई आवासको व्यवस्था मिलाउनु, महिला, बालबालिका, अपांगता भएका व्यक्ति, ज्येष्ठ नागरिकहरूको सुरक्षाको व्यवस्था मिलाउनु, सर्वसाधारणको धनसम्पत्तिको सुरक्षा व्यवस्था मिलाउनु यो योजनाको प्रमुख लक्ष्य हो । विगतका अनुभवका आधारमा मानवीय सहयोगलाई व्यवस्थित बनाउन आपत्कालीन अवस्थामा प्रभावकारी प्रतिकार्य गर्न योजना बनाउनु महत्वपूर्ण देखिएकाले नीलकण्ठ नगरपालिकाले यो योजना तर्जुमा गरेको हो ।

### १.२.४ संघीय शासन प्रणालीमा विपद् व्यवस्थापन

नेपालको संविधान २०७२ को अनुसूची ७ मा प्राकृतिक तथा गैरप्राकृतिक विपद् पूर्वतयारी, उद्धार तथा राहत र पुनर्लाभ कार्यलाई संघ र प्रदेश सरकारको साझा अधिकारको सूचीमा सूचीकृत गरिएको छ भने अनुसूची ९ मा संघ, प्रदेश र स्थानीय तह गरी तीनै तहको साझा अधिकारको सूचीमा विपद् व्यवस्थापनलाई राखिएको छ । अनुसूची ८ ले विपद् व्यवस्थापनलाई स्थानीय तहको एकल अधिकारको सूचीमा समेटेकाले यसमा स्थानीय तहको महत्वपूर्ण भूमिका हुनपर्ने स्पष्ट छ ।

यसैगरी विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ (प्रथम संशोधन, २०७५) ले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद्, कार्यकारी समिति, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण (यसपछि प्राधिकरण भनिने), प्रदेश विपद् व्यवस्थापन परिषद् र कार्यकारी समिति, जिल्ला तथा स्थानीय तहमा विपद् व्यवस्थापन समितिको संस्थागत व्यवस्था गरी तिनीहरूको काम, कर्तव्य र अधिकार समेत तोकेको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २(न) ले गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकारभित्र विपद् व्यवस्थापनसम्बन्धी सबै चरणका कार्य समावेश गरेको छ। यो ऐनले राष्ट्रिय भवन संहिता तथा मापदण्ड बमोजिम भवन निर्माण अनुमति, अनुगमन र नियमन सम्बन्धी कार्यका साथै सुरक्षित बस्ती विकास सम्बन्धी नीति, योजना, कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन, नियमन र मूल्यांकन कार्यलाई समेत गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकारभित्र समेटेको छ ।

राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँचा, २०७० (प्रथम संशोधन, २०७५) ले विपद् पूर्वतयारी र विपद्पछिको खोज तथा उद्धार र राहतका कामलाई व्यवस्थित तुल्याउन, जिम्मेवारीको बाँडफाँड गर्न र समन्वयलाई प्रभावकारी बनाउन स्पष्ट व्यवस्था

गरेको छ । यसअन्तर्गत प्रतिकार्यका लागि अन्तरराष्ट्रिय सहयोगको अपिल गर्ने प्रक्रिया र त्यसको जिम्मेवारी, त्यसका लागि ध्यान दिनुपर्ने पक्षहरू, अन्तरराष्ट्रिय सहायताको समन्वयका कुराहरूलाई पनि उक्त कार्यढाँचाले व्यवस्थित गरेको छ । उक्त कार्यढाँचाले आपत्कालीन समयमा विभिन्न निकायहरूबीच समन्वयका लागि विषयगत तथा क्षेत्रगत समूहको प्रावधान गरेअनुसार नीलकण्ठ नगरपालिकाको स्रोत, साधन र अवस्थालाई ध्यानमा राखी चारवटा विषयगत क्षेत्रअन्तर्गत विपद्को सूचना संकलन, प्रभावको मूल्यांकन र संयन्त्र परिचालनबारे पनि स्पष्ट व्यवस्था गरेको छ ।

यसैगरी संघीय संरचनाअनुरूप विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन गर्न नीति, ऐन तथा रणनीतिक कार्ययोजना तयार भएको सन्दर्भमा प्रदेश, जिल्ला, स्थानीय तहमा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा र कार्यान्वयनलाई व्यवस्थित गर्न, योजनाहरूमा एकरूपता कायम गर्न र गुणस्तर कायम गर्न विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ (प्रथम संशोधन, २०७५) को दफा ८ बमोजिम 'विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन, २०६७' लाई नेपाल सरकार, गृह मन्त्रालयले सम्बन्धित सरोकारवाला निकायहरूको रायसुझाव समेत लिई संशोधन गरेको छ । संशोधित मार्गदर्शन कार्यकारी समितिबाट २०७६ साल मंसिर ३ मा स्वीकृत भई लागू भएको छ ।

तसर्थ नीलकण्ठ नगरपालिकाको विपद् ऐन, २०७६ बनाई सोको आधारमा स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना २०७५, नगरस्तरीय विपद् व्यवस्थापन योजना २०७५ लाई कार्यान्वयनमा ल्याई विपद् प्रतिकार्यलाई समेत प्राथमिकतामा राखी नगर विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०७८ तयार पारिएको छ ।

ऐतिहासिक तथा भौगोलिक हिसाबले महत्वपूर्ण अनि जैविक तथा प्राकृतिक रूपले सुन्दर यस नीलकण्ठ नगरपालिका विपद्का दृष्टिले भने उच्च जोखिममा रहेको छ । पहाडी भूभागमा अवस्थित यो नगरपालिका अन्य विपद्सँगै भूकम्पीय दृष्टिले पनि उच्च जोखिममा रहेको छ । विक्रम संवत् २०७२ सालको भूकम्पले यो नगरपालिकामा जनधनको धेरै क्षति गर्‍यो । भूकम्पसँगै यो नगरपालिकामा पहिरो, बाढी, चट्याङ, सडक दुर्घटना, आगलागी, हुरीबतास, खडेरी, जनावर आतंक (बाँदर तथा स्याल), महामारी तथा जलवायु परिर्वतन तथा जलवायुजन्य समस्या पनि यहाँका समुदायले भोग्दै आएका छन् । विपद्ले गर्ने जनधनको क्षति कम गर्ने तथा विपद् व्यवस्थापनको कार्यलाई प्रभावकारी बनाउने उद्देश्यका साथ यस नीलकण्ठ नगरपालिकामा नगरस्तरीय विपद् जोखिम व्यवस्थापन समिति तथा वडास्तरीय विपद् जोखिम व्यवस्थापन समिति समेत गठन भएका छन् ।

नगरस्तरीय विपद् व्यवस्थापन समितिले २०७५ सालमा तयार पारेको स्थानीय विपद् तथा जलवायु उत्थानशील योजनाले वडाहरूको प्रकोपको स्तरीकरण र जोखिमको विश्लेषणपश्चात् नगरस्तरीय विपद् व्यवस्थापन समिति तथा कार्यपालिका सदस्यहरू, क्षेत्रगत निकायहरू, निजी संघ-संस्था, गैरसरकारी संघ-संस्थाका प्रतिनिधि तथा सरोकारवालाहरूको सहभागितामा यस नगरक्षेत्रमा विभिन्न प्रकोपले पार्ने असर र जोखिमको आँकलन गरी निम्नअनुसार प्रस्तुत गरिएको छ :

नीलकण्ठ नगरपालिकामा विगतमा भएका विपद्को आधारमा जोखिम विश्लेषण गर्दा भूकम्प, पहिरो, सडक दुर्घटना, चट्याङ, बाढी/खहरे, आगलागी, हुरीबतास, खडेरी, जनावर आतंक (बाँदर तथा स्याल) र महामारीका कारण नगरपालिका उच्च जोखिममा रहेको छ ।

## १.३ योजना तर्जुमा प्रक्रिया

विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन, २०७६ ले नगरपालिकाको स्थानीय विपद् व्यवस्थापन समितिको नेतृत्वमा र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको क्षेत्रमा संलग्न निकाय तथा विषयक्षेत्रको सहभागितामा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गर्नुपर्ने व्यवस्था गरेको छ । त्यसैअनुरूप यो योजना पुस्तिका तयार पारेपछि नियमित रूपमा पुनरावलोकन तथा अद्यावधिक गर्ने गरी योजना प्रक्रियालाई नीलकण्ठ नगरपालिकाले महत्वका साथ तयार गरेको छ । यो योजना तयार गर्दा अपनाइएको प्रक्रियागत चरण र ढाँचा निम्नअनुसार छ :




*चित्र १ : विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमाको अवधारणागत ढाँचा ।*

विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा कार्य दुई चरणमा गरिएको छ । पहिलो चरणमा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको मस्यौदा तयारीका लागि आधारभूत अध्ययन र कार्यशाला गोष्ठीको आयोजना र दोस्रो चरणमा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको मस्यौदामा छलफल गरी अन्तिम रूप दिइएको छ । विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तयार भएपछि कृत्रिम घटना अभ्यासद्वारा परीक्षण र परीक्षणका आधारमा परिमार्जन गरी सम्बन्धित तहबाट स्वीकृत गरिनेछ ।

### १.३.१ नगरस्तरीय विपद् व्यवस्थापन समितिको बैठक र प्रारम्भिक छलफल

विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माण गर्दा 'विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन, २०६७, पहिलो संशोधन, २०७६' अनुसार तयार गरिएको छ । यो योजना आवधिक योजनाको एक अभिन्न अंगका रूपमा रहनेछ र विपद्पछिको एक नीतिगत दस्तावेजको रूपमा यो योजनालाई लिइनेछ । योजना तर्जुमाका क्रममा कोभिड महामारी हुँदाहुँदै पनि नगरस्तरीय सरोकारवालाहरूसँग विभिन्न चरणमा भर्चुअल माध्यम र केही मुख्य व्यक्तिहरूको सामूहिक, सक्रिय प्रत्यक्ष सहभागिता र बृहत् छलफलका साथै निम्न लिखित बैठक, गोष्ठीहरूबाट यो योजना तयार गरिएको हो । योजना तयार गर्ने क्रममा नगरपालिकास्थित सरोकारवाला निकायहरूको विपद् व्यवस्थापन र प्रतिकार्यमा सचेतना अभिवृद्धि हुने, क्षमता अभिवृद्धि हुने, विपद् जोखिम व्यवस्थापन तथा अवधारणा प्रतिकार्यको बुझाइमा अभिवृद्धि हुने र यस योजनालाई अपनत्व लिई कार्यान्वयन गर्नेतर्फ अग्रसर हुनेछ ।

### (क) सामान्य पूर्वतयारी

नीलकण्ठ नगरपालिकाले नगरस्तरीय विपद् व्यवस्थापन योजना २०७६, नीलकण्ठ नगरपालिकाको विपद् ऐन, २०७६ र स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना २०७५ तयार गरी पूर्वतयारी सम्बन्धित कामहरूको शुरुआत गरेको छ । यसैगरी विपद्का घटना अगावै गरिने मुख्य प्रकोपहरू भूकम्प, पहिरो, सडक दुर्घटना, चट्याङ लगायत १३ प्रकारका

प्रकोपका लागि गर्नुपर्ने जोखिम न्यूनीकरण, विपद् प्रतिकार्य गर्न संस्थागत तथा भौतिक संरचनाको विकास र स्तरोन्नति, मेसिन-औजार, सीप विकास, जनचेतना, कृत्रिम घटना अभ्यासजस्ता गतिविधिहरू योजनामा समावेश गरी क्षमता विकास गरिँदै आएको छ । साथै प्रतिकार्यको तयारी स्वरूप आवधिक रूपमा माथि उल्लिखित दस्तावेज अद्यावधिक गर्ने गरी विपद् व्यवस्थापन समिति गठन भएको छ । विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाले विपद्को स्थितिमा प्रतिकार्य गतिविधि समयमै कार्यान्वयन गर्न सकियोस् भनी विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गरिएको छ। साथै विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना प्रत्येक वर्ष मनसुन सुरु हुनुभन्दा अगाडि अद्यावधिक गरिनेछ ।

### (ख) पूर्वानुमान तथा पूर्वसूचनामा आधारित पूर्वतयारी

भूकम्पसँगै यो नगरपालिकामा पहिरो, बाढी, चट्याङ, सडक दुर्घटना, आगलागी, हुरीबतास, खडेरी, जंगली जनावर आतंक (बाँदर तथा स्याल), महामारी तथा जलवायु तथा जलवायुजन्य प्रकोपका कारण यहाँका समुदायले विभिन्न समस्या भोग्दै आएका छन् । नेपालमा जलवायुजन्य प्रकोपको पूर्वसूचना राम्रोसँग विकास र प्रयोग भएको पाइन्छ र यो नगरपालिकामा पनि लागू हुन्छ । पूर्वसूचनालाई राष्ट्रिय सञ्जालसँग जोडेर पूर्वानुमान तथा पूर्वसूचनामा आधारित पूर्वतयारीका चरणहरूलाई प्रभावकारी बनाउन यो नगरपालिकाले आपतकालीन कार्य सञ्चालन केन्द्र स्थापना गरेको छ ।

प्रकोपको प्रकृति, समय र सम्भावित प्रभाव क्षेत्रको पूर्वानुमानमा आधारित भरपर्दो आधिकारिक सूचनाको आधारमा नीलकण्ठ नगरपालिकाले विपद् पूर्वतयारी र प्रतिकार्यलाई पूर्वानुमान तथा पूर्वसूचनामा आधारित भई सामना गर्ने गरी तयारी गरेको छ । अग्रिम सूचनाका आधारमा पूर्वतयारीका कार्यहरू निर्धारण गरिनेछन् र सामान्य सतर्क रहनेदेखि जोखिमयुक्त ठाउँमा रहेका समुदाय र स्थानान्तरण गर्न मिल्ने धनसम्पत्ति अस्थायी रूपमा सुरक्षित ठाउँमा सार्नेसम्मका कार्यहरू गर्ने योजना छ । जसको तयारीस्वरुप नगरपालिकाले जोखिम संवेदनशील भूउपयोग योजना (RSLUP) तयार गर्दै छ ।

### (ग) आपत्कालीन प्रतिकार्य

आपत्कालीन प्रतिकार्यका काममा विपद्जन्य प्रकोप आएको अवस्थामा तत्कालीन आवश्यकताअनुसार गर्ने कार्यहरू समावेश गरिएको छ । यसमा विपद्का वेला र विपद्पश्चात् तुरुन्तै चाल्नुपर्ने राहत तथा उद्धार, उपचार एवं जोखिमयुक्त क्षेत्रका प्रभावितहरूलाई सुरक्षित स्थानमा सार्ने र राहतका गतिविधिहरूबारे छलफल गरी समावेश गरिएको छ । खोज, उद्धार र स्थानान्तरण तथा विपद्पश्चात् परिस्थिति सामान्य नहुन्जेलसम्म गर्नुपर्ने प्रतिकार्य र शीघ्र पुनर्लाभका कार्यहरू समेत यसैअन्तर्गत राखिएका छन् । माथि उल्लिखित तीनै प्रकारका कामको योजना तर्जुमा चित्र १ को ढाँचामा प्रस्तुत प्रतिकार्य योजनामा समावेश गरिएको छ । हरेक चरणका क्रियाकलापहरूको संक्षिप्त व्याख्या तल उल्लेख गरिएको छ ।

### १.३.२ आधारभूत अध्ययन

यो नगरपालिकाले विपद् व्यवस्थापन समितिको बैठक आयोजना गरी विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा आरम्भ गर्ने निर्णय गरेको छ । उक्त बैठकले विगतका विपद् घटना सम्बन्धी तथ्याङ्क जस्तैः (नीलकण्ठ नगरपालिकाले नगरस्तरीय विपद् व्यवस्थापन योजना २०७५, नीलकण्ठ नगरपालिकाको विपद् ऐन २०७६ र स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना २०७५) र अन्य प्रकाशनहरू, प्रकोप नक्सा, संकटासन्नता तथा जोखिम आँकलन, पूर्वानुमान तथा पूर्वसूचना प्रणाली तथा विपद्सम्बन्धी विद्यमान सन्दर्भ सामग्रीहरूको समीक्षा गर्न र विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गर्न आवश्यकताअनुसार प्राविधिक सहयोग गर्नका लागि अनुभवी विज्ञसमेत भएको कार्यसमूह (Working group) को गठन गरी कार्य आरम्भ गरेको थियो । उक्त बैठकको कार्यसूची अनुसूची १ मा दिइएको छ । उक्त बैठकले कार्य समूहलाई काम, कर्तव्य र जिम्मेवारी सहितको कार्यसूची दिएको थियो । कार्यसूची अनुसार कार्यसमूहले आधारभूत अध्ययन लगायतका कामहरू गरी यो योजनामा समावेश गरेको छ । यसका लागि देहाय बमोजिमका अभिलेखहरूको पुनरावलोकन गरिएको छ :

१. नीलकण्ठ नगरपालिकाले तयार गरी कार्यान्वयनमा ल्याएको नीलकण्ठ नगरपालिकाको विपद् ऐन २०७५, नीलकण्ठ नगरपालिका नगरस्तरीय विपद् व्यवस्थापन योजना २०७५ र स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना ।
२. नगरस्तरीय विपद् व्यवस्थापन योजना २०७५ र स्थानीय विपद् तथा जलवायु उत्थानशील योजनामा उल्लेख भएका विषय र क्षेत्रगत आकस्मिक योजना ।
३. विपद्सँग सम्बन्धित प्रतिवेदनहरू ।
४. सम्बन्धित तहको विपद्को इतिहास (भूकम्प, बाढी, पहिरो, आगलागी, महामारी, सडक दुर्घटना आदि)
५. विपद् व्यवस्थापनको विगतको अभ्यास, अनुभव तथा सिकाइ ।
६. सम्बन्धित तहको प्रकोप, संकटासन्नता तथा जोखिमको लेखाजोखा, प्रोफाइल ।
७. सम्बन्धित तहको मौसम पूर्वानूमान र पूर्वसूचना प्रणाली, महामारी निगरानी प्रणाली, सडक सुरक्षा कार्ययोजना ।
८. जनसंख्या विवरण, सडक सञ्जाल, नदी, बसोवास क्षेत्र तथा नगरपालिकाको सिमाना आदि देखिने सम्बन्धित तहको नक्सा ।
९. सम्बन्धित तहका आवधिक विकास योजनाहरू, विषय र क्षेत्रगत योजना तथा प्रतिवेदनहरू ।
१०. विपद् पोर्टल ( https://bipadportal.gov.np) ।

आधारभूत अध्ययन (Baseline study) गर्दा अन्य अध्ययनका अतिरिक्त सम्बन्धित तहको विपद् व्यवस्थापनसम्बन्धी मौजुदा योजना, विगतका (कम्तीमा पाँचवर्ष) विपद्का घटनासम्बन्धी तथ्याङ्क र प्रकाशनहरू, प्रकोप नक्सा, संकटासन्नता तथा जोखिम आँकलन, पूर्वानूमान तथा पूर्वसूचना प्रणाली लगायत अन्य सान्दर्भिक सामग्रीहरूको पुनरावलोकन र समीक्षा समेत समावेश गरिएको छ । यसका साथै नगर र १४ वटै वडा तहको विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि उक्त तहमा कार्यरत सरोकारवाला तथा साझेदार संस्थाहरूको पहिचान गरी अनुसूची १० मा राखिएको छ ।

### १.३.३ विषयक्षेत्र (क्लस्टर) को बैठक

प्रभावकारी विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि नेपाल सरकारको विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना २०७५, ले विषयगत अवधारणा (Cluster approach) लाई अवलम्बन गरे अनुसार र राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँचा, २०७६, ले संघीय तहमा निम्न बमोजिमका ११ वटा र स्थानीय तहमा ८ वटा विषयगत क्षेत्रहरू (Cluster) को पहिचान गरे पनि नीलकण्ठ नगरपालिकाको उपलब्ध स्रोत, साधन र अवस्थालाई मद्देनजर गरी ९ वटा विषयगत क्षेत्रहरू पहिचान गरिएको छ ।

१) समग्र व्यवस्थापन क्षेत्र ।
२) सूचना, खोज तथा उद्धार क्षेत्र ।
३) खाद्य तथा कृषि क्षेत्र ।
४) स्वास्थ्य तथा पोषण क्षेत्र ।
५) खानेपानी, सरसफाइ र स्वच्छता प्रवर्द्धन क्षेत्र ।
६) आपत्कालीन आश्रय तथा गैरखाद्य सामग्री क्षेत्र ।
७) संरक्षण तथा सुरक्षा क्षेत्र ।
८) आपत्कालीन शिक्षा क्षेत्र ।
९) शीघ्र पुनर्लाभ क्षेत्र ।

नगरपालिकामा रहेका विषयगत क्षेत्रहरूको नेतृत्व सम्बन्धित सरकारी शाखा वा कार्यालयहरूले गर्नेछन् र विपद् व्यवस्थापन समितिले सरकारी र गैरसरकारी क्षेत्रबीच प्रभावकारी समन्वय गर्न सम्भव भएसम्म सम्बन्धित तहमा अगुवा सहयोगी संस्था (Lead support agency) को छनोट गरी सहनेतृत्व र सदस्य सहितको माथि उल्लिखित ९ वटा विषयगत क्षेत्र गठन गरेको छ । विषयगत क्षेत्रका सदस्यहरूलाई योजना तर्जुमाको सुरुकै चरणबाट संलग्न गराई सोको सूची

अनुसूची ९ र १० मा दिइएको छ। प्रत्येक विषयगत क्षेत्र (Clusters) को समूह बनाई छुट्टाछुट्टै बैठक गरी विषय क्षेत्रगत योजना मस्यौदा तयार गरी विषयगत क्षेत्रको प्रथम बैठकको कार्यसूची, अनुसूची ४ मा समावेश गरिएको छ।

मस्यौदालाई समितिको बैठकमा छलफल र आवश्यक परिमार्जन गरी सरोकारवालाहरूको कार्यशालामा प्रस्तुत गरिएको मस्यौदा सबै विषयक्षेत्रका योजना एकत्रित गरी कार्यदलले तयार गरेको छ, र उक्त योजना परिच्छेद ३. मा समावेश गरिएको छ। यसैगरी पहिलो कार्यशालाको आयोजना गर्नुअगाडि नगर विपद् व्यवस्थापन समितिको बैठक बसी विभिन्न विषयक्षेत्रका योजनामा पर्याप्त छलफल गरिएको छ। यस बैठकमा नगरपालिकाको विषयगत शाखाहरूका विषयगत क्षेत्रका जिम्मेवार नेतृत्वकर्ता (Cluster leads), संघसंस्थाहरूलाई विपद् व्यवस्थापन समितिले आमन्त्रण गरी छलफलबाट आएका योजनालाई एकत्रित गरी यस योजनामा समावेश गरिएको छ।

### १.३.४ कार्यशाला गोष्ठी

नगरपालिकाको विपद् व्यवस्थापन समितिका सदस्य, विषयगत क्षेत्रका सदस्य र सदस्य संघसंस्थाका साथै पत्रकार, राजनीतिक दल, निजी क्षेत्रका संघसंस्था, संकटासन्न समुदाय लगायतका सरोकारवालाको सहभागितामा २०७८ साल मंसिर २९ मा विपद् व्यवस्थापन समितिले कार्यशाला गोष्ठी आयोजना गरेको थियो। गोष्ठीमा विषयगत क्षेत्रले प्रस्तुत गरेको मस्यौदामाथि विपद् व्यवस्थापन समितिको बैठक बसी छलफल र आवश्यक परिमार्जन गरिएको थियो। विपद् व्यवस्थापन समितिद्वारा गठित कार्यसमूह (Working group) ले कार्यशाला गोष्ठीको सञ्चालन विधि, समय, स्थान, कार्यसूचीको छनोट तथा स्रोत, साधन जस्ता विषयमा समितिलाई सहयोग र परामर्श प्रदान गरेका थियो। समितिले कार्यदललाई कार्यशालाको सहजीकरण गर्न जिम्मेवारी दिएको थियो। गोष्ठीको सम्भावित कार्यसूची, अनुसूची ७ मा संलग्न गरिएको छ। छलफल र समूहगत कार्यको निचोड संक्षेपमा तल उल्लेख गरिएको छ :

**(क) सन्दर्भ सामग्रीहरूको पुनरावलोकनबाट प्राप्त निचोड**

नगरस्तरीय विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०७८ तयार गर्दा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन २०६७, पहिलो संशोधन २०७६ लाई निर्माण निर्देशिकाको रूपमा लिई विपद् व्यवस्थापन र भित्र गरिने विभिन्न चरणका कार्यहरूमध्ये विपद् प्रतिकार्यलाई व्यवस्थित गर्नका लागि स्थानीय स्तरमा तर्जुमा गरिने योजनाको एउटा प्रमुख भागका रूपमा निरन्तर यो योजनाको कार्यान्वयन हुन्छ। विपद्का घटना मानव समुदायका लागि संवेदनशील भएकाले यस्तो अवस्था नआओस् भन्नाका निम्ति हरेक विकासका कार्यलाई विपद् प्रतिकार्य र व्यवस्थापन कार्यसँग समायोजन गरी मानवीय र धनसम्पत्तिको क्षति कम हुने क्रियाकलापमा समुदायको सक्रिय सहभागिता समेतको अपेक्षा गरिएको हुँदा यसले महत्वपूर्ण स्थान ओगटेको छ। त्यसैले यो योजनाको आवश्यकता र महत्वलाई अग्रस्थानमा राख्न सकिन्छ। विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माण गर्दा नीलकण्ठ नगरपालिकाले नगरस्तरीय विपद् व्यवस्थापन योजना २०७५, विपद् ऐन, २०७६ र स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना, २०७५ का साथै निम्न लिखित सामग्रीको पुनरावलोकन गरी निचोडका साथ प्रस्तुत गरिएको छ :

- नगरपालिकामा स्थापना हुन लागेको आपत्कालीन कार्य सञ्चालन केन्द्रमार्फत नगरस्तरीय विपद् जोखिम र आपत्कालीन सूचनाको पहुँच रहने देखिन्छ।
- वडाहरू, नगरपालिकामा रहेका शाखा र कार्यालयहरू, संघसंस्थाहरू र समुदायका सदस्यहरूको सहभागितामा बहुप्रकोप र जोखिम तथा क्षमता विश्लेषण भएको।
- नगरपालिकामा विषयगत समूहहरूको निर्माण भएको।
- नगरपालिका स्तरमा विपद् जोखिम न्यूनीकरण योजना तर्जुमा भएको।
- नगरपालिका स्तरमा विपद् जोखिम न्यूनीकरण कोष स्थापना भएको।
- नगरपालिका स्तरमा विपद् जोखिम न्यूनीकरणका उपायहरू अवलम्बन गर्ने गरी विपद् व्यवस्थापन योजना २०७५, विपद् ऐन, २०७६ र स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना २०७५ निर्माण गरी प्रयोगमा ल्याएको।

- समुदायमा आधारित पूर्वचेतावनी प्रणालीहरूको सम्बन्ध स्थापना हुने गरी आपत्कालीन कार्य सञ्चालन केन्द्रमार्फत समुदाय सुरक्षित स्तरसम्म पुऱ्याउने योजनामा रहेको ।
- निर्माण गरिएका योजनाले विपद् पूर्व, विपद्का समय र विपद्पश्चात मानिसमाथि पर्ने प्रतिकूल प्रभावको सामना गर्न मद्दत पुऱ्याउने ।
- आपत्कालीन समयमा सूचना र जानकारीलाई प्रवाह र व्यवस्थित गर्न सहयोग ।
- आपत्कालीन खानेपानी, सरसफाइ र स्वास्थ्य प्रवर्द्धन व्यवस्थित ।
- क्षेत्रगत रूपमा कामको बाँडफाँड, मानवीय सहयोग, पारदर्शी, प्रभावकारी र व्यवस्थितका साथै जवाफदेही र उत्तरदायित्वको भावना विकास ।
- स्थानीय स्रोत, साधन तथा क्षमताको अधिकतम उपयोग गर्दै विभिन्न क्षेत्रसँग समन्वय गरी विपद् पूर्वतयारी, पूर्वसचेतना प्रणाली, न्यूनीकरण, रोकथाम कार्य गर्नु र प्रभावित समुदायलाई व्यवस्थित, प्रभावकारी, जवाफदेही मानवीय सहयोग उपलब्ध गराउन स्थानीय तहलाई जिम्मेवार हुनेतिर अग्रसर भएको ।
- विपद्को समयमा मानवीय सहयोगलाई व्यवस्थित गर्ने सुनिश्चिततातर्फ उन्मुख भएको ।
- प्रभावित समुदायको अभिलेखीकरण ।
- उद्धार तथा राहतजस्ता कार्यमा प्रभावित समुदायको समान पहुँचको प्रत्याभूति ।

*सन्दर्भ: सामग्रीको पुनरावलोकनको सूची तयार गरी अनुसूची १३ मा राखिएको छ ।*

**(ख) शाखागत स्रोत, साधन तथा क्षमता**

नीलकण्ठ नगरपालिकाको विपद् पूर्वतयारी तथा प्रतिकार्य क्षमताका बारेमा विश्लेषण गर्दा विषयगत क्षेत्रका अगुवा र अन्य सम्बन्धित निकायसँग छलफल गरी निर्क्योल गरी स्रोत, साधन तथा क्षमता पहिचान गरिएको छ । यसको संश्लेषण कार्यशालामा प्रस्तुत गरी हरेक निकायले पूर्वतयारी र प्रतिकार्य गर्नका लागि अपनाउनुपर्ने आफूसँग भएका जनशक्ति तथा संस्थाहरूको विवरण अनुसूची ११ मा राखिएको छ । यसका साथै नगरपालिका, वडा कार्यालयहरू, नगरपालिकामा रहेका जिल्ला समन्वय समिति, स्वास्थ्य संस्था, रेडक्रस, प्रहरीचौकी, विद्यालयहरू, बैंक तथा ऋण सहकारी संस्थाहरू, सरकारी तथा गैरसरकारी निकायहरू, संघसंस्था आदिलाई स्रोत, साधन तथा क्षमताको रूपमा लिइएको छ ।

नगरपालिका र सुरक्षा निकाय मातहतमा रहेका तालिम। प्राप्त खोज तथा उद्धार टोली र यस नगरक्षेत्रमा कार्यरत विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्थाहरुले विपद् जोखिम न्यूनीकरण गर्ने र समुदायको क्षमता बढाउने काम गरिरहेका छन् । यस नगरपालिकामा रहेका विभिन्न सुरक्षानिकाय, राजनीतिक दल तथा समूह, आमा समूह, महिला समूह, विभिन्न बचत समूह तथा कृषि समूहहरू, नगरपालिका भित्रका युवा तथा बाल क्लबहरूलाई यस नगरपालिकाको क्षमता मान्न सकिन्छ ।

यसैगरी यस नगरपालिकामा रहेका शिक्षक तथा स्वास्थ्य क्षेत्रमा कार्यरत समुदाय पनि छन्, जसको ज्ञान तथा सीप विपद् व्यवस्थापनमा प्रयोग हुनसक्ने भएकाले यसलाई पनि मानवीय स्रोत र क्षमताका रूपमा लिइएको छ । यसका साथै नगरपालिकाभित्रका खुला क्षेत्र, पानीका स्रोत तथा मुहान पनि रहेका छन् । यस नगरपालिकामा रहेका सिकर्मी तथा डकर्मी, दक्ष जनशक्ति, तालिमप्राप्त पौडीबाज, तालिमप्राप्त स्वयंसेवक, ग्रामीण महिला स्वास्थ्य कार्यकर्ता, तालिमप्राप्त कृषि प्राविधिक, शिक्षक, कर्मचारी, स्वयंसेवक लगायत विपद्का बेला परिचालन गर्न सकिने सबैलाई स्रोत, साधन तथा क्षमताका रूपमा लिइएको छ ।

**(ग) मुख्य विपद् र सम्भावित प्रभाव क्षेत्र ।**

विगत वर्षहरूलाई हेर्दा विक्रम संवत् २०७२ सालको भूकम्पले यो नगरपालिकामा ठूलो मात्रामा जनधन क्षति गरेको देखिन्छ । त्यसैगरी पहिरो, सडक दुर्घटना, चट्याङ, आगलागी, बाढी, खहरे, असिना आदिले पनि क्षति गर्ने गरेको छ । यसका साथै जनावर आतंक (बाँदर तथा स्याल) ले पनि यो नगरपालिकामा असर गर्ने गरेको छ। नीलकण्ठ नगरपालिकाको स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना २०७५ लाई हेर्ने हो भने बारम्बार हुने क्षतिमा पहिरो, चट्याङ, बाढी, आगलागी तथा हुरीबतासका कारण धेरै क्षति भएको देखिन्छ र भविष्यमा पनि यिनै प्रकोपका कारण जनधनको क्षति हुने सम्भावना देखिन्छ । साथै हाल विकराल रूप लिइरहेको कोभिड-१९ र उस्तै प्रकृतिका महामारी लगायत सुक्खा खडेरी, न्यून वा अत्यधिक वर्षा, असिना, किटपतंग र जलवायुजन्य प्रकोपका कारण हुने विपद् र त्यसले निम्त्याउने क्षतिको सम्भावना देखिन्छ ।

**पहिरोको जोखिम :**
यस नीलकण्ठ नगरपालिकामा वडागत प्रभाव हेर्दा, वडा नं.१ को पात्लेका १ सय घर भूकम्पीय जोखिममा रहेको देखिन्छ । वडा नं. १ कै डाँडा बसाह, गैरी बसाहमा पहिरोको जोखिम छ । यसैगरी वडा नं. २ को भुलभुले, सिउँडीबजार, भण्डारीगाउँ, ढोडेनीमा पहिरोको उच्च जोखिम, सोह्रघरमा पहिरोको मध्यम जोखिम रहेको छ । वडा नं. ३ को कमेरे पहिरो, वडा नं. ४ को पौवा पहिरो (भतुवा पानी सिरानधारा नजिक) को जोखिम बढी छ । यस नगरपालिकाको वडा नं. ५ को पहरेछापमा पहिरो, वडा नं. ६ को काफलछाप, जल्केनी, भुवानी खर्क, भार्ले परियार टोल र कोशीखोला पहिरो, वडा नं. ७ को ढुंगाखानीमा हाँडीखोला पहिरो र वडा नं. ८ को पड्के भिर, बाह्रमुरे र धारखोलामा पहिरोका कारण जोखिमा छ र सम्भावित प्रभाव पर्ने र क्षति निम्तिने देखिन्छ ।

**सडक दुर्घटनाको जोखिम :**
यस नगरपालिकाभित्र सडक दुर्घटनाको जोखिम वडा नं.२ को ओलीडाँडा, वडा नं.३ को पुच्छारबजार एरियादेखि शिरान बजार, वडा नं.५ को पतेनी, पात्ले, पहरेछापमा सडक, वडा नं.६ को भोर्ले जल्केनीको वागेश्वरी सडक, पौवाडाँडा घुम्ती, देउराली छाप देखि भुवानी खर्क सम्मको सडक भोंले थुम्की चौतारा, एक्लेवर घुम्ती, नयाँ चौतारा देखि मैदान सम्मको भाग, वडा नं.९ को चिप्लेटी, ज्यामिरे, मुभटोल, वडा नं.१० को भकारे, कमेरे, हनुमानडाँडाको सडक, वडा नं.१३ को आहालडाँडा, पाँचघरे स्याउली, मनरुपी मा.वि., मधुवन, बेलगैरा, मधुवन, रानीवन लगायत वडाका धेरै स्थानमा सडक दुर्घटनाको अत्यधिक जोखिम रहेको छ ।

**चट्याङको जोखिम :**
यस नगरपालिकामा चट्याङको जोखिम पनि पहिचान भएको छ, जसमा वडा नं. २ को चिसापानी र जुरेथुममा, वडा नं. ३ को बोठी, वडा नं. ४ को माथिल्लोगाउँ, पौवा, रिजालथोक, अल्छीडाँडा, जयन्तीडाँडा, वडा नं. ५ को फ्याक्से, वडा नं. ६ को कुसुन्डे, लाकुरीछाप, नं. ९ को बाँभ्रोपाल्पा, कोटथोक, हटिया, काफलपानी, पाल्पा मुखियाथोक, वडा नं. १० को भारमाले/हनुमानडाँडा, वडा नं. ११ को बेंसीगाउँ, सल्ले, गतेरी सिम्ले, नेवारगाउँ, मसारगाउँ र वडा नं. १३ को जुम्रे विपीगाउँ, खुर्पाखोला, कुवापानी, बानियाँस्वाँरा छन् । वडा नं. ३ र ५ मा चट्याङ जोखिम न्यूनीकरणको काम भएको छ ।

**बाढीको जोखिम :** वडा नं. ३ को पुच्छार बजार, थोपल खोला क्षेत्र र बसपार्क क्षेत्र, वडा नं. २ को सिमानादेखि आसिखोलासम्म, वडा नं. ५ को कोशी खोला पहिरो तथा बाढीको जोखिम, वडा नं. ६ को कोशीखोलाको दायावाँया भाग र जल्केनी गाउँ, वडा नं. ७ को थोपल खोला, वडा नं. ८ को चिहाने, जलविरे, बिर्त्ता, कोइरालाफाँट, वडा नं. ९ को सालबोटे, स्याउली, कमेटे, सैराबारी, वडा नं. १० को टारीबेंसी, अँधेरी रातमाटे, ठूलोबेंसी, सिम्लेबगर, पिप्लेबेंसी, भँगेरीखेत, जनभावना आधारभूत विद्यालय वरिपरि, रविटारी, सोतीफाँट, देउतीफाँट तथा वडा नं. १३ को आओटी खोला तथा खुर्पाखोला, मधुवन, मदनखर्क र वडा नं. १४ को पलाङखोला छोएको खेत तथा खेतीयोग्य जमिन र खोलाखोल्सीमा बाढीको जोखिम रहेको छ ।

**आगलागीको जोखिम :** यो नगरपालिकाका सबै वडाहरू र विशेषगरी घना बस्ती रहेका बजारक्षेत्र ।

*(स्रोत : स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना २०७५, नीलकण्ठ नगरपालिका)*

**(घ) प्रकोपको घटनाले प्रभावित हुनसक्ने सम्भावित जनसंख्या र घरधुरी**

नीलकण्ठ नगरपालिकाको प्रोफाइल २०७२।०७३ अनुसार जम्मा घरधुरी संख्या १५,२३९ छ भने जम्मा जनसंख्या ७१,१३१ रहेको छ । अपाङ्गता भएका व्यक्तिको संख्या जम्मा १,४०१ रहेको छ । अति संकटासन्न समूह र सामान्य प्रभावित हुनसक्ने समूह गरी १,४२२ (२ प्रतिशत) जनसंख्यालाई नै प्रभावित हुनसक्ने भनी अनुमान लिइएको छ र सोहीअनुसार नगरपालिकाले प्रभावितका लागि पूर्वतयारी गर्छ भने योभन्दा बढी क्षति भएमा बाह्य सहयोगको आवश्यकता पर्दछ । साथै आवश्यकता अनुसार यो योजनालाई पुनरावलोकन गरी प्रभावित हुनसक्ने संख्या वृद्धि गरी सोही अनुसार पूर्वतयारी गर्न सकिनेछ ।

प्रभावित हुनसक्ने सम्भावित जनसंख्या यस प्रकार रहेको छ :
कुल जनसंख्या : ७१,१३१ (३७,६९९ महिला र ३३,४३२ पुरुष)
कुल घरधुरी : १५,२३९
प्रभावित हुनसक्ने घरधुरी संख्या : ३०४
प्रभावित हुनसक्ने जनसंख्या : १,४२२ (२ प्रतिशत)
प्रभावित हुन सक्ने बालबालिका ५ वर्षमुनिका : (७ प्रतिशत : ४,९७९ को २ प्रतिशत) ९९ जना
प्रभावित हुन सक्ने बालबालिका ६ देखि १२ वर्षसम्म : (७ प्रतिशत : ४,९७९ को २ प्रतिशत) ९९ जना
प्रभावित हुन सक्ने गर्भवती महिला : (४ प्रतिशत : १,५०८ को २ प्रतिशत) जम्मा ३१ जना
प्रभावित हुन सक्ने सुत्केरी महिला : (४ प्रतिशत : १,५०८ को २ प्रतिशत) जम्मा ३१ जना
प्रभावित हुन सक्ने ज्येष्ठ नागरिक : (१.८२ प्रतिशत : १,२९५ को २ प्रतिशत) जम्मा २६ जना
प्रभावित हुन सक्ने अपाङ्गता भएका व्यक्तिहरू : (१.९७ प्रतिशत : १,४२२ को २ प्रतिशत) जम्मा २८ जना
प्रभावित हुन सक्ने दलित समुदायको जनसंख्या : (११.७६ प्रतिशत : ८,३६६ को २ प्रतिशत) जम्मा १६७ जना
प्रभावित हुन सक्ने जनजाति समुदायको जनसंख्या : (१५.२८ प्रतिशत : १०,८७० को २ प्रतिशत) जम्मा २१७ जना

कुल प्रभावित हुनसक्ने अति संकटासन्न समूह र सामान्य प्रभावित हुनसक्ने समूह गरी १,४२२ जना वा ३०४ घरधुरी ।

सम्भावित परिदृश्यलाई भूकम्प, पहिरो, सडक दुर्घटना, चट्याङ लगायतका १३ प्रकारका प्रकोपबाट विपद्को अवस्था आइपरे ३०४ घरधुरी प्रभावित भई १,४२२ जना प्रभावित हुनसक्ने र ती प्रभावित समुदाय शिविरमा बसेको अवस्था हुने अनुमान गरिएको छ । शिविरमा जम्मा जनसंख्यामध्ये ५ वर्षमुनिका बालबालिका ९९ जना, ६ देखि १२ वर्षमुनिका ९९ जना गरी जम्मा १९८ जना बालबालिका र २८ अपांगता भएका व्यक्तिहरू समेत गरी १,४२२ जना प्रभावित हुनसक्ने परिदृश्य अनुमान गरिएको छ । त्यसैगरी गर्भवती र सुत्केरी गरी ६२ जना महिलाहरू प्रभावित हुनसक्ने परिदृश्य अनुमान गरिएको छ । त्यस्तै ज्येष्ठ नागरिक २६ जना प्रभावित भई शिविरमा बसेका हुनेछन् भन्ने अनुमान गरिएको छ । त्यसैगरी प्रभावित हुनसक्ने दलित समुदायका १६७ जना र जनजाति समुदायका २१७ जना हुन सक्नेछन् ।

यी प्रभावित व्यक्तिहरूलाई खाना, बस्न, औषधि, पानी, सरसफाइ आदिको समस्या हुने र बाह्य सहयोग आवश्यक पर्ने अनुमान गरिएको छ । यही अनुमानका आधारमा नगरपालिकाले प्रतिकार्य र पूर्वतयारीका योजनाहरू निर्माण गरी कार्य गर्नेछ भन्ने तय गरिएको छ ।

**(ङ) प्रकोपबाट नगरवासीको जीउधन, पूर्वाधार तथा सार्वजनिक सेवा प्रवाहमा पर्नसक्ने असर र प्रभाव ।**

नीलकण्ठ नगरपालिकाको प्रकोपको अवस्था विश्लेषण गर्दा भूकम्प, पहिरो, सडक दुर्घटना, चट्याङ, बाढी/खहरे, आगलागी, हुरीबतास, खडेरी, जंगली जनावर आतंक (बाँदर तथा स्याल) र महामारीले जीउधन, पूर्वाधार तथा सार्वजनिक सेवा प्रवाहमा असर र प्रभाव पर्नसक्ने देखिन्छ । यसका साथै नगरपालिकामा अन्य गैरप्राकृतिक विपद्का रूपमा सडक

दुर्घटना तथा विद्युतीय दुर्घटनाले पनि प्रभाव पर्नसक्ने देखिन्छ । त्यसैगरी नगरपालिकामा सुक्खा खडेरीको क्रम बढ्दै गएको, पानीका मुहानहरू सुक्दै जाने गरेको, अल्पवृष्टि हुने गरेको तथा अतिवृष्टि हुने गरेको, बेमौसमी वर्षा, असिना पर्ने, फलफूल तथा तरकारीमा कीरा बढी लाग्ने गरेको जस्ता असर पनि देखिन्छ ।

### १.३.५ योजनाको मस्यौदा तयारी

उपलब्ध नीति, कानून तथा दस्तावेजको अध्ययन तथा विश्लेषण, विषयक्षेत्रहरूको छलफल र द्वितीय स्रोतबाट सङ्कलन गरिएका सूचना र कार्यशाला गोष्ठीबाट प्राप्त निष्कर्ष र सुझाव समावेश गरी नगरपालिकाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको प्रस्तुत मस्यौदा तयार गरिएको छ ।

### १.३.६ योजनामा प्रस्तावित क्रियाकलाप्को परीक्षण

विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको मस्यौदामा प्रस्ताव गरिएका मुख्य क्रियाकलाप् उपयुक्त भए/नभएको र त्यस्तो क्रियाकलाप् कार्यान्वयन गर्ने क्षमता नगरपा्लिका तहमा उपलब्ध भए/नभएको सुनिश्चित गर्न सरोकारवालाहरूको सहभागितामा कृत्रिम घटना अभ्यास (Simulation exercise) मार्फत प्रीक्षण समेत गरिएको थियो । यस्तो परीक्षणबाट प्राप्त भएका पृष्ठपो्षणलाई यस योजना तर्जुमाको क्रममा ख्याल राखिएको छ ।

### १.३.७ पृष्ठपो्षण सङ्कलन र अन्तिम मस्यौदा तयारी

कार्यशाला तथा कृत्रिम घटना अभ्यास समेतबाट पृष्ठपोषणका आधारमा तयार भएको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको मस्यौदामा सरोकारवाला, संघसंस्था र विज्ञहरूको सुझाव लिइएको थियो । यसरी प्राप्त सुझावलाई स्थानीय विप्द् व्यवस्थाप्न समितिले पुनरावलोकन गरी विप्द् पूर्वतयारी तथा प्रतिकार्य योजनालाई अन्तिम रूप् दिइएको छ ।

# परिच्छेद २
# विपद् जोखिम र व्यवस्थापनको अवस्था

## २.१ नीलकण्ठ नगरपालिकाको संक्षिप्त परिचय

नीलकण्ठ नगरपालिका बागमती प्रदेशअन्तर्गत धादिङ जिल्लामा पर्दछ । यो नगरपालिकाको पूर्वमा नुवाकोट जिल्ला, पश्चिममा ज्वालामुखी र सिद्धलेक गाउँपालिका उत्तरमा नेत्रवती तथा त्रिपुरासुन्दरी गाउँपालिका, दक्षिणमा सिद्धलेख तथा गल्छी गाउँपालिका र पूर्वतर्फ नुवाकोट जिल्ला अवस्थित छन् । संघीय राजधानी काठमाडौंबाट करिब ९० किलोमिटर, बागमती प्रदेशको राजधानी हेटौंडाबाट १८१ किलोमिटर टाढा रहेको यो नगरपालिकामा जिल्ला सदरमुकाम अवस्थित छ । कुल १९९.८५ वर्ग किलोमिटर क्षेत्रफल रहेको यो नगरपालिकामा १४ वटा वडा रहेका छन् । यस नगरपालिकाको प्रशासनिक केन्द्र वडा नम्बर ३ को धादिङबेंसी, बिचबजारमा रहेको छ । सन् २०१५ को केन्द्रीय तथ्याङ्क विभागको जनगणनाअनुसार यहाँको घरधुरी संख्या १४,५३० र कुल जनसंख्या ७१,१३१ (महिला ३५,१९२ र पुरुष ३५,९३९) छ ।

नगरपालिकाको केही भाग समथर र धेरै भाग भिरालो रहेको छ । यो नगरपालिकाको हावापानी उष्ण, समशीतोष्ण रहेको छ । यहाँको ऐतिहासिक, भौगोलिक, जैविक तथा प्राकृतिक सुन्दरतासँगै नीलकण्ठ नगरपालिका विपद्का दृष्टिले उच्च जोखिममा रहेको छ । *(स्रोत : विपद् जोखिम व्यवस्थापन योजना नीलकण्ठ नपा २०७५)* यहाँको तापक्रम न्यूनतम तापक्रम १० डिग्री सेल्सियसदेखि अधिकतम तापक्रम ३८ डिग्री सेल्सियससम्म पुग्ने गरेको छ । यसैगरी यहाँ औसत वार्षिक वर्षा २१२.१२ मिलिमिटर हुन्छ र जुलाई महिनामा अधिकतम वर्षा ४७८ मिलिमिटरसम्म रेकर्ड गरिएको छ ।

## २.२ नीलकण्ठ नगरपालिकामा विद्यमान प्रमुख प्रकोपहरू

यो नगरपालिकाका विद्यमान प्रमुख प्रकोपहरूमा चट्याङ, हावाहुरी, आगलागी, सडक दुर्घटना पहिरो, बाढी, खहरे, भिरबाट लड्ने, विद्युतीय दुर्घटना आदि पर्छन् । नगरपालिकाको विपद् जोखिम प्रोफाइलअनुसार पानीजन्य प्रकोप जस्तैः पहिरो र बाढीबाट यस क्षेत्रमा जनधनको सबैभन्दा बढी क्षति हुने गरेको छ । २०७२ सालको भूकम्पले यो नगरपालिकामा धेरै जनधनको क्षति गर्‍यो । भूकम्पसँगै यो नगरपालिकामा चट्याङ, हावाहुरी, आगलागी, सडक दुर्घटना, पहिरो, बाढी, खहरे, भिरबाट लड्ने, विद्युतीय दुर्घटनाजस्ता प्रकोपको समस्या यहाँका समुदायले भोग्दै आएका छन् ।

## २.३ विगतका विपद्का अवस्था विश्लेषण

विपद्का घटनाबारे विगतको अवस्था विश्लेषण गर्दा सबैभन्दा बढी क्षति २०७२ को भूकम्पले गरेको छ, जसको पुनरावृत्ति पनि उच्च रहेको छ । मूलतः बाढी र पहिरोले घरजग्गा बगाउने, पुर्ने वा डुबानमा पर्ने, खेतीयोग्य जमिन तथा सामुदायिक वनको जमिनमा भूक्षय हुने गरेको र यसबाट अस्थायी वा स्थायी रूपमा वर्षेनि २ सयभन्दा बढी जनसंख्या विस्थापित हुने गरेको छ । यस नगरपालिका क्षेत्रमा गतवर्ष मनसुन र मनसुनपछि कम्तीमा दुईपटक भन्दा बढी बाढी, पहिरो र धेरै आगलागीका साथै सडक दुर्घटना गरी प्राकृतिक, गैरप्राकृतिक तथा जलवायु र गैरजलवायुजन्य साना र ठूला प्रकोप तथा विपद्का घटना घटेका छन् । यस नगरपालिकामा आवृत्ति र गम्भीरताको आधारमा अन्य प्रकोप तथा घटेका विपद्का घटनाहरूको तुलनामा भूकम्पपछि पहिरोको असर तथा प्रभाव बढी देखिएको छ, जसको कारणले जनधन, व्यक्तिगत सम्पत्ति र अन्नपातसमेत क्षति हुने गरेको छ । यस्ता प्रकोप तथा विपद्बाट विपन्न वर्ग, समुदायको आर्थिक अवस्था थप कमजोर बन्ने गरेको छ । यसरी विपद्को चपेटामा पर्ने घरपरिवार तथा समुदायलाई उत्थानशील र अनुकूलित बनाउन आवश्यक छ ।

### २.३.१ विपद्को ऐतिहासिक समयरेखा

यो नगरपालिकामा विगत ३० वर्षयता विभिन्न समयमा भएका प्राकृतिक, गैरप्राकृतिक जलवायुजन्य विपद्का घटनाको ऐतिहासिक समयरेखा, सोको प्रभाव र प्रभावित क्षेत्र, पूर्वतयारी र प्रतिकार्यमा गरिएका प्रयास तलको तालिकामा प्रस्तुत गरिएको छ :

| विपद् | घटनाको वर्ष | विषय क्षेत्रमा परेको प्रभाव | प्रभावित स्थान क्षेत्र | विपद् व्यवस्थापनका लागि गरिएका प्रमुख प्रयासहरू |
|---|---|---|---|---|
| भूकम्प | २०७२ | आर्थिक, भौतिक र मानवीय क्षेत्र, शैक्षिक क्षेत्र | नगरपालिकाभर | मनोपरामर्श कार्यक्रम, अस्थायी टहरा निर्माण, वैकल्पिक शिक्षाको व्यवस्था |
| पहिरो | वर्षौदेखि निरन्तर, २०११, २०२८, २०४३, २०७८ | प्राकृतिक क्षेत्र भौतिक, आर्थिक | डाँडाबसाह तथा गैविसाँध, जुरेथुम सिम्ले, जल्केनी, भोर्ले धुवाँकोट १४, इजारा ३, ज्यामरुङ ११, हाटबजार ३ | साझेदारीमा रकम विनियोजन टेन्ट, त्रिपाल वितरण तारजाली वितरण |
| आगलागी | २०७४।१२।२१ र २२, २०६७, २०७८ | भौतिक, आर्थिक | धुसेनी जामुने, नीलकण्ठ ६, ९, ११ | मृतकका घरपरिवारलाई आर्थिक सहयोग, राहत र अन्य प्रभावितलाई उद्धार गरिएको |
| चट्याङ | २०६४ चैत्र, २०५८, २०६०, २०७२, २०७४ जेठ | भौतिक, आर्थिक, मानवीय क्षेत्र | उन्यूखर्क, राम्चे, अल्छी डाँडा, लहरेपाखा सल्लाघारी सामुदायिक वन, थाम्से | वडा नं. ३ को नीलकण्ठ मा.वि. र वडा नं. ५ को पञ्चकन्या मा.वि., खाल्टे स्वास्थ्य संस्था र वडा कार्यालयमा चट्याङ प्रतिरोधी प्रविधिको जडान |
| हावाहुरी | वर्षेनि | भौतिक, आर्थिक | नगरपालिकाभर | विद्यालय, घर, गोठका जस्तापाता उडाएका परिवारलाई आर्थिक र त्रिपाल वितरण |
| भूकम्प | २०७२ वैशाख १२ | आर्थिक,सामाजिक, मानसिक, मानवीय, भौतिक क्षति | नगरपालिकाभर | राहत र पुनर्निर्माणका लागि आर्थिक तथा प्राविधिक सहयोग, पुनर्लाभ सम्बन्धी सहयोग |
| विद्युतीय दुर्घटना | २०७१ | मानवीय क्षति | सोह्रघर भुलभुले, वडाको खाल्टे | |
| बाढी | २०२८, २०४८ जेठ | भौतिक क्षति, आर्थिक क्षति, प्राकृतिक क्षति | | आर्थिक तथा प्राविधिक सहयोग, तारजाली वितरण |
| सडक दुर्घटना | २०६०।०६१, २०७२, २०७४ भदौ | भौतिक, मानवीय आर्थिक क्षति | नीलकण्ठ वडा नं. ८ र वडा नं. ९ र १० को बीचमा | बीमा सिफारिस |
| कोभिड १९ | २०७७ र २०७८ | मानवीय, आर्थिक क्षति | सबै वडा | आइसोलेशन र होल्डिङ सेन्टरको व्यवस्था, स्वयंसेवक परिचालन तथा राहत सामग्री वितरण, मृतकका घरपरिवारलाई आर्थिक सहयोग |

*स्रोतः स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना नीलकण्ठ नगरपालिका, धादिङ*

### २.३.२ विपद्को आवृत्ति र गम्भीरता

यस नगरपालिकामा विगत ३० वर्षयताका विपद्हरूको आवृत्ति र गम्भीरताको संक्षिप्त विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ :

| क्र.सं. | विपद् विवरण | आवृत्ति (Frequency) | गम्भीरता (Intensity) | कैफियत |
|---|---|---|---|---|
| १ | भूकम्प | कम | धेरै | |
| २ | बाढी, खहरे | धेरै | धेरै | |
| ३ | चट्याङ | धेरै | धेरै | निश्चित महिनामा |
| ४ | हावाहुरी | मध्यम | मध्यम | |
| ५ | आगलागी | धेरै | मध्यम | |
| ६ | सडक दुर्घटना | धेरै | धेरै | |
| ७ | पहिरो | धेरै | धेरै | |
| ८ | भीरबाट लड्ने | कम | कम | |
| ९ | विद्युतीय दुर्घटना | कम | कम | |

*स्रोतः मिति २०७८।८।२९ को कार्यशाला*

### २.३.३ विपद्बाट भएको क्षतिको विवरण

| क्र.सं. | विपद्को किसिम | क्षतिको विवरण | मानवीय क्षति | अनुमानित आर्थिक क्षति |
|---|---|---|---|---|
| १ | भूकम्प | ९,३९१ घरधुरी प्रभावित, १,२४० घर क्षति, अनुमानित ५०० पशुपक्षी क्षति, कुलोको बाँधमा क्षति, घरगोठमा क्षति, ६० वटा विद्यालय भवन, मठमन्दिरमा क्षति र ठूलो मात्रामा भौतिक संरचना र सार्वजनिक भवनहरूमा क्षति | ६५-७० जनाको मृत्यु, १७४ जना घाइते | ६० वटा विद्यालय भवनमा क्षति, १० करोड बराबरको क्षति र अन्य क्षेत्र समेत गरी अन्दाजी १ अर्ब ५० करोडको क्षति |
| २ | बाढी, खहरे | गत वर्ष सामान्य | १ जनाको मृत्यु | |
| ३ | चट्याङ | ६ घर क्षति, १२ घर प्रभावित, ९ पशु चौपाया क्षति | ४ जनाको मृत्यु, ३९ जना घाइते | अनुमानित ५ लाख रुपैयाँ बराबरको क्षति |
| ४ | हावाहुरी | ९०० घरपरिवार प्रभावित, ३ घरमा क्षति, ५ वटा विद्यालय भवनमा क्षति, घरको छाना उडाएको | २ जनाको मृत्यु | २५ लाख रुपैयाँभन्दा बढी क्षति |
| ५ | आगलागी | ७८ घर क्षति र केही खानेपानी पाइपमा क्षति, ३ हेक्टर वनमा क्षति | ३ जनाको मृत्यु र केही घाइते | ५० लाख बराबरको क्षति |
| ६ | सडक दुर्घटना | १०७ घर प्रभावित | १२ जनाको मृत्यु र ९५ जना घाइते | १ करोड बराबरको क्षति |
| ७ | पहिरो | विद्यालय (रघु मा.वि. ९, लामागुरु मा.वि. २, बाल विकास आ.मा.वि. | ११ जनाको मृत्यु, ५ जना घाइते | जम्मा क्षति : १ करोड १० लाख बराबर |

| | | | | |
|---|---|---|---|---|
| | | १४, मनरूपी मा.वि. १३, इजारा आ.मा.वि. ३, स्वावलम्बी बहिरा आ.मा.वि. ८, रामकोट मा.वि. ८)<br><br>५१० घर क्षति, अनुमानित ५५५ रोपनी कृषियोग्य जमिन पहिरोको जोखिममा, १०० भन्दा धेरै पशुचौपाया लगायत सिँचाइ कुलोमा क्षति | | |
| ८ | भीरबाट लड्ने | चार परिवार प्रभावित | ४ जनाको मृत्यु | |
| ९ | विद्युतीय दुर्घटना | विद्युतीय ट्रान्सफर्मर, विद्युत लाइन अवरुद्ध भइरहने | ३ जनाको मृत्यु | |
| १० | महामारी | गत र यो वर्ष कोभिड-१९ बाट १४ वटै वडाका सबै घर प्रभावित | २० जनाको मृत्यु | ठूलो मात्रामा आर्थिक क्षति |
| ११ | असिना | २०० घर प्रभावित र कृषि बालीमा क्षति | छैन | सामान्य |

*स्रोत : स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना र २०७८।८।२९ गतेको कार्यशाला*

२०७६ सालको माघदेखि सुरु भएको कोभिड-१९ महामारीले २०७८ मंसिरसम्म यो नगरपालिकामा २,३९७ जना संक्रमित भएको र जसबाट २० जनाको मृत्यु भएको छ । साथै यसबाट आर्थिक, सामाजिक क्षेत्रसमेत उल्लेख्य मात्रामा प्रभावित भएको छ । विगत ६ वर्षभित्रमा २०७२ भूकम्पले ६५-७० मृत्यु, १७४ जना घाइते, ९,३९१ घरधुरी प्रभावित, १,२४० घर क्षति, अन्य भौतिक संरचानाहरू, मठमन्दिर, विद्यालय भवन, स्वास्थ्य संस्था, खानेपानीको संरचनामा पनि क्षति भएको छ । पहिरोले हरेक वर्ष सामान्य क्षति पुऱ्याउने गरे पनि विगत पाँच वर्षमा ११ जनाको मृत्यु, ५ जना घाइते, ५१० घर क्षति, ५५५ रोपनी जग्गामा क्षति पुगेको छ । त्यस्तै विगत ५ वर्षमा हावाहुरीबाट ९०० घरपरिवार प्रभावित, ३ घरमा क्षति, २ मानवीय क्षति र घरका छाना उडाएको थियो ।

उपलब्ध तथ्याङ्कअनुसार विगत पाँच वर्षमा भएका आगलागीका घटनाबाट ३ जनाको मृत्यु र ७८ घरगोठ जलेर नष्ट भए । करिब ३ हेक्टर वनको क्षति तथा अन्य सयौं रोपनी जमिनमा लगाएको अन्नबाली नष्ट र खानेपानीको पाइप डढेर क्षति भएको थियो ।

जलवायु परिवर्तनका कारण भविष्यमा मौसमजन्य प्रकोपको प्रकृति, मात्रा र यसबाट हुने क्षति अझै बढ्नसक्ने अनुमान गरिएको छ ।

## २.४ सम्भाव्य प्रकोप तथा सम्भावित प्रभाव क्षेत्र

यो नगरपालिकाका १४ वटा वडाका ३७८ बस्तीमध्ये ११२ वटा बस्ती र ती बस्तीभित्र पर्ने कृषियोग्य जमिन बाढीपहिरोका जोखिममा छन् । कोभिड-१९ महामारीको असर सबै वडामा परे पनि वडा नं. ५, ६, ११, १३ र १४ मा यसको जोखिम बढी देखिन्छ । त्यसैगरी भाइरल ज्वरोको प्रकोपले सबै वडामा असर पार्न सक्ने देखिन्छ । वनमा हुने आगलागी (डढेलो) बाट वडा नं. २, ४, ५, ७, ११, १२ र १४ मा बढी असर पर्ने देखिन्छ ।

भूकम्पबाट हुनसक्ने क्षतिबाट भने सबै वडा र जनसंख्या प्रभावित हुने अवस्था छ । यी प्रकोपबाट वर्तमान प्रभावक्षेत्र तथा सम्भावित जोखिमको नक्सांकन गर्ने कार्य जोखिम संवेदनशील भूउपयोग नक्सामा प्रष्ट रूपमा राखिएको छ ।

## २.५ प्रकोपहरूको सम्भाव्य जोखिम विश्लेषण

यो नगरपालिकामा रहेका घरहरूको बनावट हेर्दा ६ रेक्टर स्केल भूकम्प गएमा कम्तीमा ३० प्रतिशत घर बस्न नमिल्ने गरी भत्कन सक्ने सम्भावनाको आँकलन गरिएको छ। नगरका १४ वटै वडा क्षेत्रमा खहरे, बाढी, पहिरोले विगत वर्षमा धेरै क्षति हुने गरेको छ। तीमध्ये वडा नं. २, ३, ५, ७, ८ र १४ मा ठूलो वर्षा भएमा १० प्रतिशत घर र १५० भन्दा बढी वडावासी प्रत्यक्ष प्रभावित हुनसक्ने देखिन्छ।

यो क्षेत्रमा वार्षिक वर्षा हुने दिनहरू घट्ने तर कुल वर्षा ५ देखि १० प्रतिशतसम्मले बढ्नसक्ने आँकलन भएकाले भविष्यमा बाढी, पहिरोको जोखिम बढ्ने सम्भावना देखिन्छ। अव्यवस्थित बसोवास तथा कमजोर भौतिक संरचना निर्माणको क्रम बढ्दै गएकाले यसबाट जोखिम पनि बढ्नसक्ने देखिएको छ। तसर्थ कम्तीमा पनि ३०४ घरधुरी र १,४२२ जनालाई आपत्कालीन व्यवस्थापन गर्नसक्ने गरी पूर्वतयारी गर्न आवश्यक देखिन्छ। विगतको हावाहुरीको घटना प्रवृत्ति हेर्दा यसबाट ९०० घरधुरी प्रभावित हुनसक्ने सम्भावना रहेको छ।

वनजंगल विनाशका कारण पर्याप्त खानेकुराको अभावमा जंगली जनावर (बाँदर) बस्तीमा आउने क्रम बढेको र यसबाट अन्नबाली नोक्सानी बढिरहेको गुनासा आउने गरेका छन्। भविष्यमा बाढी, खडेरी, आगलागीको प्रकोप आदिका कारण वनमा जनावरका लागि आवश्यक चरिचरन तथा वासस्थानको थप विनाश भई खेतीबाली र बस्तीमा जंगली जनावरहरू आउने क्रम अझ बढ्न सक्ने देखिन्छ। यसबाट मानव तथा वन्यजन्तुबीच द्वन्द्व बढ्दै जानसक्ने सम्भावना देखिएको छ। त्यसकारण विकास निर्माण तथा जीविकोपाजर्नका लागि गरिने हरेक क्रियाकलापमा जोखिम न्यूनीकरण गर्ने, उत्थानशील क्षमता अभिवृद्धि गर्ने र जलवायु परिवर्तनको असरको सामनागर्न अनुकूल हुनेगरी व्यवस्था नमिलाएसम्म अन्य प्रकोपबाट पनि जोखिम बढ्ने सम्भावना देखिन्छ।
*(विस्तृत विवरणका लागि जोखिम संवेदनशील भूउपयोग योजना २०७८ हेर्नुहोला)*

## २.६ पूर्वसूचना प्रणालीको अवस्था

यस नीलकण्ठ नगरपालिकामा हालसम्म बाढी, पहिरो र अन्य प्रकोपमा आधारित पूर्वसूचना प्रणालीको स्थापना गरिएको छैन। तर स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्रले जिल्ला, प्रदेश तथा राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्रमा सम्पर्क स्थापित गरी सूचना आदानप्रदान गर्ने गरिएको छ।

## २.७ नीतिगत, कानूनी तथा संस्थागत व्यवस्था

यस नगरपालिकमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ को आधारमा स्थानीय विपद् व्यवस्थापन समिति गठन गरिएको छ। समितिमा हाल रहेका पदाधिकारीहरूको विवरण अनुसूची ८ मा संलग्न गरिएको छ। स्थानीय विपद् व्यवस्थापन समितिअन्तर्गत ९ वटा विषयक्षेत्र हेर्न अगुवा संस्था तोकी सम्बन्धित विषयक्षेत्रको योजना तर्जुमा र समन्वयको जिम्मेवारी प्रदान गरिएको छ। विषयक्षेत्रको अगुवा संस्था र तिनमा कार्यरत पदाधिकारीहरूको विवरण अनुसूची ९ र १० मा संलग्न गरिएको छ। यस नगरपालिकामा वातावरण तथा विपद् व्यवस्थापन शाखा, एकाइ स्थापना गरिएको छ। १४ वटै वडामा वडास्तरीय विपद् व्यवस्थापन समिति गठन गरिएको छ। यो नगरपालिकामा विपद् व्यवस्थापन कोष स्थापना गरिएको छ। उक्त कोषमा आर्थिक वर्ष २०७८ मा नगरपालिका र अन्य स्रोतबाट गरी २ करोड ८५ लाख जम्मा भएको छ। कोष सञ्चालन तथा परिचालनका लागि स्थानीय विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि तर्जुमा गरिएको छ। यसबाहेक नगरपालिकामा विपद् व्यवस्थापन सम्बन्धी नीति, ऐन, नियम, मार्गदर्शन तथा आवश्यक मार्गदर्शनहरू बनेका छन् भने केही बन्ने क्रममा रहेका छन्।

## २.८ विषयक्षेत्र तथा कार्य जिम्मेवारी

यो नगरपालिकाले विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा र कार्यान्वयनका लागि देहाय बमोजिमका ९ वटा विषयक्षेत्र निर्धारण गरी देहाय बमोजिम कार्य जिम्मेवारी प्रदान गरेको छ।

१) समग्र व्यवस्थापन क्षेत्र ।
२) सूचना, खोज तथा उद्धार क्षेत्र ।
३) खाद्य तथा कृषि क्षेत्र ।
४) स्वास्थ्य तथा पोषण क्षेत्र ।
५) खानेपानी, सरसफाइ र स्वच्छता प्रवर्द्धन क्षेत्र ।
६) आपत्कालीन आश्रय तथा गैरखाद्य सामग्री क्षेत्र ।
७) संरक्षण तथा सुरक्षा क्षेत्र ।
८) आपत्कालीन शिक्षा क्षेत्र ।
९) शीघ्र पुनर्लाभ क्षेत्र ।

### २.८.१ समग्र व्यवस्थापन क्षेत्र

समग्र व्यवस्थापन क्षेत्रले अन्य आठ विषयगत क्षेत्रको प्रतिकार्य क्रियाकलापलाई आवश्यक पर्ने बन्दोबस्ती सम्बन्धी सहयोग व्यवस्थापन गर्नेछ। आकस्मिक ढुवानी, यातायात सञ्चालन, राहत वितरण, खोज तथा उद्धार र अन्य सहयोगका लागि यो क्षेत्रले कार्य गर्नेछ। यसैगरी नगरपालिकामा रहेका सरकारी र सार्वजनिक यातायातका साधनको सूची तयार गर्नेछ।

### २.८.२ सूचना, खोज तथा उद्धार क्षेत्र

यो विषयक्षेत्रले विपद्को समयमा सम्पूर्ण सरोकारवालाहरूसँग समन्वय कायम गर्ने, विपदको अवस्था आउनसक्ने पूर्वसूचना प्राप्त भएपछि स्थानीय सञ्चारमाध्यमबाट सूचना सम्प्रेषण गर्ने, प्रकोपका कारण समस्यामा परेका घाइतेलाई उद्धार गर्ने, हराएकाहरूको खोजी गर्ने, मानिसको मृत्यु भएमा सनाखत गरी शव व्यवस्थापन वा हस्तान्तरणको प्रबन्ध मिलाउने, पीडितहरूलाई राहत वितरण गर्ने जस्ता जिम्मेवारी निर्वाह गर्नेछ।

### २.८.३ खाद्य तथा कृषि क्षेत्र

यो विषयक्षेत्रले विपद्को अवस्थामा प्रभावितलाई स्फेयर मापदण्डअनुसार तत्काल खानेकुराको व्यवस्था गर्ने, खानेकुरा पकाउनका लागि आवश्यक प्रबन्ध मिलाउने र कृषि तथा पशुचौपाया क्षेत्रमा भएको क्षति विवरण तयार गर्ने जिम्मेवारी निर्वाह गर्नेछ।

### २.८.४ स्वास्थ्य तथा पोषण क्षेत्र

स्वास्थ्य तथा पोषण क्षेत्रले विपद्मा घाइते भएकाहरूलाई प्राथमिक उपचार गर्ने, महामारी हुनबाट बचाउने विधिहरू अवलम्बन गर्ने, शिविरमा उपचार गर्न नसकिने प्रकृतिका स्वास्थ्य समस्या भएका बिरामी वा घाइतेलाई अस्पतालसम्म पुऱ्याई स्वास्थ्य उपचारको सुनिश्चितता गर्ने जिम्मेवारी निर्वाह गर्नेछ। यसैगरी महिला तथा बालबालिकामा पोषणको कमी भएमा त्यसबाट हुनसक्ने समस्याबारे प्रभावित र सरोकारवालालाई सचेत गर्ने जस्ता जिम्मेवारी स्वास्थ्य तथा

पोषण विषयक्षेत्रले निर्वाह गर्नेछ । साथै यसले कोभिड-१९ लगायत महामारीको संक्रमण, रोकथाम र व्यवस्थापनको कार्य समेत गर्नेछ ।

### २.८.५ खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धन क्षेत्र

यो विषयक्षेत्रले विपद्को अवस्थामा खानेपानी आपूर्ति गर्ने, विपद्का कारण ढलेका रूख-बोटविरुवा हटाउने, विपद्जन्य घटनाबाट सिर्जना भएका फोहोर सरसफाइ गर्ने, मरेका पशुपक्षीको व्यवस्थापन गर्ने, व्यक्तिगत सरसफाइका लागि स्वच्छता सम्बन्धी सामग्री (जस्तैः हाइजिन किट, पीयूष, क्लोरिन, डस्टबिन) उपलब्ध गराउने जिम्मेवारी निर्वाह गर्नेछ ।

### २.८.६ आपत्कालीन आश्रय तथा गैरखाद्य सामग्री क्षेत्र

आपत्कालीन आश्रय तथा गैरखाद्य सामग्री क्षेत्रले विपद्का कारण घरमा क्षति पुगी बस्न नसक्ने अवस्थामा रहेका प्रभावितहरूलाई आपत्कालीन आश्रय वा अस्थायी संरचना निर्माण गर्ने जिम्मेवारी निर्वाह गर्नेछ । साथै प्रभावितहरूलाई त्रिपाल, भाँडाकुँडा, लत्ताकपडाजस्ता गैरखाद्य सामग्री वितरण गर्ने जिम्मेवारी पनि यो विषयक्षेत्रले निर्वाह गर्नेछ ।

### २.८.७ संरक्षण तथा सुरक्षा क्षेत्र

यो विषयक्षेत्रले विपद्को समयमा महिला, गर्भवती, सुत्केरी, अपाङ्गता भएका व्यक्तिहरू, शिशु, बालबालिका वृद्धवृद्धाहरूलाई संरक्षण गर्ने र उनीहरूको आवश्यकता बमोजिमका सरसामानहरू जस्तैः सेनेटेरी प्याड, खेलकुदका सामान आदि उपलब्ध गराउने जिम्मेवारी निर्वाह गर्नेछ । घरपरिवारका सदस्य गुमाएकाहरू तथा विपद्का कारण त्रसित व्यक्तिहरूलाई मनोसामजिक परामर्शः सेवा दिने र हिंसामुक्त वातावरण सिर्जना गर्नेजस्ता जिम्मेवारी यो विषयक्षेत्रले निर्वाह गर्नेछ ।

### २.८.८ आपत्कालीन शिक्षा क्षेत्र

आपत्कालीन शिक्षा क्षेत्रले विपद्का कारण विद्यालय तीन दिनभन्दा बढी बन्द भएका विद्यार्थीहरूलाई आपत्कालीन शिक्षाको व्यवस्था गर्ने जिम्मेवारी निर्वाह गर्नेछ । प्रकोपले विद्यार्थीको पठनपाठनमा शैक्षिक सामग्री हराए वा क्षति पुऱ्याएमा सोको व्यवस्था गर्ने र विद्यालयको शिक्षण सामग्री नष्ट भएमा पुनः व्यवस्थापन गर्ने जिम्मेवारी पनि यस विषयक्षेत्रले निर्वाह गर्नेछ ।

### २.८.९ शीघ्र पुनर्लाभ क्षेत्र

यो विषयक्षेत्रले विपद्का कारण अवरुद्ध हुन पुगेका अत्यावश्यक सेवाहरू (जस्तैः सडक, विद्युत्, खानेपानी, टेलिफोन) तत्काल सुचारु गर्ने र त्यस्ता सेवा प्रदान गर्ने निकाय वा कार्यालयमा क्षति पुगेमा वैकल्पिक व्यवस्थापन गर्ने, आर्थिक, अवस्थालाई चलायमान बनाई जनजीवनलाई सामान्य बनाउने जिम्मेवारी निर्वाह गर्नेछ ।

*माथि उल्लिखित विषयक्षेत्र अन्तर्गत क्रियाशील रहेका सरोकारवाला निकाय तथा संस्थाहरूको विवरण **अनुसूची ९ र १०** मा संलग्न गरिएको छ ।*

# परिच्छेद ३

# पूर्वतयारी तथा प्रतिकार्य योजना

## ३.१ सामान्य पूर्वतयारी योजना

विपद्को स्थितिमा प्रतिकार्य गतिविधिहरू समयमै कार्यान्वयन गर्न संस्थागत क्षमता लेखाजोखा गरी सोको तयारी आवधिक रूपमा अद्यावधिक गर्न जरुरी हुन्छ । सामान्य पूर्वतयारी सम्बन्धी कार्यहरूमा विपद् घटनाअगावै प्रायः सबै प्रकोपका लागि गर्नुपर्ने जोखिम न्यूनीकरण, पूर्वतयारी र विपद् प्रतिकार्य गर्न संस्थागत तथा भौतिक संरचना, मेसिन र औजार, सीप विकास, जनचेतना, कृत्रिम घटना अभ्यासजस्ता क्रियाकलाप समावेश गरिएका छन् । विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना अद्यावधिक गर्नु विपद् व्यवस्थापनको पूर्वतयारी हो । विपद् प्रतिकार्यका कार्यहरूलाई प्रभावकारी बनाउन विषय क्षेत्रगत रूपमा सामान्य पूर्वतयारीको कार्ययोजना देहाय बमोजिम हुने गरी तर्जुमा गरिएको छ :

### ३.१.१ समग्र व्यवस्थापन

विपद्का घटनाअगावै प्रायः सबै प्रकोपका लागि गर्नुपर्ने समग्र व्यवस्थापन, सूचनासँग सम्बन्धित व्यवस्थापनका कार्यहरू, खोज तथा उद्धार क्षेत्रको सामान्य पूर्वतयारी र परिचालनमा गरिने व्यवस्थापन सम्बन्धी कार्यहरूको योजना देहाय अनुसार तर्जुमा गरिएको छ :

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरू | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय, संस्था |
|---|---|---|---|---|---|
| १ | विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना अद्यावधिक गर्न व्यवस्थापन मिलाउने । | प्रत्येक वर्ष असोजसम्म | नीलकण्ठ नगरपालिका | प्रत्येक आर्थिक वर्षमा | प्रमुख प्रशासकीय अधिकृत र स्थानीय विपद् व्यवस्थापन समिति |
| २ | विपद्को क्षति नोक्सानी मूल्यांकनका लागि सर्वेक्षण टोली गठन र पुनर्गठन गर्ने । | प्रत्येक वर्ष मनुसन सुरु हुनुपूर्व | नीलकण्ठ नगरपालिका | गाउँ, नगरपालिकामा एक र हरेक वडामा एक एक वटा | प्रमुख प्रशासकीय अधिकृत र स्थानीय विपद् व्यवस्थापन समिति, वडास्तरीय विपद् व्यवस्थापन समिति |
| ३ | प्रारम्भिक द्रुत लेखाजेखा क्षति लेखाजोखा गर्न विस्तृत घरधुरी सर्वेक्षण फारम तयार गर्ने । | प्रत्येक वर्ष कात्तिकसम्म | नीलकण्ठ नगरपालिका | ७,००० प्रति | प्रमुख प्रशासकीय अधिकृत |
| ४ | राहत वितरणका लागि सिफारिस फारमलगायतका कागजात तयारी तथा अद्यावधिक गरी तयारी अवस्थामा राख्ने । | प्रत्येक वर्ष कात्तिकसम्म | नीलकण्ठ नगरपालिका | ५,००० प्रति | प्रमुख प्रशासकीय अधिकृत र वातावरण तथा विपद् व्यवस्थापन शाखा |
| ५ | प्रकोपको प्रकृतिअनुसार खोज तथा उद्धारका लागि टोली | प्रत्येक वर्ष कात्तिकसम्म | वडा तहमा | हरेक वडामा एक | प्रमुख प्रशासकीय अधिकृत र |

| | | | | | |
|---|---|---|---|---|---|
| | गठन गर्ने गरी व्यवस्था मिलाउने । | | | | वातावरण तथा विपद् व्यवस्थापन शाखा, वडा कार्यालय विषयगत क्षेत्र |
| ६ | खोज तथा उद्धारका टोलीको परिचालन हुने व्यवस्था मिलाउने । | प्रत्येक वर्ष पौषसम्म | वडा तहमा | हरेक वडामा एक | वातावरण तथा विपद् व्यवथापन शाखा, सुरक्षा निकाय विषयक्षेत्र र प्रमुख प्रशासकीय अधिकृत |
| ७ | खोज तथा उद्धारका लागि प्रयोग गर्न सकिने सवारी साधनहरू एम्बुलेन्सहरूको सूची र सम्पर्क व्यक्तिको विवरण तयार गर्ने । | निरन्तर | नगरपालिका | हरेक वडामा कम्तीमा एक सेट | नगरपालिका स्थानीय विपद् व्यवस्थापन समिति, वातावरण तथा विपद् व्यवस्थापन शाखा र प्रमुख प्रशासकीय अधिकृत |
| ८ | बाढी, पहिरो भूकम्पबाट बच्न र बचाउन सुरक्षित स्थानको पहिचान गरी अद्यावधिक सूची तयार गर्ने । | निरन्तर | वडाअनुसार | आवश्यकता अनुसार हरेक वडामा | वातावरण तथा विपद् व्यवस्थापन शाखा र प्रमुख प्रशासकीय अधिकृत |
| ९ | आपत्कालीन अवस्थामा प्रयोग गर्ने स्थलहरूको सूची स्थानीय राजपत्रमा प्रकाशित गर्ने । | तत्काल सुरु गरी निरन्तर | तोकिएको मापदण्ड अनुसार | प्रत्येक वडामा | वातावरण तथा विपद् व्यवस्थापन शाखा, वडा कार्यालय र प्रमुख प्रशासकीय अधिकृत |
| १० | आपत्कालीन अवस्थामा आश्रयस्थलका रूपमा प्रयोग गर्ने स्थानका लागि चाहिने भौतिक पूर्वाधार र सेवा व्यवस्थापन गर्ने । | तत्काल सुरु गरी निरन्तर | तोकिएको मापदण्ड अनुसार | प्रत्येक वडामा | पूर्वाधार विकास शााखा वडा कार्यालय विषय क्षेत्र र प्रमुख प्रशासकीय अधिकृत |
| ११ | बाढीपहिरो, हावाहुरी, भूकम्प चट्याङ, आगलागी आदि प्रकोपहरूबाट समुदायमा पर्न सक्ने असर र त्यसबाट बच्ने उपायहरूका बारेमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने, व्यवस्थापन गर्ने । | निरन्तर | नगरपालिकामा सञ्चालित एफएम, पत्रपत्रिका, माइकिङ आदि | हरेक वडामा एक | वातावरण तथा विपद् व्यवस्थापन शाखा, वडा कार्यालयसहित प्रमुख प्रशासकीय अधिकृत |
| १२ | सुरक्षा तथा उद्धार सामग्री र उपकरण व्यवस्था गरी सबल बनाउने । | यसै वर्षबाट | नगरपालिका | एकपटक | प्रमुख प्रशासकीय अधिकृत |
| १३ | भण्डारण गृह तयार वा व्यवस्थापन गर्ने । | यसै वर्षबाट | नगरपालिका | एकपटक | प्रमुख प्रशासकीय अधिकृत |
| १४ | विपद् व्यवस्थापन सम्बन्धी दक्ष जनशक्ति वडा स्तरमा तयार गर्ने र व्यवस्थापन मिलाउने । | आवश्यकता अनुसार | नगरपालिकाले जिप्रका र इप्रकासँग मिलेर | आवश्यकता अनुसार | प्रमुख प्रशासकीय अधिकृत र विपद् व्यवस्थापन समिति |

| | | | | | |
|---|---|---|---|---|---|
| १५ | दमकल खरिद गरी सञ्चालनमा ल्याउने र आगलागी नियन्त्रण गर्नसक्ने दक्ष जनशक्ति तयार गर्ने । | आवश्यकता अनुसार | नगरपालिकाले | आवश्यकता अनुसार । | प्रमुख प्रशासकीय अधिकृत र विपद् व्यवस्थापन समिति |
| १६ | आगलागी नियन्त्रण सम्बन्धी सामग्री (ज्याकेट, पन्जा टोपी ) सेटको व्यवस्था गरी राख्ने । | आवश्यकता अनुसार | नगरपालिकाले | आवश्यकता अनुसार | प्रमुख प्रशासकीय अधिकृत र विपद् व्यवस्थापन समिति |
| १७ | अस्थायी आपत्कालीन आश्रयस्थल, खाद्य तथा गैरखाद्य वस्तुहरूका लागि भण्डारण गृह र भण्डारण स्थलको पहिचान गर्ने, स्रोत सामग्रीको आँकलन र अपुग सामग्रीको जोहो गर्ने । | आवश्यकता अनुसार | नगरपालिकाले जिप्रका र इप्रकासँग मिलेर | आवश्यकता अनुसार | प्रमुख प्रशासकीय अधिकृत र विपद् व्यवस्थापन समिति |
| १८ | कार्यसञ्चालन विधिसहितको आपत्कालीन प्रतिकार्य कोषको विकास गर्ने र सो कोषबाट लैंगिक हिंसा प्रभावित महिलालाई आर्थिक सहयोग गर्ने । | एकपटक | नगरपालिकाले | आवश्यकता अनुसार | प्रमुख प्रशासकीय अधिकृत र विपद् व्यवस्थापन समिति |
| ३२ | भूकम्प, आगलागी, बाढी, पहिरो सम्बन्धी आपत्कालीन नमूना अभ्यासको व्यवस्थापन मिलाउने । उक्त नमूना अभ्यास समावेशी गरी अतिसंकटासन्न समुदायको नेतृत्व विकास गर्ने । | प्रत्येक वर्ष | नगरपालिकाले | आवश्यकता अनुसार | प्रमुख प्रशासकीय अधिकृत र विपद् व्यवस्थापन समिति |

### ३.१.२ सूचना, खोज तथा उद्धार क्षेत्रको सामान्य पूर्वतयारी योजना

विपद् घटनाअगावै प्राय: सबै प्रकोपलाई ध्यानमा राखेर गर्नुपर्ने सूचना र खोज तथा उद्धारको सामान्य पूर्वतयारीसम्बन्धी कार्यहरूका योजना देहायअनुसार तर्जुमा गरिएको छ :

| क्र स | सामान्य पूर्वतयारीका कार्यहरू | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय, संस्था |
|---|---|---|---|---|---|
| १ | विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना अद्यावधिक गर्ने । | प्रत्येक वर्ष असोजसम्म | नीलकण्ठ नगरपालिका | प्रत्येक आर्थिक वर्षमा | सूचना प्रविधि अधिकृत र स्थानीय विपद् व्यवस्थापन समिति |
| २ | विपद्को क्षति नोक्सानी मूल्यांकनका लागि सर्वेक्षण टोली गठन र पुनर्गठन गरी आवश्यकता बमोजिम | प्रत्येक वर्ष मनुसन सुरु हुनुपूर्व | नीलकण्ठ नगरपालिका | नगरपालिकामा एक र हरेक वडामा एक-एक वटा | सूचना प्रविधि अधिकृत र स्थानीय विपद् व्यवस्थापन समिति, |

| | | | | | |
|---|---|---|---|---|---|
| | सर्वेक्षणका लागि सहायता टोली गठन गर्ने र तालिम आयोजना गर्ने । | | | | वडास्तरीय विपद् व्यवस्थापन समिति |
| ३ | प्रारम्भिक द्रुत लेखाजेखा क्षति लेखाजोखा गर्न विस्तृत घरधुरी सर्वेक्षण फाराम तयार गर्ने । | प्रत्येक वर्ष कात्तिकसम्म | नीलकण्ठ नगरपालिका | आवश्यकता अनुसार | सूचना प्रविधि अधिकृत र सामाजिक विकास शाखा |
| ४ | राहत वितरणका लागि सिफारिस फारमलगायतका कागजात तयारी तथा अद्यावधिक गर्ने । | प्रत्येक वर्ष कात्तिकसम्म | नीलकण्ठ नगरपालिका | आवश्यकता अनुसार | सूचना प्रविधि अधिकृत र वातावरण तथा विपद् व्यवस्थापन शाखा, जिन्सी शाखा |
| ५ | प्रकोपको प्रकृतिअनुसार खोज तथा उद्धारका लागि टोली गठन गर्ने र टोलीमा सबै समुदायको सहभागिता सुनिश्चित गर्ने । | प्रत्येक वर्ष कात्तिकसम्म | नगर क्षेत्र र प्रत्येक वडा | हरेक वडामा एक | सूचना प्रविधि अधिकृत र वातावरण तथा विपद् व्यवस्थापन शाखा, वडा कार्यालय विषयगत क्षेत्र र विद्यालय व्यस्थापन समिति |
| ६ | खोज तथा उद्धारका लागि गठित टोलीका निम्ति तालिम आयोजना गर्ने र परिचालन हुने प्रक्रिया निर्धारण गर्ने, साथै टोलीमा महिला, दलित, जनजाति, एलजिबिटीआई, अपांगता भएका व्यक्ति सबै समुदायको सहभागिता सुनिश्चित गर्ने । | प्रत्येक वर्ष पुससम्म | नगर क्षेत्र र प्रत्येक वडा | हरेक वडामा एक | सूचना प्रविधि अधिकृत, विद्यालय व्यवस्थापन.समिति तथा प्रशासन शाखा |
| ७ | खोज तथा उद्धारका लागि प्रयोग गर्न सकिने सवारी साधनहरू एम्बुलेन्सहरूको सूची र सम्पर्क व्यक्तिको विवरण तयार गर्ने । | निरन्तर | नगरपालिका | हरेक वडामा कम्तीमा एक सेट | सूचना प्रविधि अधिकृत, विद्यालय व्यवस्थापन समिति जिन्सी शाखा |
| ८ | खोज तथा उद्धारका सामग्री खरिद, भण्डारण, मर्मत र समग्र व्यवस्थापन विषयगत क्षेत्रसँग मिली व्यवस्थापन गर्ने । | निरन्तर | नगरपालिका | हरेक वडामा कम्तीमा एक सेट | सूचना प्रविधि अधिकृत र विद्यालय व्यवस्थापन समिति र समग्र व्यवस्थापन विषयगत क्षेत्र |
| ९ | बाढी, पहिरो भूकम्पबाट बच्न र बचाउन सुरक्षित स्थानको पहिचान गरी अद्यावधिक सूची तयार गर्ने । | निरन्तर | वडा अनुसार | आवश्यकता अनुसार हरेक वडामा | सूचना प्रविधि अधिकृत, विद्यालय व्यवस्थापन समिति, योजना तथा प्राविधिक शाखा |
| १० | आपत्कालीन अवस्थामा प्रयोग गर्ने स्थलहरूको सूची तयार गरी सुसूचित गर्ने । | तत्काल सुरु गरी निरन्तर | तोकिएको मापदण्डअनुसार | प्रत्येक वडामा | सूचना प्रविधि अधिकृत र विद्यालय व्यवस्थापन समिति |

| | | | | | |
|---|---|---|---|---|---|
| ११ | आपत्कालीन अवस्थामा आश्रयस्थलका रूपमा प्रयोग गर्ने स्थानका लागि चाहिने भौतिक पूर्वाधार र सेवा निर्माण गर्ने, उक्त आश्रयस्थल सबैका लागि पहुँचयुक्त बनाउने । | तत्काल सुरु गरी निरन्तर | तोकिएको मापदण्ड अनुसार | प्रत्येक वडामा | पूर्वाधार विकास शााखा, वडा कार्यालय, विषय क्षेत्र, सूचना प्रविधि अधिकृत र विद्यालय व्यवस्थापन समिति |
| १२ | विपद्बाट समुदायलाई बचाउन आपत्कालीन आश्रयस्थल निर्माण गर्ने र प्रयोगमा आउनसक्ने गरी सूची तयार गरी राख्ने । | आवश्यकता अनुसार | हरेक वडामा जोखिममा रहेका समुदायनजिक | १५ वटा आवश्यकता अनुसार | नगरपालिका, पूर्वाधार विकास शाखा, सूचना प्रविधि अधिकृत र सम्बन्धित वडा कार्यालय |
| १३ | बाढी, पहिरो, हावाहुरी भूकम्प, चट्याङ, आगलागी आदि प्रकोपबाट समुदायमा पर्नसक्ने असर र सोबाट बच्ने उपायका बारेमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने । | निरन्तर | नगरपालिकामा सञ्चालित एफएम, पत्रपत्रिका, माइकिङ आदि | हरेक वडामा एक | वातावरण तथा विपद् व्यवस्थापन शाखा, वडा कार्यालय र सूचना प्रविधि अधिकृत, प्रशासन शाखा |
| १४ | मानिसको ज्यान लिनसक्ने जंगली जनावर बस्तीमा प्रवेश गरेमा सम्बन्धित समुदायलाई शीघ्र सूचना दिने प्रणालीको विकास गर्ने । | निरन्तर | वडास्तर वा सम्भव भएमा बस्ती स्तर | आवश्यकता हेरेर वडास्तरमा | वातावरण विपद् व्यवस्थापन शाखा, वडा कार्यालय, समुदाय, विषयक्षेत्र र सूचना प्रविधि अधिकृत |
| १५ | खोज तथा उद्धारलाई प्रभावकारी बनाउन प्रकोपमा आधारित कृत्रिम घटना अभ्यास गर्ने गराउने । | प्रकोपको सम्भावित समयअगावै | नगरपालिका तथा वडामा | प्रमुख प्रकोपका लागि वर्षमा कम्तीमा एकपटक | स्थानीय विपद् व्यवथापन समिति र सूचना प्रविधि अधिकृत |
| १६ | सुरक्षित मार्ग र खोज तथा उद्धार मार्ग पहिचान गर्ने । | प्रकोपको सम्भावित समयअगावै | वडा र बस्ती स्तरमा | प्रमुख प्रकोपका लागि वर्षमा कम्तीमा एकपटक | नगरपालिका, स्थानीय विपद् व्यवथापन समिति र सूचना प्रविधि अधिकृत, प्राविधिक शाखा र प्रशासन |
| १७ | संकटासन्न समुदायमा हेलीप्याड अवतरण र ड्रप जोन पहिचान गर्ने । | प्रकोपको सम्भावित समयअगावै | वडा र बस्ती स्तरमा | प्रमुख प्रकोपका लागि वर्षमा कम्तीमा एकपटक | नगरपालिका, स्थानीय विपद् व्यवस्थापन समिति र सूचना प्रविधि अधिकृत, पूर्वाधार विकास समिति, योजना तथा प्राविधिक शाखा |
| १८ | आपत्कालीन कार्य सञ्चालन केन्द्र स्थापना गरी सञ्चालनमा ल्याउने । | प्रकोपको सम्भावित समयअगावै | वडा र बस्ती स्तरमा | एकपटक | स्थानीय विपद् व्यवथापन समिति, सूचना प्रविधि अधिकृत र तयार नेपाल |

| | | | | | |
|---|---|---|---|---|---|
| १९ | पूर्वानुमान र पूर्वसूचना प्रणाली स्थापना गरी वडा र समुदायलाई आपत्कालीन कार्य सञ्चालन केन्द्रसँग जोड्ने । | प्रकोपको सम्भावित समयअगावै | वडा र बस्ती स्तरमा, जोखिमयुक्त स्थानको पहिचान गरी उक्त स्थानमा | एकपटक वा आवश्यकता अनुसार | स्थानीय विपद् व्यवथापन समिति र सूचना प्रविधि अधिकृत |
| २० | पूर्वतयारी र प्रतिकार्य गतिविधिका लागि आवश्यक मानव तथा वित्तीय स्रोत पहिचान गर्ने । | प्रकोपको सम्भावित समयअगावै | वडा र बस्ती स्तरमा | प्रमुख प्रकोपका लागि वर्षमा एक कम्तीमा एकपटक | नगर कार्यपालिका, स्थानीय विपद् व्यवस्थापन समिति र सूचना प्रविधि अधिकृत, आर्थिक प्रशासन शाखा, प्रशासन शाखा |
| २१ | सुरक्षा निकाय र अन्यलाई खोज तथा उद्धार गर्नसक्ने तालिम सञ्चालन गर्ने । | प्रकोपको सम्भावित समयअगावै | नगर स्तरमा, प्रत्येक वडामा कम्तीमा ५ जना | प्रमुख प्रकोपका लागि वर्षमा कम्तीमा एकपटक | नगर कार्यपालिक,ा स्थानीय विपद् व्यवस्थापन समिति र सूचना प्रविधि अधिकृत, प्रशासन शाखा |
| २२ | विपद् व्यवस्थापनसम्बन्धी दक्ष जनशक्ति वडास्तरमा तयार गर्ने । | प्रकोपको सम्भावित समयअगावै | वडा र बस्ती स्तरमा | प्रमुख प्रकोपका लागि वर्षमा कम्तीमा एकपटक | नगर कार्यपालिका, स्थानीय विपद् व्यवथापन समिति र सूचना प्रविधि अधिकृत, वडा कार्यालय |
| २३ | पूर्वानुमान सूचना तथा सतर्कता सन्देशका लागि सञ्चारका विविध च्यानलको विस्तृत अभिलेख राख्ने साथै उक्त सामग्री वैकल्पिक माध्यममा उपलब्ध गराउने । जस्तैः स्थानीय भाषा, ब्रेल, अडियो आदि । | प्रकोपको सम्भावित समयअगावै | नगर स्तरमा | प्रमुख प्रकोपका लागि वर्षमा कम्तीमा एकपटक | नगर कार्यपालिका, स्थानीय विपद् व्यवथापन समिति र सूचना प्रविधि, अधिकृत, प्रशासन शाखा, योजना शाखा, आर्थिक प्रशासन शाखा |
| २४ | सञ्चारका लागि भिएचएफ सेट वाकीटकी राख्ने । | प्रकोपको सम्भावित समयअगावै | नगर स्तरमा | प्रमुख प्रकोपका लागि वर्षमा कम्तीमा एकपटक | स्थानीय विपद् व्यवथापन समिति, सूचना प्रविधि अधिकृत र वडा कार्यालय |
| २५ | सूचना संकलनका लागि नेपाल सरकारले तयार गरेको फारम छाप्ने र तालिम दिने । | प्रकोपको सम्भावित समयअगावै | नगर स्तरमा आवश्यकता अनुसार तयार गर्ने | प्रमुख प्रकोपका लागि वर्षमा कम्तीमा एकपटक | स्थानीय विपद् व्यवस्थापन समिति, सूचना प्रविधि अधिकृत, जिन्सी शाखा, योजना तथा प्रशासन शाखा । |
| २६ | प्रत्येक सार्वजनिक भवनमा आपत्कालीन निकास र जम्मा हुने स्थान पहिचान गर्न लगाउने । | प्रकोपको सम्भावित समयअगावै | नगर स्तरमा | प्रमुख प्रकोपका लागि वर्षमा | स्थानीय विपद् व्यवथापन समिति, सूचना प्रविधि अधिकृत, प्राविधिक शाखा तथा नक्सा शाखा |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | कम्तीमा एकपटक | |
| २७ | कार्यसञ्चालन विधिसहितको आपत्कालीन प्रतिकार्य कोषको विकास गर्ने । | प्रकोपको सम्भावित समयअगावै | नगर स्तरमा | प्रमुख प्रकोपका लागि वर्षमा कम्तीमा एकपटक | नगर कार्यपालिका, स्थानीय विपद् व्यवथापन समिति, सूचना प्रविधि अधिकृत, आर्थिक प्रशासन शाखा |
| २८ | भूकम्प, आगलागी, बाढी, पहिरो सम्बन्धी आपत्कालीन समावेशी नमुना अभ्यास गर्ने । | प्रकोपको सम्भावित समयअगावै | नगर तथा वडा स्तरमा एवं जोखिमयुक्त क्षेत्र पहिचान समेत | प्रमुख प्रकोपका लागि वर्षमा कम्तीमा एकपटक | स्थानीय विपद् व्यवथापन समिति, सूचना प्रविधि अधिकृत र तयार नेपाल, वडा कार्यालय, प्रशासन शाखा, योजना शाखा |
| २९ | आपत्कालीन राहतका लागि आवश्यक खाद्य तथा गैरखाद्य बस्तुहरूको बजार सर्वेक्षण गर्ने । | प्रकोपको सम्भावित समयअगावै | नगर स्तरमा | प्रमुख प्रकोपका लागि वर्षमा कम्तीमा एकपटक | प्रशासन शाखा, स्थानीय विपद् व्यवथापन समिति, सूचना प्रविधि अधिकृत र तयार नेपाल |

### ३.१.३ खाद्य तथा कृषि क्षेत्रको सामान्य पूर्वतयारी योजना

विपद् घटनाअगावै प्रायः सबै प्रकोपका लागि गर्नुपर्ने खाद्य तथा कृषिक्षेत्रको सामान्य पूर्वतयारी सम्बन्धी कार्यहरूको योजना देहायअनुसार तर्जुमा गरिएको छ :

| क्रस | सामान्य पूर्वतयारीका कार्यहरू | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय, संस्था |
|---|---|---|---|---|---|
| १ | विपद्को अवस्थामा खाद्यान्न खरिद तथा आपूर्तिका लागि सम्भाव्य उद्योगहरू पहिचान गर्ने साथै सहयोग लिन सकिने कार्यालय, संस्थाहरूसँग समन्वय गर्ने । | निरन्तर | नगरपालिका | आवश्यकता अनुसार वर्षको १ वा २ पटक | कृषि र पशु शाखा वा विषयगत क्षेत्र |
| २ | विपद्बाट प्रभावित हुनसक्ने जनसंख्याको आधारमा खाद्य सामग्री (चामल, दाल, तेल, नुन, आदि) भण्डारण गर्ने । | प्रकोपको सम्भावित समयअगावै | नगरस्तर | वर्षको २ पटक | कृषि र पशु शाखा वा विषयगत क्षेत्र |
| ३ | तयारी खानेकुराका लागि तत्काल खरिद गर्न सकिने गरी पसल पहिचान गर्ने वा अनुबन्ध करार गर्ने । | प्रकोपको सम्भावित समयअगावै | नगरस्तर | कम्तीमा २ वटा ठूला पसल वा उद्योग | कृषि र पशु शाखा वा विषयगत क्षेत्र |
| ४ | विपद्को समयमा खाद्यसामग्री वितरण गर्ने तौरतरिका/प्रक्रियाबारे | प्रकोपको सम्भावित समयअगावै | वडास्तर | मुख्य प्रकोपको सम्भावित | कृषि र पशु विकास शाखा वा विषयगत क्षेत्र |

| | | | | | |
|---|---|---|---|---|---|
| | विषयक्षेत्रका सदस्यहरूबीच छलफल तथा कृत्रिम घटना अभ्यास गर्ने । | | | समयभन्दा पहिले कम्तीमा १ पटक | |
| ५ | महामारी रोगविरुद्ध खोप | प्रकोपको सम्भावित समयअगावै निरन्तर | नगरपालिका | प्राविधिक आवश्यकता तथा उपलब्धता अनुसार (कम्तीमा एकपटक) | पशु विकास शाखा वा विषयगत क्षेत्र |
| ६ | पशु फार्म निर्माण गर्दा सुरक्षित ठाउँको छनोट | निरन्तर | नगरपालिका | एकपटक | पशु विकास शाखा वा विषयगत क्षेत्र |

### ३.१.४ स्वास्थ्य तथा पोषण क्षेत्रको सामान्य पूर्वतयारी योजना

विपद् घटनाअगावै प्रायः सबै प्रकोपका लागि गर्नुपर्ने स्वास्थ्य तथा पोषण विषयक्षेत्रको सामान्य पूर्वतयारी सम्बन्धी कार्यहरूको योजना देहायअनुसार तर्जुमा गरिएको छ :

| क्र.स. | सामान्य पूर्वतयारीका कार्यहरू | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय, संस्था |
|---|---|---|---|---|---|
| १ | विपद्पश्चात् तत्काल देखापर्ने स्वास्थ्य समस्या समाधानका लागि चाहिने औषधि भण्डारण गर्ने । | हरेक महिना औषधिको गुण अनुसार | नगर स्तर | २,००० जनाका लागि | वडा, स्वाथ्य संस्था र विषयगत क्षेत्र |
| २ | द्रुत प्रतिकार्य टोली, वडास्तरमा (rapid response team RRT) गठन गर्ने र अभिमुखीकरण गर्ने, क्षमता विकास र कार्यसूची तयार गर्ने । | स्वास्थ्य क्षेत्रको प्रोटोकलअनुसार | नगर स्तरीय स्वास्थ्य संस्था स्तर | वर्षमा एकपटक | स्वास्थ्य शाखा र विषयगत क्षेत्र स्वास्थ्य संस्था प्रमुख |
| ३ | प्रतिकार्यका लागि आवश्यक दक्ष मानव संशोधनको सूची तयार र अद्यावधिक गर्ने । | वडा संख्या र जनसंख्या अनुसार | नगर स्तर | नगरस्तरबाट ३ जना वडास्तर : ७ जना | विषयगत क्षेत्र वडा, संघसंस्था |
| ४ | स्वास्थ्यसम्बन्धी शिक्षण सामग्रीको व्यवस्था तथा स्वास्थ्य शिक्षाका लागि स्वास्थ्यकर्मीको व्यवस्था गर्ने । | नियमित | वडा स्तर | हरेक वडामा एक पटक | स्वास्थ्य शाखा र विषयगत क्षेत्र |
| ५ | कोभिड-१९ महामारी रोकथाम नियत्रण र परीक्षण तथा उपचारसम्बन्धी | नियमित | जोखिमयुक्त बस्तीहरू | वर्षमा कम्तीमा तीनपटक | स्वास्थ्य शाखा र विषयगत क्षेत्र |

| | | | | | |
|---|---|---|---|---|---|
| | जनचेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने । | | | | |
| ६ | स्थायी र अस्थायी स्वास्थ्य केन्द्र पहिचान गर्ने । | एकपटक | नगरपालिका | छिट्टै | स्वास्थ्य शाखा र विषयगत क्षेत्र |
| ७ | स्वास्थ्य क्षेत्रको जोखिमको आधारमा वर्गीकरण गर्दै सुरक्षा योजना तयार गर्ने, आकस्मिक योजना बनाउने । | प्रत्येक वर्ष अद्यावधिक गर्ने | नगरपालिका | यसै आर्थिक वर्षभित्र | स्वास्थ्य शाखा र विषयगत क्षेत्र |
| ८ | स्वास्थ्य संस्थामा आपत्कालीन अवस्थाका लागि आवश्यक पर्ने औषधि स्टकमा राख्ने जस्तैः सिटामोल, बेटाडिन, गेज, ब्यान्डेज, सुचर सेट, आइभि ड्रिप, क्यानुला, आइभी सेट ब्रुफेन, जाइलोकेन, पेनकिलर, लाइफ सेभिङ ड्रग्स, जीवनजल जिंक चक्की, ग्लोभ्स, सिरिन्ज साबुन, ड्रेसिङ सेट, स्ट्रेचर आदि । | प्रत्येक वर्ष अद्यावधिक गर्ने | स्वास्थ्य संस्थाहरूमा | यसै आर्थिक वर्षभित्र | स्वास्थ्य शाखा र विषयगत क्षेत्र |
| ९ | आवश्यक फारम र रजिस्टरहरू पहिले नै व्यवस्था गरी राख्ने (Logisitcs) । | प्रत्येक वर्ष अद्यावधिक गर्ने | स्वास्थ्य संस्थाहरूमा | यसै आर्थिक वर्षभित्र | स्वास्थ शाखा र विषयगत क्षेत्र |
| १० | प्राथमिक उपचारका बक्सहरू तयारी अवस्थामा राख्ने । | प्रत्येक वर्ष अद्यावधिक गर्ने | स्वास्थ्य संस्थाहरू, नगरपालिका र वडाहरूमा | यसै आर्थिक वर्षभित्र | स्वास्थ्य शाखा र विषयगत क्षेत्र |
| ११ | र्‍यापिड रेस्पन्स टिम (RRT) पुनर्गठन गर्ने उक्त टिमलाई समावेशी बनाउने । | प्रत्येक वर्ष अद्यावधिक गर्ने | स्वास्थ्य संस्थाहरूमा | यसै आर्थिक वर्षभित्र | स्वास्थ्य शाखा र विषयगत क्षेत्र |
| १२ | जनचेतनासम्बन्धी लिफ्लेट, फिलिप चार्ट तयार गर्ने साथै उक्त सामग्री सबैले पढ्न सक्ने तथा सबैले हेरेर बुझ्नसक्ने बनाउने विशेषगरी अपांगता भएका व्यक्तिहरूका लागि समेत रेडियो एफएमबाट । | प्रत्येक वर्ष अद्यावधिक गर्ने | स्वास्थ्य संस्थाहरूमा सूचना तथा सन्देश प्रसारण गर्ने | यसै आर्थिक वर्षभित्र | स्वास्थ्य शाखा र विषयगत क्षेत्र |
| १३ | मनोसामाजिक परामर्श दिने व्यक्ति तयार गर्ने र विपद् प्रभावित तथा लैंगिक | प्रत्येक वर्ष अद्यावधिक गर्ने | स्वास्थ्य संस्थाहरूमा | यसै आर्थिक वर्षभित्र | स्वास्थ्य शाखा र विषयगत क्षेत्र |

| | | | | | |
|---|---|---|---|---|---|
| | हिंसाबाट प्रभावित व्यक्तिलाई मनोसामाजिक परामर्श दिने । | | | | |
| १४ | अस्थायी शिविरका लागि आवश्यक पर्ने सामग्रीहरू टेन्ट तयारी अवस्थामा राख्ने । | प्रत्येक वर्ष अद्यावधिक गर्ने | स्वास्थ्य संस्था, नगरपालिका र वडाहरूमा | यसै आर्थिक वर्षभित्र | स्वास्थ्य शाखा र विषयगत क्षेत्र |
| १५ | अस्थायी शिविरका लागि आवश्यक पर्ने बेडहरू, उपचारका उपकरणहरू स्टकमा राख्ने । | प्रत्येक वर्ष अद्यावधिक गर्ने | स्वास्थ्य संस्थाहरूमा | यसै आर्थिक वर्षभित्र | स्वास्थ्य शाखा र विषयगत क्षेत्र |
| १७ | मातृशिशु तथा प्रसूति सेवा टोली तयार गरी राख्ने । | प्रत्येक वर्ष अद्यावधिक गर्ने | स्वास्थ्य संस्थाहरू, नगरपालिका र वडाहरूमा | यसै आथिक वर्षभित्र | स्वास्थ्य शाखा र विषयगत क्षेत्र |
| १८ | प्राथमिक उपचार गर्नसक्ने व्यक्ति तयार गर्ने । | प्रत्येक वर्ष अद्यावधिक गर्ने | स्वास्थ्य संस्थाहरू, नगरपालिका र वडाहरूमा | यसै आथिक वर्षभित्र | स्वास्थ्य शाखा र विषयगत क्षेत्र |
| १९ | गर्भवती, सुत्केरी महिला, बालबालिका पाँच वर्षमुनिका, ज्येष्ठ नागरिक अपांगता र संकटासन्न व्यक्तिहरूका लागि पोषणयुक्त खानाको व्यवस्था गर्ने । | प्रत्येक वर्ष अद्यावधिक गर्ने | स्वास्थ्य संस्थाहरू, नगरपालिका र वडाहरूमा | नियमित | स्वास्थ्य शाखा र विषयगत क्षेत्र |

### ३.१.५ खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धन क्षेत्रको सामान्य पूर्वतयारी योजना

विपद् घटनाअगावै सबै प्रकोपका लागि गर्नुपर्ने खानेपानी, सरसफाइ र स्वच्छता विषयक्षेत्रको सामान्य पूर्वतयारीसम्बन्धी कार्यहरूको योजना देहायअनुसार तर्जुमा गरिएको छ :

| क्र स | सामान्य पूर्वतयारीका कार्यहरू | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय, संस्था |
|---|---|---|---|---|---|
| १ | विपद्को समयमा खानेपानी शुद्धीकरणका लागि आवश्यक पर्ने क्लोरिन, पीयूषजस्ता औषधिको उचित भण्डारण गर्ने | प्रकोपको सम्भावित समयअगावै | नगरस्तरको भण्डारकक्ष / शाखा | वर्षमा कम्तीमा १ पटक ५,४०,००० चक्की SPHERE मापदण्ड अनुसार भण्डार गर्ने | स्वास्थ्य निरीक्षक र श्वास्थ्य संस्था, खानेपानी उपभोक्ता समिति, टोल सुधार महासंघ, |
| | विस्थापित भई शिविरमा बसेका छरछिमेक वा आफन्तको घरमा आश्रय लिएका, घरगोठ पूर्णरूपमा नष्ट भएका, आफन्त गुमाएका, घाइते भएकाहरूलाई स्वीकृत मापदण्ड बमोजिम राहत रकम उपलब्ध गराउने | नगरपालिका, नगर कार्यपालिका, स्थानीय विपद् व्यवस्थापन समिति, आर्थिक प्रशासन शाखा, वडास्तरीय समिति वडा कार्यालय | |

| | | | |
|---|---|---|---|
| | विपद्को संकटकाल घोषणा गर्नुपर्ने अवस्था भएमा जिल्ला विपद् व्यवस्थापन समितिसमक्ष सिफारिस गर्ने | स्थानीय विपद् व्यवस्थापन समितिको सिफारिसमा नगरकार्यपालिका मार्फत | |

### ३.३.३ खाद्य तथा कृषिक्षेत्रको प्रतिकार्य योजना

विपद् प्रतिकार्य गर्न खाद्य तथा कृषि क्षेत्रको प्रतिकार्य योजना आपत्कालीन प्रतिकार्य सम्बन्धी योजनाहरू देहाय अनुसार तर्जुमा गरिएको छ :

**मुख्य विपद्को किसिम** : भूकम्प, बाढी, पहिरो, आगलागी र अन्य ९ वटा प्रकोपबाट जनधनको क्षति ।

**अनुमानित अवस्था वा सम्भावित परिदृश्य :** उपर्युक्त प्रकोपका कारण विपद्को परिस्थितिमा नीलकण्ठ नगरपालिकाका ३०४ घरधुरीहरू तथा जम्मा १,४२२ व्यक्ति प्रभावित हुन सक्नेछन् । मानिसहरूलाई खानेकुराको अभाव रहनेछ । अन्नपात पुरिएको वा नष्ट भएको हुनेछ र इन्धन समेत हुने छैन । महिला, बालबालिका, अपांगता भएका व्यक्ति र ज्येष्ठ नागरिकहरूका लागि पोषिलो खानेकुराको अभाव हुनेछ ।

*(स्रोत : विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ अनुरूप भूकम्प जहिलेसुकै आउनसक्ने हुनाले पहिलो प्राथमिकीकरण गर्न आवश्यक देखिन्छ ।)*

**विषयगत उद्देश्य :**

- विपद् प्रभावित र दुर्घटनाग्रस्त क्षेत्रमा खाद्यान्न अभाव हुन नदिन प्रभावकारी व्यवस्था मिलाई थप घाइतेहरूको मृत्यु हुन नदिने गरी छिटो र प्रभावकारी व्यवस्था गर्ने ।
- प्रभावकारी रूपमा राहत वितरण गरी विपद्बाट हुने जनधनको क्षतिलाई न्यूनीकरण गर्ने र अवस्था बिग्रिन नदिने ।
- कृषि क्षेत्रमा भएको क्षतिको सूचना संकलन गर्ने ।
- कृषि क्षेत्रलाई चलायमान बनाउने ।

**खाद्य तथा कृषि क्षेत्रको (क्लस्टर) अगुवा र सहयोगी सदस्यहरूको विवरण**

| क्र.स | सम्पर्क व्यक्तिको नाम | संस्था | पद | सम्पर्क नम्बर | इमेल |
|---|---|---|---|---|---|
| १ | काशिराज रेग्मी | नीलकण्ठ नगरपालिका | नायब पशु स्वास्थ्य प्राविधिक पाचौं | ९८४१५४६८० | |
| २ | मनीषा तिवारी | नीलकण्ठ नगरपालिका | नायब प्राविधिक सहायक | ९८४३६०४३६८ | tiwarimanisha300@gmail.com |
| ३ | रमेश अधिकारी | नीलकण्ठ नगरपालिका | कार्यक्रम संयोजक | ९८५११२०८९० | ad.rsr3@gmail.com |

| विपद्को घटना पश्चात्को अवधि (समयावधि) | प्रतिकार्य सम्बन्धी क्रियाकलापहरू (विपद्का वेला गरिने आपत्कालीन क्रियाकलाप विपद्को प्रकृतिमा आधारित) | मुख्य जिम्मेवार निकाय, संस्था | सहयोगी निकाय |
|---|---|---|---|
| पहिलो दिन | सर्वेक्षण टोलीमा प्रतिनिधि पठाई क्षति सर्वेक्षण तथा आवश्यकता पहिचानमा सहयोग गर्ने आवश्यकता पहिचान परिमाणमा मात्र केन्द्रित नभई सुत्केरी, गर्भवती, ज्येष्ठ नागरिक र बिरामी आदिका लागि समेत आवश्यकता पहिचान गर्ने । | कृषि र पशु शाखा र विषयगत क्षेत्रका सदस्यहरू (पशु स्वास्थ्य प्राविधिक र नायब प्राविधिक सहायक) का साथै वि.व्य. समिति । | |
| दोस्रो दिन | विपद्बाट प्रभावित व्यक्तिहरूलाई खाद्यान्न वितरण गर्ने । | कृषि र पशु शाखा र विषयगत क्षेत्रका सदस्यहरू (पशु स्वास्थ्य प्राविधिक र नायब प्राविधिक सहायक) का साथै वि.व्य. समिति । | |
| तेस्रो दिन | सर्वेक्षण टोलीका सिफारिसका आधारमा आवश्यक खाद्य सामाग्रीको व्यवस्थापन गरी निर्धारित मापदण्ड बमोजिम वितरण गर्ने । | कृषि र पशु शाखा र विषयगत क्षेत्रका सदस्यहरू (पशु स्वास्थ्य प्राविधिक र नायब प्राविधिक सहायक) का साथै वि.व्य. समिति । | |
| पहिलो हप्ता | भण्डारण गरिएको खाद्य सामग्री अपुग हुने देखिएमा तत्काल खरिद गरी आपूर्तिको व्यवस्थापन मिलाउने । | कृषि र पशु शाखा र विषयगत क्षेत्रका सदस्यहरू (पशु स्वास्थ्य प्राविधिक र नायब प्राविधिक सहायक) का साथै वि.व्य. समिति । | |
| पहिलो महिना | थप सामग्री आवश्यक भएमा स्थानीय तहमा क्रियाशील मानवीय सहायता कार्यमा संलग्न निकायहरूसँग समन्वय तथा अनुरोध गर्ने । | कृषि र पशु शाखा र विषयगत क्षेत्रका सदस्यहरू (पशु स्वास्थ्य प्राविधिक र नायब प्राविधिक सहायक) का साथै वि.व्य. समिति । | |
| दोस्रो महिना | खाद्य सामग्री वितरणमा आइपरेका समस्या तथा चुनौतीहरूको विषयमा विषय क्षेत्रका समीक्षा बैठक गर्ने र निष्कर्षसहितको प्रतिवेदन स्थानीय विपद् व्यवस्थापन समितिमा पेश गर्ने । | कृषि र पशु शाखा र विषयगत क्षेत्रका सदस्यहरू (पशु स्वास्थ्य प्राविधिक र नायब प्राविधिक सहायक) का साथै वि.व्य. समिति । | |

### ३.३.४ स्वास्थ्य तथा पोषण क्षेत्रका प्रतिकार्य योजना

विपद् प्रतिकार्यका लागि स्वास्थ्य तथा पोषण क्षेत्रका प्रतिकार्य क्षेत्रको आपत्कालीन प्रतिकार्यसम्बन्धी कार्यहरूको योजना देहाय अनुसार तर्जुमा गरिएको छ :

**मुख्य विपद्का किसिम** : भूकम्प, बाढी, पहिरो, आगलागी र अन्य ९ वटा प्रकोपहरू ।

**अनुमानित अवस्था वा सम्भावित परिदृश्य :** उपर्युक्त प्रकोपका कारण विपद्को परिस्थितिमा नीलकण्ठ नगरपालिकाको ३०४ घरधुरीहरू प्रभावित हुँदा १,४२२ व्यक्ति प्रभावित भई उनीहरू शिविरमा बस्नुपर्ने अवस्था भएको, स्वास्थ्य संस्थाहरू भत्किएको, मानिसहरू घाइते भएका, बिरामी भएका, मृत्यु भएका र महामारी फैलिनसक्ने सम्भावना रहेको ।

**विषयगत उद्देश्य :**

- आरआरटी टोली परिचालन गरी घाइते व्यक्तिहरूको उपचार कार्यमा सहयोग पुऱ्याई थप क्षति हुन नदिने र गम्भीर प्रकृतिका घाइतेहरूलाई अस्पताल पठाउने व्यवस्था मिलाउने ।
- झाडापखाला, ज्वरो, टाइफाइड, दादुराजस्ता महामारी फैलिन नदिन जनचेतना फैलाउने र त्यसको व्यवस्थापन गर्ने ।
- संकटासन्न समूह जस्तै: गर्भवती तथा सुत्केरी महिलाहरू, ज्येष्ठ नागरिकहरू र अपांगता भएका व्यक्तिहरूलाई विशेष उपचारको व्यवस्था गर्ने ।

**स्वास्थ्य र पोषण क्लस्टर अगुवा र सहयोगी सदस्यहरूको विवरण**

| क.स | सम्पर्क व्यक्तिको नाम | संस्था | पद | सम्पर्क नम्बर | इमेल |
|---|---|---|---|---|---|
| १ | विष्णुप्रसाद रिजाल | नीलकण्ठ नगरपालिका | जनस्वास्थ्य अधिकृत सातौं | ९८४१५३१३६२ | rijalb96@yahoo.com |
| २ | शिव राना | नीलकण्ठ नगरपालिका | जनस्वास्थ्य निरीक्षक छैटौं | ९८५१०९६११६ | ranashiva@hotmail.com |
| ३ | मिश्रा सिलवाल | नीलकण्ठ नगरपालिका | वरिष्ठ अ.न.मि. | ९८४१६५६५२२ | silwalmishra@gmail.com |
| ४ | नेत्रबहादुर थापा | नीलकण्ठ नगरपालिका | सह लेखापाल | ९८६९३१०८६३ | netrathaha42@gmail.com |

| विपद्को घटनापछिको अवधि (समयावधि) | प्रतिकार्यसम्बन्धी क्रियाकलापहरू (विपद्को अवस्थामा गरिने आपत्कालीन क्रियाकलाप, विपद्को प्रकृतिमा आधारित) | मुख्य जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|
| पहिलो दिन | • नगरपालिका स्तरीय स्वास्थ्य तथा पोषण क्लस्टरको आपत्कालीन बैठक बोलाउने ।<br>• ० देखि एक घण्टाभित्र, जानकारी गराउने र RRT Team परिचालन गर्ने ।<br>• आरआरटी टिम परिचालन गरी घाइतेहरूको प्राथमिक उपचार गर्ने, घाइतेहरूको अवस्था विश्लेषण गरी गम्भीर प्रकृतिका घाइतेहरूलाई तुरुन्त अस्पताल पुऱ्याउने व्यवस्था गर्ने र रिफर गर्नुपर्ने स्थानमा रिफर गर्ने ।<br>• एक आपसमा सक्रिय भई, समन्वय गर्ने र स्वास्थ्य संस्थालाई जानकारी गराउने ।<br>• के कति प्रभावित भए भन्ने बारे ० देखि २ घण्टाभित्र खबर निरन्तर गर्ने । | स्वास्थ्य शाखा, विषय क्षेत्र र स्वास्थ्य निरीक्षक | स्वास्थ्य कार्यालय, अस्पताल, रेडक्रस, वडा, स्वास्थ्य संस्था र अन्य आवश्यक विषयगत क्षेत्र |

| | | | |
|---|---|---|---|
| | • घाइते भएका, मृत्यु भएका व्यक्तिहरूको तत्काल प्रारम्भिक तथ्याङ्क संकलन गर्ने ।<br>• अस्थायी टेन्ट तथा पालको व्यवस्था गरी स्वास्थ्य सेवा प्रवाह गर्ने ।<br>• सर्वेक्षण टोलीमा प्रतिनिधि पठाई सर्वेक्षण तथा आवश्यकता पहिचान कार्यमा सहयोग गर्ने । | | |
| दोस्रो दिन | • स्वास्थ्य संस्थाहरूमा रहेको आरआरटीलाई परिचालन गरी घाइतेहरूको उपचार गर्ने र रिफर गर्ने ।<br>• आवश्यक औषधि, उपकरणहरू र जनशक्तिको व्यवस्था गर्ने र स्वास्थ्य सेवा प्रवाह गर्ने ।<br>• स्वास्थ्य कार्यालयसँग, अस्पतालसँग समन्वय गरी थप आवश्यक सहयोग माग गर्ने ।<br>• RRT परिचालन गरी परामर्श, थप उपचार गर्ने<br>• विपद्को घटनामा घाइते भएकाहरूको प्राथमिक उपचार गर्ने । | स्वास्थ्य शाखा, विषय क्षेत्र, स्वास्थ्य निरीक्षक र नगरपालिका | वडा, स्वास्थ्य संस्था र अन्य आवश्यक विषयगत क्षेत्र |
| पहिलो हप्ता | • स्वास्थ्य शिविर खडा गर्ने र उपचार सेवा दिने ।<br>• घाइते तथा मृत्यु भएका व्यक्तिहरूको तथ्याङ्क संकलन गर्ने ।<br>• स्वास्थ्य कार्यालय, अस्पतालसँग समन्वय गरी आवश्यक थप औषधि, जनशक्ति सहयोग माग गर्ने ।<br>• निजी क्षेत्रका स्वास्थ्य निकायहरूसँग समन्वय गर्ने ।<br>• बालबालिकाहरूको पोषणको अवस्था पहिचान गर्ने र सोको आधारमा व्यवस्थापन गर्ने ।<br>• शिविरमा किटनाशक औषधिहरू छर्कने ।<br>• सम्बन्धित निकायमा विवरण पठाउने ।<br>• अतिसंकटासन्न समूह जस्तैः अपांगता, बालबालिका, वृद्धवृद्धाहरू, गर्भवती र सुत्केरी महिलाको मृत्यु | स्वास्थ्य शाखा, विषय क्षेत्र र स्वास्थ्य निरीक्षक | स्वास्थ्य संस्था, वडा र अन्य आवश्यक विषयगत क्षेत्र |

| | | | |
|---|---|---|---|
| | भएमा उनीहरूको स्वास्थ्य समस्या सहितको तथ्याङ्क लिने ।<br>● सुत्केरी सेवा, आपत्कालीन प्रसूति सेवा, पोषण सेवा, परिवार नियोजन सेवा तथा क्षयरोग, एचआईभी एड्स आदिका लागि अत्यावश्यक दैनिक औषधि सेवन गर्ने व्यक्तिहरूलाई उपलब्ध गराउने ।<br>● RRT परिचालन गरी परामर्श तथा थप उपचार गर्ने ।<br>● स्थानीय स्तरमा उपचार हुन नसक्ने घाइते तथा बिरामीलाई नजिकको स्वास्थ्यकेन्द्र वा अस्पताल लैजान व्यवस्था मिलाउने । | | |
| पहिलो महिना | ● बिरामीहरूको फलोअप गर्ने ।<br>● स्वास्थ्य सेवा प्रवाहलाई बालबालिका, महिला तथा अपांगतामैत्री बनाई थप व्यवस्थित बनाउने ।<br>● पालिकास्तरीय विपद् व्यवस्थापन समितिलाई मासिक विवरण पठाउने ।<br>● झाडापखाला, ज्वरो, टाइफाइड रोगविरुद्ध सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने<br>● मनोसामाजिक परामर्श सेवा दिने ।<br>● स्वास्थ्य शिविर सञ्चालन गर्ने । | स्वास्थ्य शाखा, विषय क्षेत्र र स्वास्थ्य निरिक्षक | स्वास्थ्य संस्था, वडा र अन्य आवश्यक विषयगत क्षेत्र |
| दोस्रो महिना | ● स्वास्थ्य सेवा सञ्चालनको निरन्तर अनुगमन र मूल्यांकन गर्ने ।<br>● आवश्यकताअनुसार स्वास्थ्य शिविर सञ्चालन गर्ने ।<br>● विपद् प्रभावित स्थानमा स्वास्थ्य शिविर सञ्चालन गर्ने | स्वास्थ्य शाखा, विषय क्षेत्र र स्वास्थ्य निरीक्षक | स्वास्थ्य संस्था, वडा र अन्य आवश्यक विषयगत क्षेत्र |
| तेस्रो महिना | ● स्वास्थ्य सेवा सञ्चालनको निरन्तर अनुगमन र मूल्यांकन गर्ने ।<br>● आवश्यकताअनुसार स्वास्थ्य शिविर सञ्चालन गर्ने ।<br>● गर्भवती महिला, सुत्केरी बालबालिका, ज्येष्ठ नागरिक | स्वास्थ्य शाखा, विषय क्षेत्र र स्वास्थ्य निरीक्षक | स्वास्थ्य संस्था, वडा र अन्य आवश्यक विषयगत क्षेत्र |

| | | | |
|---|---|---|---|
| | तथा अपांगता भएका व्यक्तिहरूलाई आवश्यकता अनुसार स्वास्थ्य सेवा प्रदान गर्ने तथा पोषणयुक्त खानेकुरा वितरणको व्यवस्था मिलाउन खाद्य तथा पोषण क्षेत्रलाई सिफारिस गर्ने । | | |
| तेस्रो महिना र अरू केही समय | औषधि, व्यक्तिगत सुरक्षा सामग्री (पिपिई सेट, सर्जिकल मास्क, स्यानिटाइजर, साबुन) तथा उपकरण (थर्मल गन, भेन्टिलेटर, फ्रिज टेस्टिङ किट ) लगायतका सामग्रीहरू पहिचान गरी सोको व्यवस्था गर्ने | स्वास्थ्य शाखा, विषय क्षेत्र र स्वास्थ्य निरीक्षक | स्वास्थ्य संस्था, वडा र अन्य आवश्यक विषयगत क्षेत्र |

### ३.३.५ खानेपानी सरसफाइ तथा स्वच्छता प्रवर्द्धन क्षेत्रको प्रतिकार्य योजना

विपद् प्रतिकार्य गर्न खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धन क्षेत्रका आपत्कालीन प्रतिकार्य सम्बन्धित कार्यहरूको योजना देहाय अनुसार तर्जुमा गरिएको छ :

**मुख्य विपद्को किसिम** : भूकम्प, बाढी, पहिरो, आगलागी र अन्य ९ वटा प्रकोपबाट खानेपानीको संरचनामा क्षति भई खानेपानी तथा सरसफाइका लागि पानी अभाव ।

**अनुमानित अवस्था वा सम्भावित परिदृश्यः** उपर्युक्त प्रकोपका कारण विपद्को परिस्थितिमा नीलकण्ठ नगरपालिकाका १५,२३९ घरधुरीमध्ये ३०४ घरधुरी प्रभावित हुँदा ७१,१३१ मध्ये १,४२२ व्यक्ति समेत प्रभावित भई शिविरमा बस्नुपर्ने अवस्था हुनेछ । खानेपानीको पाइपलाइन र मुहान बिग्रिएको, पानीमा दूषित र अखाद्य पदार्थ मिसिएको, शिविरमा पिउनयोग्य पानी र सरसफाइका लागि पानी अभाव हुने अवस्था सिर्जना हुनेछ । शौचालय नहुँदा जथाभावी दिसापिसाब गर्दा महामारी फैलिने जोखिम बढ्ने र प्रभावितहरूले दूषित खानेपानी उपभोग गर्नुपर्ने अवस्थाको सिर्जना हुनसक्ने देखिन्छ ।

**विषयगत क्षेत्रको उद्देश्य :**

- वैकल्पिक खानेपानीको व्यवस्था मिलाई विपद्मा परेका व्यक्तिहरूलाई स्वच्छ खानेपानी र सरसफाइको व्यवस्था मिलाउने ।
- शिविरमा रहेको अवस्थामा महामारी फैलिन नदिनका लागि शिविर तथा शौचालय व्यवस्थापनको कार्य व्यवस्थित गर्ने ।
- पानी शुद्धीकरणसम्बन्धी व्यवस्था मिलाउने ।
- पानी वितरण कार्य व्यवस्थित गरी सबैको स्वच्छ खानेपानीको सेवामा पहुँच बढाउने ।

खानेपानी तथा सरसफाइ क्लस्टर अगुवा र सहयोगी

**सदस्यहरूको विवरण**

| क.सं. | सम्पर्क व्यक्तिको नाम | संस्था | पद | सम्पर्क नम्बर | इमेल |
|---|---|---|---|---|---|
| १ | शिव राना | नीलकण्ठ नगरपालिका | स्वास्थ्य निरीक्षक छैटौं | ९८५१०९६११६ | ranashiva@hotmail.com |
| २ | मिश्रा सिलवाल | नीलकण्ठ नगरपालिका | अ.न.मि | ९८४१६५६५३२ | silwalmishra@gmail.com |
| ३ | शेरबहादुर भण्डारी | डेक (DEC) नेपाल | प्रमुख | ९८५१०१७६०८ | sherbb8@gamil.com |
| ४ | कृष्णप्रसाद लम्साल | नेपाल रेडक्रस सोसाईटी | कोषाध्यक्ष | ९८५००२३७४ | krishnalamsal28@gmail.com |

| **विपद्को घटना पश्चात्को अवधि (समयावधि)** | **विपद् प्रतिकार्य सम्बन्धी क्रियाकलापहरू विपद्का वेला गरिने आपत्कालीन क्रियाकलाप विपद्को प्रकृतिमा आधारित** | **मुख्य जिम्मेवार निकाय** | **सहयोगी निकाय** |
|---|---|---|---|
| पहिलो दिन | ० देखि एक घण्टा सूचना तथा जानकारी संकलन गर्ने ।<br>० देखि दुई घण्टा बैठक बस्ने, घटनास्थल अवलोकन गर्ने ।<br>**० देखि १० घण्टा** : स्थानीयस्तर तथा उपभोक्ता समिति, टोल सुधार समिति र पालिकासँग भएको आवश्यक सामग्री वितरण गरी सुचारु गर्ने ।<br>**० देखि २४ घण्टा** : घटनाको विश्लेषण गरी आवश्यक सामान माग गर्ने ।<br>नगरस्तरीय विपद् व्यवस्थापन समितिको बैठकमा भाग लिने ।<br>● अस्थायी रूपमा प्रभावितहरूलाई पानी वितरण गर्ने ।<br>● खानेपानीको अवस्थाको बारेमा सर्भेको तयारी गर्ने ।<br><br>सर्वेक्षण टोलीमा प्रतिनिधि पठाई क्षति सर्वेक्षण तथा आवश्यकता पहिचान कार्यमा सहयोग गर्ने । | स्वास्थ्य निरीक्षक, खानेपानी तथा सरसफाइ क्षेत्र र नगरपालिकाको सामाजिक विकास शाखा | अन्य विषयगत क्षेत्रहरू |
| दोस्रो दिन | ● खानेपानी ढुवानी गर्ने । पाइप जडान गर्ने, ट्यांकी मर्मत गर्ने ।<br>● अस्थायी रूपमा प्रभावितहरूलाई पानी वितरण गर्ने । | जनस्वास्थ्य निरीक्षक खानेपानी तथा सरसफाइ क्षेत्र र नगरपालिकाको सामाजिक विकास शाखा | अन्य विषयगत क्षेत्रहरू |

| | | | |
|---|---|---|---|
| | ● पीयूष, क्लोरिन चक्की वितरण तथा चक्कीको प्रयोग गरी पानी शुद्धीकरण गर्ने ।<br>● विपद् प्रभावित क्षेत्र वा शिविर सञ्चालन भएको स्थानमा शुद्ध खानेपानीको प्रबन्ध गर्ने | | |
| पहिलो हप्ता | ● पाइप मर्मत गर्ने, खानेपानी सेवा प्रवाह गर्ने ।<br>● पानी ट्यांकीमार्फत पानी वितरण गर्ने ।<br>● शिविरहरूमा अस्थायी ट्यांकीहरू खडा गरी पानी भण्डारण गरी वितरण गर्ने ।<br>● पाइपलाइन मर्मत, मुहान संरक्षण गर्ने र खानेपानीको व्यवस्था गर्नुका साथै पानी शुद्धीकरणका सामग्रीहरू, पीयूष, अक्वागार्ड आदि वितरण र प्रयोग गर्ने तरिका बताउने ।<br>● अस्थायी चर्पी निर्माण गर्ने र सो कार्य गर्दा महिला, अपांगता मैत्री, ज्येष्ठ नागरिक, गर्भवती महिला तथा बालमैत्रीमा पनि ध्यान दिने ।<br>● टोलटोल वा शिविरमा अस्थायी खानेपानी ट्यांकीको व्यवस्था गर्ने ।<br>● पाइपलाइन मर्मत, मुहान संरक्षणजस्ता कार्य निरन्तर जारी राख्ने ।<br>● पानीबाट हुनसक्ने जोखिम कम गर्न जनचेतना फैलाउने ।<br>● प्रभावित भएका व्यक्तिहरूलाई हाइजिन किटहरू विशेष प्राथमिकताका साथ वितरण गर्ने ।<br>● सरोकारवाला संस्थालाई परिचालन गर्ने ।<br>● खानेपानीको आवश्यकता र यसको प्रयोगबारे विस्तृत रूपमा सर्वेक्षण गरी आवश्यकता पहिचान गर्ने<br>● विपद्का कारण सिर्जित फोहोर व्यवस्थापनको कार्य गर्ने र डम्पिङ साइटमा फाल्ने । | जनस्वास्थ्य निरीक्षक खानेपानी तथा सरसफाइ क्षेत्र र नगरपालिकाको सामाजिक विकास शाखा | अन्य विषयगत क्षेत्रहरू |
| पहिलो महिना | ● आवश्यकताअनुसार खानेपानी तथा शुद्धीकरणका सामग्रीहरू वितरण गर्ने ।<br>● शुद्धीकरण गर्ने यन्त्रहरू जडान गरी पानी शुद्धीकरण गरी वितरण गर्ने । | खानेपानी र सरसफाइ एकाइ शाखा, विषयक्षेत्र नेपाल रेडक्रस सोसाइटी | |

| | | | |
|---|---|---|---|
| | • हात धुने, पानी प्रयोग र पानी शुद्धीकरणका सामग्री प्रयोगसम्बन्धी जनचेतना कार्यक्रम चलाउने ।<br>• पीयूष, क्लोरिनजस्ता खानेपानी शुद्धीकरणका औषधि तथा व्यक्तिगत सरसफाइ तथा स्वच्छता कायम गर्न सचेतनामूलक कार्यक्रम गर्ने, विपद् पोर्टल र MEOC मा अपडेट गर्ने । | | |
| दोस्रो महिना | • पहिलो महिना गरिआएको कामलाई निरन्तरता दिने ।<br>• अनुगमन गर्ने ।<br>• खानेपानी सरसफाइ तथा स्वच्छता प्रवर्द्धन क्षेत्रको विपद् प्रतिकार्यको समीक्षा गरी प्रतिवेदन सार्वजनिक गर्ने । | जनस्वास्थ्य निरीक्षक खानेपानी तथा सरसफाइ क्षेत्र र नगरपालिकाको सामाजिक विकास शाखा | अन्य विषयगत क्षेत्रहरू |
| तेस्रो महिना | • दोस्रो महिनाको कार्य निरन्तर गर्ने । अनुगमन गर्ने र आवश्यकताअनुसार सुधार गर्दै लैजाने । | जनस्वास्थ्य निरीक्षक खानेपानी तथा सरसफाइ क्षेत्र र नगरपालिकाको सामाजिक विकास शाखा | अन्य विषयगत क्षेत्रहरू |

### ३.३.६ आपत्कालीन आश्रय र गैरखाद्य सामग्री क्षेत्रको प्रतिकार्य योजना

विपद् प्रतिकार्य गर्न आपत्कालीन आश्रय र गैरखाद्य सामग्री क्षेत्रको आपत्कालीन प्रतिकार्य सम्बन्धित कार्यहरूको योजना देहाय अनुसार तर्जुमा गरिएको छ :

**मुख्य विपद्का किसिम** : भूकम्प, बाढी, पहिरो, आगलागी र अन्य ९ वटा प्रकोपबाट घर, गोठ र अन्य संरचनामा क्षति भई खाद्य र गैरखाद्य सामग्रीको अभाव भई वासस्थान नभएको ।

**अनुमानित अवस्था वा सम्भावित परिदृश्य :** उपर्युक्त प्रकोपका कारण विपद्को परिस्थितिमा नीलकण्ठ नगरपालिकाका ३०४ घरधुरीहरू प्रभावित हुँदा १,४२२ व्यक्ति समेत प्रभावित भई शिविरमा वस्नुपर्ने अवस्था भएको, सबैजसो घरमा रहन नसक्ने अवस्था भएको र खाद्य र गैरखाद्य सामग्रीको समेत अभाव भएको । शिविरमा रहेका विभिन्न उमेर समूहका बालबालिका, वृद्धवृद्धा र अन्य जोखिम समूहलाई खानेकुरा र गैरखाद्य वस्तुको अभाव रहेको ।

**विषयगत क्षेत्रको उद्देश्य :**

- वैकल्पिक खाना पकाउने सरसामान र खानेकुराको व्यवस्था मिलाई वासस्थानको बन्दोबस्त मिलाउने ।
- शिविरमा रहेको खण्डमा राहत वितरणलाई व्यवस्थित गर्ने ।
- शिविरमा रहेका उमेर समूहका बालबालिका, वृद्धवृद्धा र अन्य जोखिम समूहलाई स्पियर मापदण्डअनुसारको खाद्यसामग्रीको व्यवस्था मिलाउने ।
- खाद्य, गैरखाद्य र वासस्थान व्यवस्थित गरी सबैलाई सेवामा पहुँच बढाउने ।

**आपत्कालीन आश्रय र गैरखाद्य सामग्री क्षेत्र अगुवा र सहयोगी सदस्यहरूको विवरण**

| क्र.सं. | सम्पर्क व्यक्तिको नाम | संस्था | पद | सम्पर्क नम्बर | इमेल |
|---|---|---|---|---|---|
| १ | हरिकुमार श्रेष्ठ | नीलकण्ठ नगरपालिका | कार्यालय सहायक चौथा, (जिन्सी शाखा) | ९८४१७१७९११ | NA |
| २ | तेजबहादुर लामिछाने | नीलकण्ठ नगरपालिका | नगर प्रहरी नायब निरीक्षक | ९८४०३१२०३० | NA |
| ३ | राम थापा | नीलकण्ठ नगरपालिका | नगर प्रहरी जवान | ९८४१०६४२३२ | NA |
| ४ | कृष्णलाल श्रेष्ठ | | इन्जिनियर | ९८४१३९२२८८ | kilashrestha@gmail.com |

| विपद्को घटनापश्चात्को अवधि (समयावधि) | विपद् प्रतिकार्यसम्बन्धी क्रियाकलापहरू | मुख्य जिम्मेवार निकाय, संस्था | सहयोगी निकाय |
|---|---|---|---|
| पहिलो दिन | सर्वेक्षण टोलीमा प्रतिनिधि पठाई क्षति सर्वेक्षण तथा आवश्यकता पहिचान कार्यमा सहयोग गर्ने । | नगर प्रहरी नायब निरीक्षक, वातावरण तथा विपद् व्यवस्थापन शाखा, विषयक्षेत्र, नेपाल रेडक्रस सोसाइटी | अन्य विषयगत क्षेत्र |
| दोस्रो दिन | पहिलो दिनको कार्यलाई आवश्यकताको आधारमा निरन्तरता दिने र पहिचान भएको सुरक्षित स्थानमा आश्रय वा वासका लागि अस्थायी संरचना निर्माण गर्ने । | नगर प्रहरी नायब निरीक्षक, कार्यालय सहायक वातावरण तथा विपद् व्यवस्थापन शाखा, विषयक्षेत्र, नेपाल रेडक्रस सोसाइटी, जिन्सी शाखा | अन्य विषयगत क्षेत्र |
| तेस्रो दिन | आवश्यक गैरखाद्य सामग्रीको वितरण गर्ने । (लत्ताकपडा, भाँडाकुँडा, त्रिपाल आदि...) | नगर प्रहरी नायब निरीक्षक, कार्यालय सहायक वातावरण तथा विपद् व्यवस्थापन शाखा, विषयक्षेत्र, नेपाल रेडक्रस सोसाइटी, जिन्सी शाखा | अन्य विषयगत क्षेत्र |
| पहिलो हप्ता | पहिलो र दोस्रो दिनको कार्यलाई आवश्यकताको आधारमा निरन्तरता दिने र आवश्यकताको आधारमा थप सहयोग चाहिएमा जिल्ला, प्रदेश र केन्द्रमा खबर गर्ने । | | अन्य विषयगत क्षेत्र |
| पहिलो महिना | पहिलो हप्ताको कार्यलाई आवश्यकताको आधारमा निरन्तरता दिने र जिल्ला, प्रदेश र केन्द्रबाट प्राप्त थप सहयोगको उचित प्रयोग गरी आपत्कालीन आश्रय र गैरखाद्य सामग्री क्षेत्रको विपद् प्रतिकार्यको समीक्षा गरी प्रतिवेदन सार्वजनिक गर्ने । | नगर प्रहरी नायब निरीक्षक, कार्यालय सहायक वातावरण तथा विपद् व्यवस्थापन शाखा, विषयक्षेत्र, नेपाल रेडक्रस सोसाइटी | अन्य विषयगत क्षेत्र |

### ३.३.७ संरक्षण तथा सुरक्षाक्षेत्रको प्रतिकार्य योजना

संरक्षण तथा सुरक्षाक्षेत्रको आपत्कालीन प्रतिकार्यसम्बन्धी कार्यहरूको योजना देहाय अनुसार तर्जुमा गरिएको छ ।

**मुख्य विपद्का किसिमः** भूकम्प, बाढी, पहिरो, आगलागी र अन्य ९ वटा प्रकोपबाट घर, गोठ र अन्य संरचनामा क्षति भई शिविरमा रहेका विभिन्न उमेर समूहका ज्येष्ठ नागरिक, सुत्केरी महिला, अपांगता भएका व्यक्ति, यौनिक अल्पसंख्यक, एकल महिला, बालबालिका र अन्य जोखिम समूहलाई संरक्षण तथा सुरक्षाको व्यवस्था गर्नुपर्ने ।

**अनुमानित अवस्था वा सम्भावित परिदृश्य :** उपर्युक्त प्रकोपका कारण विपद्को परिस्थितिमा नीलकण्ठ नगरपालिकाको ३०४ घरधुरीहरू प्रभावित हुँदा १,४२२ व्यक्ति समेत प्रभावित भई शिविरमा बस्नुपर्ने अवस्था भएको, सबैजसो घरहरूमा रहन नसक्ने अवस्था भएको र शिविरमा रहेका विभिन्न उमेर समूहका बालबालिका, सुत्केरी महिला, अपांगता भएका व्यक्ति, वृद्धवृद्धा र अन्य जोखिम समूहलाई खानेकुरा र गैरखाद्य वस्तुको अभाव रहेकाले संरक्षण तथा सुरक्षाको व्यवस्था गर्नुपर्ने ।

**विषयगत क्षेत्रको उद्देश्य :**

- वैकल्पिक खाना पकाउने सरसामान र खानेकुराको व्यवस्था गर्दा महिला, विभिन्न उमेर समूहका बालबालिका, वृद्धवृद्धा र अन्य जोखिम समूहलाई खानेकुरा र गैरखाद्य वस्तुको उचित व्यवस्थामा ध्यान दिने ।
- शिविरमा रहेका विभिन्न उमेर समूहका बालबालिका, वृद्धवृद्धा र अन्य जोखिम समूहलाई स्पियर मापडण्ड अनुसारको खाद्य सामग्रीको व्यवस्था मिलाउने ।
- खाद्य, गैरखाद्य र वासस्थान व्यवस्थित गरी सबैको सेवामा पहुँच बढाउने ।
- शिविरमा रहेको खण्डमा राहत वितरणलाई व्यवस्थित गर्दा महिला, उमेर समूहका बालबालिका, ज्येष्ठ नागरिक र अन्य जोखिम समूहलाई सहज हुने गरी गर्ने ।

**संरक्षण तथा सुरक्षा क्षेत्र अगुवाहरू र सहयोगी सदस्यहरूको विवरण**

| क्र.सं. | सम्पर्क व्यक्तिको नाम | संस्था | पद | सम्पर्क नम्बर | इमेल |
|---|---|---|---|---|---|
| १ | निर्मला केसी | नीलकण्ठ नगरपालिका | महिला विकास निरीक्षक पाँचौं | ९८४१४२७२४४ | kcnirmala272@gmail.com |
| २ | सरस्वती घिमिरे | नीलकण्ठ नगरपालिका | कम्प्युटर अपरेटर | ९८६९७४८३३६ | Sarughimire7@gmail.com Comp.neelakanthamun@gmail.com |
| ३ | रोशन कोइराला | नीलकण्ठ नगरपालिका | प्रमुख, पञ्जीकरण तथा सामाजिक सुरक्षा शाखा | ९८५१२१३२२० | mis.neelakanthamun@gmail.com abiral.rkoirala@gmail.com |
| ४ | सृजना गुरुङ |  | न्यायिक सहजकर्ता | ९८४०२९१६६६ | srizanatamu02@gmail.com |

| विपद्को घटनापश्चात्को अवधि (समयावधि) | प्रतिकार्यसम्बन्धी क्रियाकलापहरू | मुख्य जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|
| पहिलो दिन | सर्वेक्षण टोलीमा प्रतिनिधि पठाई क्षति सर्वेक्षण तथा आवश्यकता पहिचान कार्य सहयोग गर्ने । | महिला तथा बालबालिका शाखा, महिला विकास निरीक्षक र विषयक्षेत्र | अन्य विषयगत क्षेत्रहरू |
| दोस्रो दिन | पहिलो दिनको कार्यलाई आवश्यकताको आधारमा निरन्तरता दिने र पहिचान भएका आवश्यकता बमोजिम गर्भवती महिला, सुत्केरी बालबालिका अपांगता भएका व्यक्ति र ज्येष्ठ नागरिकका लागि आवश्यक सामग्रीहरूको दैनिक सूची तयार गरी सामग्री जुटाउने र वितरण गर्ने । | महिला तथा बालबालिका शाखा, महिला विकास निरीक्षक र विषयक्षेत्र | अन्य विषयगत क्षेत्रहरू |
| पहिलो हप्ता | विशिष्ट आवश्यकताअनुसारका सामग्री जस्तैः डिग्निटी किट वितरण गर्ने । | महिला तथा बालबालिका शाखा, महिला विकास निरीक्षक र विषयक्षेत्र | अन्य विषयगत क्षेत्रहरू |
| पहिलो हप्ता | विपद्को घटनाबाट प्रभावित व्यक्ति र परिवारका सदस्य गुमाएका व्यक्तिहरूको मानसिक अवस्थाको आँकलन गरी मनोसामाजिक परामर्श सेवा उपलब्ध गराउने । | महिला तथा बालबालिका शाखा, महिला विकास निरीक्षक र विषयक्षेत्र | अन्य विषयगत क्षेत्रहरू |
| पहिलो महिना | पहिलो हप्ताको कार्यलाई आवश्यकताको आधारमा निरन्तरता दिने र जिल्ला, प्रदेश र केन्द्रबाट प्राप्त थप सहयोगको उचित प्रयोग गरी संरक्षण तथा सुरक्षा क्षेत्रको विपद् प्रतिकार्यको समीक्षा गरी प्रतिवेदन तयार गर्ने । | महिला तथा बालबालिका शाखा, महिला विकास निरीक्षक र विषयक्षेत्र | अन्य विषयगत क्षेत्रहरू |

### ३.३.८ आपत्कालीन शिक्षाक्षेत्रको प्रतिकार्य योजना

विपद्का कारण शिक्षाक्षेत्रमा परेको प्रभाब र आपत्कालीन प्रतिकार्यसम्बन्धी कार्यहरूको योजना देहाय अनुसार तर्जुमा गरिएको छ । (सामुदायिक विद्यालय ९० (मावि २९, निमावि १२, प्रावि ४९) तथा संस्थागत विद्यालय १३ गरी जम्मा १०३ विद्यालय ।)

**मुख्य विपद्का किसिम** : भूकम्प, बाढी, पहिरो, आगलागी र अन्य ९ वटा प्रकोपले शिक्षा क्षेत्रमा क्षति पुगेको ।

**अनुमानित अवस्था वा सम्भावित परिदृश्य :** उपर्युक्त प्रकोपका कारण विपद्को परिस्थितिमा नीलकण्ठ नगरपालिकाका ३०४ घरधुरीहरू प्रभावित हुँदा १,४२२ व्यक्तिका साथै ९९ बालबालिकाहरू प्रभावित भई केही विद्यालयमा क्षति हुँदा शिक्षिका र शिक्षकाहरूसमेत हताहत भएको र शिविरमा बस्नुपर्ने अवस्था आएको ।

**विषयगत उद्देश्य :**

- विद्यालय शान्ति क्षेत्रका रूपमा उत्थानशील प्रवर्द्धन गर्नु ।
- बालबालिकालाई सुरक्षित ठाउँमा पुऱ्याउनु ।
- पठनपाठनका लागि भयरहित वातावरण तयार गर्ने गरी पठनपाठनलाई निरन्तरता दिनु ।

**आपत्कालीन शिक्षा क्लस्टर अगुवा र सहयोगी सदस्यहरूको विवरण**

| क्र.सं. | सम्पर्क व्यक्तिको नाम | संस्था | पद | सम्पर्क नम्बर | इमेल |
|---|---|---|---|---|---|
| १ | तुलबहादुर महत | नीलकण्ठ नगरपालिका | शाखा अधिकृत | ९८५११३८६५० | io.neelakanthamun@gmail.com |
| २ | मेघनाथ कोइराला | नीलकण्ठ नगरपालिका | स्रोतव्यक्ति | ९८५१२७८२३२ | edu.neelakanthamun@gmail.com |
| ३ | कृष्णप्रसाद लम्साल | नीलकण्ठ नगरपालिका | प्रा.स. | ९८४१४४०८३० | edu.neelakanthamun@gmail.com |

| विपद्को घटनापश्चात्को अवधि (समयावधि) | प्रतिकार्यसम्बन्धी क्रियाकलापहरू | मुख्य जिम्मेवार निकाय, संस्था | सहयोगी निकाय |
|---|---|---|---|
| पहिलो दिन | • **० देखि १ घण्टा :** सुरक्षित स्थानान्तरण गराउने<br>• **० देखि १ घण्टा :** आपत्कालीन शिक्षाक्षेत्रको आकस्मिक बैठक बोलाउने र पालिकाको बैठकमा भाग लिने ।<br>• **० देखि २४ घण्टा :** घाइते भएका विद्यार्थी, शिक्षकको उद्धार र प्राथमिक उपचार गर्ने ।<br>• अतिसंकटासन्न समूहलाई प्राथमिकता दिने ।<br>• सर्वेक्षण टोलीमा प्रतिनिधि पठाई क्षति सर्वेक्षण तथा आवश्यकता पहिचान कार्यमा सहयोग गर्ने । | शाखाअधिकृत, शिक्षा शाखा, विषय क्षेत्र र विद्यालय | अन्य विषयक्षेत्र केन्द्र, विद्यालय र सामुदायिक संघसंस्था |
| दोस्रो दिन | क्षतिग्रस्त विद्यालयको संख्या, घाइते विद्यार्थीको संख्या, घाइते शिक्षक तथा कर्मचारीको संख्या, मृतकको संख्याबारे प्रारम्भिक तथ्याङ्क संकलन गर्ने । | शाखाअधिकृत, शिक्षा शाखा, विषयक्षेत्र र विद्यालय | अन्य विषयक्षेत्र, रेडक्रस, स्काउट लगायतका |

| | | | |
|---|---|---|---|
| | विपद्बाट प्रभावित विद्यालयहरूको सूची तयार गरी सम्बन्धित विद्यालयबाट विद्यार्थीहरूले गुमाएका पठनपाठनका सामग्रीहरूको विवरण तयार गर्ने । | | बालक्लबहरू |
| पहिलो हप्ता | • शिक्षाक्षेत्रमा भएका क्षतिको विस्तृत विवरण संकलन गर्ने र आवश्यकता पहिचान गर्ने ।<br>• शिक्षक र अभिभावक छलफल गर्ने ।<br>• विद्यालय भवनहरू भत्किएका छन् भने अस्थायी सिकाइ केन्द्र तयार गर्न कार्य शुरु गर्ने ।<br>• बालबालिकाहरूलाई मनोपरामर्श सेवा सञ्चालन गर्ने र भयरहित वातावरणमा कक्षा सञ्चालन गर्न सचेतना अभियान सञ्चालन गर्ने ।<br>• भग्नावशेषहरू हटाउने कार्य गर्ने ।<br>• विद्यालय तीन दिनभन्दा बढी बन्द हुने अवस्था आएमा आपत्कालीन शिक्षाका लागि प्रबन्ध मिलाउने । | शाखाअधिकृत, शिक्षा शाखा, विषयक्षेत्र र विद्यालय | मनोपरामर्श विद्हरूसँग छलफल |
| पहिलो महिना | • शिक्षक र अभिभावकसँग छलफल गर्ने ।<br>• बालबालिकाहरूको लागि मनोरञ्जनात्मक कार्यक्रम र अतिरिक्त क्रियाकलाप सञ्चालन गर्ने<br>• विद्यालय सञ्चालनका लागि आवश्यक सामग्रीहरू जुटाउने जस्तैः अस्थायी विद्यालय निर्माण, शैक्षिक सामग्री, फर्निचर, खेलकुदका सामग्री, विद्यार्थीहरूका लागि किताब, कापी तथा पेन्सिलहरू ।<br>• आपत्कालीन अवस्थामा कक्षा सञ्चालन गर्नका लागि शिक्षकलाई आवश्यक तालिम दिने ।<br>• अस्थायी कक्षा सञ्चालन गर्ने<br>• विद्यालयमा बसिरहेका समुदायका प्रभावित व्यक्तिहरूलाई वैकल्पिक व्यवस्था गर्ने ।<br>• शिक्षक-विद्यार्थीबीच अन्तरसंवाद गर्ने ।<br>• अस्थायी केन्द्रमा लैंगिक हिसाबले शौचालय, अपांगमैत्री कक्षाकोठाहरू निर्माण गर्ने ।<br>• आपत्कालीन शिक्षाका लागि आवश्यक सरसामानको व्यवस्था गरी पठनपाठन सुचारु गर्ने । | शाखाअधिकृत, शिक्षा शाखा, विषयक्षेत्र र विद्यालय | अन्य विषयक्षेत्र |
| दोस्रो महिना | • पहिलो महिनाको कार्य निरन्तर गर्ने ।<br>• शिक्षाक्षेत्रको विपद् प्रतिकार्यको समीक्षा गरी प्रतिवेदन तयार गर्ने । | शाखाअधिकृत, शिक्षा शाखा, विषयक्षेत्र र विद्यालय | अन्य विषयक्षेत्र |

| | | | |
|---|---|---|---|
| तेस्रो महिना | ● विद्यालयको मर्मतसम्भार र पुनर्निर्माणका लागि कार्य गर्ने, सहज र अनुकूल वातावरण तयार गर्ने ।<br>● शैक्षिक गतिविधिहरूको अनुगमन गर्ने । | शाखाअधिकृत, शिक्षा शाखा, विषयक्षेत्र र विद्यालय | अन्य विषयक्षेत्र |

### ३.३.९ शीघ्र पुनर्लाभ क्षेत्रको प्रतिकार्य योजना

शीघ्र पुनर्लाभ क्षेत्रको प्रतिकार्य अन्तर्गत आपत्कालीन प्रतिकार्य सम्बन्धित कार्यहरूको योजना देहाय अनुसार तर्जुमा गरिएको छ :

**मुख्य विपद्को किसिम**: भूकम्प, बाढी, पहिरो, आगलागी र अन्य ९ वटा प्रकोपबाट घर, गोठ र अन्य संरचनामा क्षति भई शिविरमा बस्नुपर्ने अवस्था भएको ।

**अनुमानित अवस्था वा सम्भावित परिदृश्य** : उपर्युक्त प्रकोपका कारण विपद्को परिस्थितिमा नीलकण्ठ नगरपालिकाका ३०४ घरधुरीहरू प्रभावित हुँदा १,४२२ व्यक्ति समेत प्रभावित भई शिविरमा बस्नुपर्ने अवस्था भएको र केही समयपछि अस्थायी संरचनामा बस्नुपर्ने स्थिति आएको । जीविकोपार्जनका सबै विकल्पहरू प्रभावित भएको र खाद्यवस्तुको अभाव रहेको, रोजगारीका अवसरहरू नरहेको ।

**विषयगत क्षेत्रको उद्देश्य :**

- विपद्बाट आर्थिक, सामाजिक क्षेत्रमा परेको प्रभावको लेखाजेखा गर्ने ।
- आर्थिक, सामाजिक क्षेत्रमा परेका प्रभावहरूको लेखाजेखाको आधारमा शीघ्र पुनर्लाभ कार्यक्रम सञ्चालन गर्ने ।

**शीघ्र पुनर्लाभ क्षेत्र अगुवा र सहयोगी सदस्यहरूको विवरण**

| क.सं. | सम्पर्क व्यक्तिको नाम | संस्था | पद | सम्पर्क नम्बर | इमेल |
|---|---|---|---|---|---|
| १ | विवेक खतिवडा | नीलकण्ठ नगरपालिका | अधिकृत छैटौं | ९८४९८८७५१८ | bbkbie069@gmail.com |
| २ | विशाल कँडेल | नीलकण्ठ नगरपालिका | इन्जिनियर | ९८४९४८२२५७ | bishalkadel@gmail.com |
| ३ | होमनाथ रिजाल | नीलकण्ठ नगरपालिका | वडा नं.३ | ९८५१०९८५२९ | |

| विपद्को घटना पश्चात्को अवधि (समयावधि) | प्रतिकार्यसम्बन्धी क्रियाकलापहरू | मुख्य जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| पहिलो दिन | सर्वेक्षण टोलीमा प्रतिनिधि पठाई क्षति सर्वेक्षण तथा आवश्यकता पहिचान कार्यमा सहयोग गर्ने । | पूर्वाधार विकास, शाखा अधिकृत छैटौं, र विषयक्षेत्र, क्षतिसँग सम्बन्धित कार्यालयहरू | अन्य विषयगत क्षेत्रहरू, कृषि शाखा |
| दोस्रो दिन | पहिलो दिनको कार्यलाई आवश्यकताका आधारमा निरन्तरता दिने र भौतिक संरचना क्षति भई सेवा अवरुद्ध भएको स्थान पहिचान गरी तथ्याङ्क संकलन गर्ने र तत्काल सुचारु गर्नुपर्ने सेवाहरूको प्राथमिकीकरण गर्ने । | पूर्वाधार विकास, शाखाअधिकृत छैटौं र विषयक्षेत्र | अन्य विषयगत क्षेत्रहरू |
| पहिलो हप्ता | आवश्यकता अनुरूप पहिलोदेखि छैटौं दिनको कार्यलाई निरन्तरता दिने र सार्वजनिक सेवा अवरुद्ध भएका भौतिक संरचनाहरूको मर्मतसम्भारका लागि टोली परिचालन गरी सेवा सुचारु गर्ने । | पूर्वाधार विकास, शाखाअधिकृत छैटौं, र विषयक्षेत्र, विद्युत्, सडक, खानेपानी, आर्थिक शाखा | अन्य विषयगत क्षेत्रहरू |
| दोस्रो हप्ता | विपद्बाट आर्थिक, सामाजिक क्षेत्रमा परेको प्रभावको लेखाजेखा गर्ने र अन्य कार्यलाई निरन्तरता दिने । | पूर्वाधार विकास, शाखाअधिकृत छैटौं र विषयक्षेत्र, सरकारी गैरसरकारी संस्थाहरू | अन्य विषयगत क्षेत्रहरू |
| पहिलो महिना | विपद्बाट आर्थिक सामाजिक क्षेत्रमा परेको प्रभावको लेखाजोखाको आधारमा शीघ्र पुनर्लाभ कार्यक्रम सञ्चालन गर्ने । | पूर्वाधार विकास शाखाअधिकृत छैटौं, र विषयक्षेत्र, सरकारी गैरसरकारी संस्था | अन्य विषयगत क्षेत्रहरू |
| तेस्रो महिना | शीघ्र पुनर्लाभ क्षेत्रको विपद् प्रतिकार्यको समीक्षा गरी प्रतिवेदन तयार गर्ने । | पूर्वाधार विकास, शाखाअधिकृत छैटौं, र विषयक्षेत्र, सम्बन्धित शाखा | अन्य विषयगत क्षेत्रहरू |

# परिच्छेद ४

# बन्दोबस्तीका सामग्रीको उपलब्धता तथा आवश्यकताको लेखाजेखा

## ४.१ स्रोतसाधनको वर्तमान अवस्था

बन्दोबस्तीका सामग्रीहरूको उपलब्धताबारे लेखाजेखा विषयक्षेत्रका आधारमा गरिएको छ। यस नगरपालिकामा विपद्जन्य घटनाहरू सम्बन्धित विषयक्षेत्र अर्न्तगत उपलब्ध स्रोतसाधन तथा सामग्रीहरूको विद्यमान अवस्था देहाय बमोजिम रहेका छन् :

| विषयक्षेत्र | स्रोत, साधन/उपकरण | संख्या वा परिमाण | भण्डारणस्थल/स्थान |
|---|---|---|---|
| समग्र व्यवस्थापन/सूचना खोज तथा उद्धार | दमकल (आवश्यक औजार सेट सहित) | १ थान | नीलकण्ठ नगरपालिका |
| | एक्जाभेटर (जेसिबी) | १ थान | नीलकण्ठ नगरपालिका |
| | लाइफ ज्याकेट | १० थान | नीलकण्ठ नगरपालिका, नेपाल रेडक्रस सोसाइटी |
| | क्लाइम्बिङ डोरी | ७ थान | नीलकण्ठ नगरपालिका |
| | सेफ्टी हेल्मेट | १० थान | नीलकण्ठ नगरपालिका |
| | रबर बोट | छैन | नीलकण्ठ नगरपालिका |
| | मेगा ह्यान्ड माइक | ७ थान | नीलकण्ठ नगरपालिका, नेपाल रेडक्रस सोसाइटी |
| | इमर्जेन्सी टर्चलाइट | ५ थान | नीलकण्ठ नगरपालिका, नेपाल रेडक्रस सोसाइटी |
| | आगो निभाउने यन्त्र | ८ थान | नीलकण्ठ नगरपालिका |
| | साइरन | छैन | नीलकण्ठ नगरपालिका नेपाल रेडक्रस सोसाइटी |
| | रबरको पञ्जा | १० जोर | नीलकण्ठ नगरपालिका, नेपाल रेडक्रस सोसाइटी |
| | थ्रो ब्याग | ७० वटा | नीलकण्ठ नगरपालिका |
| | प्राथमिक उपचार किट | छैन | नेपाल रेडक्रस सोसाइटी |
| | ट्रिपर/ट्र्याक्टर | १/१ थान | नीलकण्ठ नगरपालिका |
| खाद्यान्न तथा कृषि | किटनाशक विषादी | छैन | कृषि शाखा |
| | चामल | छैन | नेपाल रेडक्रस सोसाइटी |
| | नुन, तेल प्याकेट | छैन | नेपाल रेडक्रस सोसाइटी |
| स्वास्थ्य तथा पोषण | स्यानिटरी प्याड | १०० थान | नीलकण्ठ नगरपालिका |
| | इमर्जेन्सी किट | २ थान | नीलकण्ठ नगरपालिका |
| | ह्यान्डस् ग्लोब्स तथा साबुन | ७ दर्जन | नीलकण्ठ नगरपालिका |
| | पिपिई सेट/गाउन | ११ थान | नीलकण्ठ नगरपालिका |
| | सर्जिकल ग्लोब्स | ५ कार्टुन | नीलकण्ठ नगरपालिका |
| | स्यानिटाइजर | १०० वटा | नीलकण्ठ नगरपालिका |
| | क्लोरिन पाउडर | १०० | नीलकण्ठ नगरपालिका |
| | मेडिसिन | केही मात्रामा | नीलकण्ठ नगरपालिका |

| | | | |
|---|---|---|---|
| | आर.एल. बोतल | १०० वटा | नीलकण्ठ नगरपालिका |
| | प्राथमिक उपचार/बाकस किट | ९ थान | नीलकण्ठ नगरपालिका |
| खानेपानी, सरसफाइ तथा स्वच्छता | पियुष | छैन | |
| | अक्वा ट्याब | छैन | |
| | पि.एल.भाइल | छैन | |
| | पानी जाँच्ने किट | १ | |
| | पाइप तथा फिटिङ्स | २ | |
| | अस्थायी शौचालय किट | छैन | |
| | | | |
| आपत्कालीन आश्रय तथा गैरखाद्य सामग्री र क्वारेन्टाइन व्यवस्थापन | इन्धनबाट चल्ने आरा/ह्याक्सा | छैन | नीलकण्ठ नगरपालिका |
| | खन्ती (सब्ब्ल) | १२ वटा | नीलकण्ठ नगरपालिका, नेपाल रेडक्रस सोसाइटी |
| | गैंती र बेल्ची सेट | १० | नीलकण्ठ नगरपालिका |
| | एयर लिफ्ट ब्याग | छैन | जिल्ला प्रशासन कार्यालय |
| | त्रिपाल/टेन्ट | १०० | |
| | भाँडाकुँडा सेट | छैन | |
| | जस्तापाता | छैन | |
| | टेन्ट | ५ थान | |

*नोट : यस्ता सामग्रीहरूको विषयक्षेत्रबाट प्राप्त विवरणअनुसार अभिलेख अद्यावधिक गर्ने कार्य विपद् व्यवस्थापन शाखाले नियमित रूपमा गर्नेछ ।*

## ४.२ विपद् प्रतिकार्यका लागि जनशक्तिको उपलब्धता

यस नीलकण्ठ नगरपालिकामा विपद्जन्य घटनामा सबै विषयक्षेत्रका सदस्यहरू र स्थानीय समुदाय प्रतिकार्यका लागि परिचालित हुनेछन् । यसबाहेक नीलकण्ठ नगरपालिकामा खोज तथा उद्धार, प्राथमिक उपचार, पूर्वसूचना कार्यदल र लेखाजोखा कार्यदल सम्बन्धी दक्ष व्यक्तिहरू नरहेकाले सोसम्बन्धी जनशक्ति तयार गर्नुपर्ने देखिन्छ । यसका साथै सुरक्षानिकायसँग रहेका शव व्यवस्थापनसम्बन्धी विशिष्ट ज्ञान भएका व्यक्तिहरूको पनि सूची तयार गर्नुपर्ने देखिन्छ । जनशक्तिसम्बन्धी विवरण हेरफेर भइरहन सक्ने हुँदा सबै विषयक्षेत्रले विपद् प्रतिकार्यका लागि विद्यमान जनशक्तिको तथ्यांक नियमित रूपमा अद्यावधिक गरी एकीकृत अभिलेख राख्ने र प्रयोजनका लागि विपद् व्यस्थापन शाखामा पठाउनु पर्नेछ ।

## ४.३ बन्दोबस्ती सामग्रीको आँकलन

विपद्जन्य घटनाहरूमा प्रतिकार्यका लागि गैरखाद्य सामग्री, सोको भण्डारणस्थल र मानवीय सहायतास्थलका लागि देहाय अनुसारको व्यवस्था गरिएको छ :

### ४.३.१ गैरखाद्य सामग्री भण्डारणस्थल :

विपद्का घटनाहरूमा प्रतिकार्यका लागि गैरखाद्य सामग्रीको गोदामघर (भण्डारणस्थल) ३, ४, ८ र १२ नम्बर वडामा रहेका छन् । भण्डारणस्थल सम्बन्धी विवरण देहाय अनुसार रहेका छन् :

| क्र.सं. | विवरण | स्थान | क्षमता | सम्पर्क व्यक्ति | सम्पर्क नम्बर |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| १ | वडा नम्बर ३ | विपद् भवन, धादिङबेसी | ३,००० वर्ग फिट | नीलकण्ठ नगरपालिका | छैन |
| २ | वडा नम्बर ४ | रातामाटे डाँडा, पोखरी | १,५०० वर्ग फिट | वडाध्यक्ष | |
| ३ | वडा नम्बर ८ | कुमाल गाउँ | १,५०० वर्ग फिट | वडाध्यक्ष | |
| ४ | वडा नम्बर १२ | रिजाल गाउँ | १,५०० वर्ग फिट | वडाध्यक्ष | |

### ४.३.२ मानवीय सहायतास्थल

काठमाडौं, त्रिभुवन विमानस्थल परिसरभित्र रहेको मानवीय सहायतास्थल यस नीलकण्ठ नगरपालिकाका लागि सबैभन्दा नजिकको मानवीय सहायतास्थल रहेको छ र यसलाई उपयोग गर्न सकिनेछ ।

## ४.४ थप स्रोतसाधनको आवश्यकता र अनुमानित लागत

माथि उल्लिखित विद्यमान स्रोत, साधनका अतिरिक्त विपद् प्रतिकार्यका लागि विषयक्षेत्रलाई आवश्यक पर्ने थप स्रोत, साधन र उपकरणको विवरण तथा सोको अनुमानित लागत देहायको तालिकामा प्रस्तुत गरिएको छ :

| **विषयक्षेत्र** | **आवश्यक स्रोत, साधन उपकरण** | **थप संख्या वा परिणाम** | **अनुमानित रकम (रु हजारमा)** |
|---|---|---|---|
| समग्र व्यवस्थापन | माथि तालिका ४.१ मा उल्लिखित स्रोत, साधनको वर्तमान अवस्थामा रहेको टेबलमा नभएको साधन उपकरण । | आवश्यकता अनुसार | २,००,०००।० |
| सूचना, खोज तथा उद्धार | सञ्चार सेट | २० थान | आवश्यकता अनुसार |
| खाद्य तथा कृषि | आवश्यकता अनुसार खाद्य बिक्रेताहरूको भण्डारण क्षमता र नामावली तयार गरी राख्ने । | बिक्रेताहरूको भण्डारण क्षमता र नामावली तयार गरी राख्ने । | आवश्यकता अनुसार |
| स्वास्थ्य तथा पोषण | आवश्यकता अनुसार स्वास्थ्य तथा पोषण सामग्री बिक्रेताहरूको भण्डारण क्षमता र नामावली तयार गरी राख्ने । | आवश्यकता अनुसार | विपद् कोष |
| खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धन | पाइप र फिटिङ्स | आवश्यकता अनुसार | आवश्यकता अनुसार |
| आपत्कालीन आश्रय तथा गैरखाद्य सामग्री | भण्डारण ११ वटा तथा टेन्ट, स्ट्रेचर र त्रिपाल | आवश्यकता अनुसार | आवश्यकता अनुसार |
| संरक्षण तथा सुरक्षा | मनोपरामर्शकर्ताका लागि आवश्यक सामग्री | आवश्यकता अनुसार | आवश्यकता अनुसार |
| आपत्कालीन शिक्षा | शिक्षा किट, कम्प्युटर र ल्यापटप | १०३ विद्यालयहरूमा | आवश्यकता अनुसार |
| शीघ्र पुनर्लाभ | जीविकोपार्जन तालिम | आवश्यकता अनुसार | आवश्यकता अनुसार |

# परिच्छेद ५

# विविध

## ५.१ स्रोतसाधनको व्यवस्थापन

विपद् व्यवस्थापनका लागि नीलकण्ठ नगरपालिकामा स्थानीय विपद् व्यवस्थापन कोष स्थापना गरिएको छ । यस विपद् पूर्वतयारी र प्रतिकार्य योजनामा स्वीकृत क्रियाकलापका लागि उक्त कोषमा उपलब्ध बजेट पर्याप्त भएमा विषयक्षेत्रलाई बजेटको आवश्यकता र उपलब्धताका आधारमा रकम निकासा गरिनेछ । कोषमा पर्याप्त बजेट उपलब्ध नभएको अवस्थामा स्वीकृत वार्षिक बजेटबाट यस्तो रकम उपलब्ध गराइनेछ । स्वीकृत क्रियाकलाप कार्यान्वयन गर्ने कार्य वडा कार्यालयहरूमार्फत हुनसक्ने अवस्थामा यस्तो रकम सम्बन्धित वडा कार्यालयहरूलाई उपलब्ध गराइनेछ । नगरपालिकाको आफ्नो स्रोतसाधनले कार्यान्वयन सम्भव नहुने क्रियाकलापका लागि प्रदेश सरकार वा जिल्ला प्रशासन कार्यालयमार्फत संघीय सरकारसँग अनुरोध गरिनेछ । साथै थप आवश्यक सहयोगका लागि मानवीय सहायता कार्यमा संलग्न निकाय तथा विकास साझेदार संस्था, स्थानीय सामाजिक संघसंस्था तथा निजी क्षेत्रसँग समन्वय गरिनेछ ।

## ५.२ अन्य निकायसँगको समन्वय र सहकार्य

विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि छिमेकी सिद्धलेक, ज्वालामुखी, त्रिपुरासुन्दरी, नेत्रावती डबजोङ गाउँ/नगरपालिकासँग सहयोग आदानप्रदान गरिनेछ । यस्तो सहयोग विशेष गरी बाढी, पहिरो र आगलागीको समयमा प्रतिकार्यका लागि दमकल, एम्बुलेन्स तथा अत्यावश्यक मानवीय सहायता सामग्रीको उपयोगमा केन्द्रित हुनेछ । अन्य किसिमका थप सहयोग आदानप्रदान गर्न कार्यपालिकाले अन्य स्थानीय तहहरूसँग आवश्यक समझदारी वा सम्झौता गर्न सक्नेछ । नेपाल सरकार, प्रदेश तथा जिल्ला विपद् व्यवस्थापन समिति, जिल्लास्थित अन्य गैरसरकारी निकाय तथा निजी क्षेत्रसँग समन्वय गरी थप स्रोत परिचालन गरिनेछ । जिल्ला आपत्कालीन कार्य सञ्चालन केन्द्रसँग विपद्सम्बन्धी सूचना आदानप्रदान गर्न आवश्यक समन्वय गरिनेछ ।

## ५.३ अनुगमन, मूल्यांकन तथा सिकाइ

### ५.३.१ लक्ष्य र सूचकहरू

यस योजनाअन्तर्गत नगरपालिकामा विपद्बाट प्रभावित हुने परिवार, मृत्यु हुने तथा घाइतेको संख्या एवं आर्थिक क्षतिको न्यूनीकरण गर्ने लक्ष्य लिइएको छ । यस योजनाको अनुगमन, मूल्यांकन र समीक्षाका लागि देहाय बमोजिमका लक्ष्य सूचकहरू निर्धारण गरिएको छ ।

| क्र.स. | सूचक | आधार वर्ष | लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | २०७७/७८ | २०७९ | २०८० | २०८१ |
| १ | नगरक्षेत्रमा विपद्बाट हुने मानवीय क्षतिको दर कम भएको हुनेछ । | | | | |
| १.१ | विपद्बाट मृत्यु हुनेको वार्षिक औसत संख्या (सडक दुर्घटना) | २ देखि १० | २ देखि ७ | २ देखि ५ | पाँचभन्दा कम |
| १.२ | सडक दुर्घटनाबाट मृत्यु हुनेको वार्षिक औसत संख्या | १० माथि | ७ सम्म | ५ सम्म | पाँचभन्दा कम |
| २ | विपद्बाट प्रभावित व्यक्तिहरूको संख्यामा उल्लेख्य मात्रामा कम भएको हुनेछ । | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| २.१ | विपद्बाट प्रत्यक्ष प्रभावित हुने परिवारहरूको वार्षिक औसत संख्या | १६ | १० | ५ | पाँचभन्दा कम |
| २.२ | विपद्बाट घाइते हुने व्यक्तिहरूको वार्षिक औसत संख्या | ६ | ५ | ४ | तीनभन्दा कम |
| २.३ | सडक दुर्घटनाबाट घाइते हुने व्यक्तिहरूको वार्षिक औसत संख्या | छैन | छैन | छैन | छैन |
| २.४ | विपद्बाट क्षति हुने घरहरूको वार्षिक औसत संख्या | १६ | १० | ५ | पाँचभन्दा कम |
| ३ | विपद्का कारण हुने वार्षिक औसत संख्या २ देखि ५ | | | | |
| ४ | नगरपालिका र सरोकारवालाहरूबीच अन्तर तथा परस्पर समन्वय र साझेदारी अभिवृद्धि गर्ने संयन्त्र संख्या २ (वि.व्य. समिति र कार्यदल) | | | | |
| ५ | बहुप्रकोप पूर्वसूचना प्रणाली र विपद् जोखिम सूचना आँकलन, उपलब्धता र पहुँचमा उल्लेख्य वृद्धि भएको हुनेछ । | | | | |
| ५.१ | कुल क्षेत्रफलको अनुपातमा बहुप्रकोप अनुगमन तथा पूर्वसूचना प्रणाली स्थापना र सञ्चालन भएको क्षेत्रफलको प्रतिशत | छैन | छैन | छैन | छैन |
| ५.२ | विपद् प्रभावित क्षेत्रको जनसंख्याको अनुपातमा स्थानीय वा राष्ट्रिय सूचना प्रणालीमार्फत सूचना प्राप्त गर्ने जनसंख्याको प्रतिशत | आपत्कालीन कार्य सञ्चालन केन्द्रको स्थापना | २० प्रतिशत | ४० प्रतिशत | ७० प्रतिशतमाथि |
| ५.३ | विपद् जोखिमयुक्त क्षेत्रहरूमा पूर्वानुमानमा आधारित पूर्वतयारी कार्यविधि लागू भएका वडाहरूको संख्या | २ (वडा नं. ५ र १४) | ५ | ८ | १४ |
| ५.४ | स्थानीयस्तरमा उपयोगी विपद्, जोखिमसम्बन्धी सूचना तथा जानकारी जनसमुदायलाई उपलब्ध गराउन सक्ने समुदाय | छैन (१४ वटा वडाहरूमा वि.व्य. समिति गठन भएको) | २० प्रतिशत | ४० प्रतिशत | ७० प्रतिशत माथि |
| ५.५ | पूर्वसूचना प्राप्त भएपछि विपद् प्रभावित क्षेत्रबाट सुरक्षित स्थानमा सारिएका जनसंख्या | छैन | ४ | ५ | ६ |

स्रोत : Nepal Disaster Risk Reduction Portal (drrportal.gov.np)

### ५.३.२ अनुगमन, मूल्यांकन र योजनाको परिमार्जन

यस योजना कार्यान्वयनको नियमित अनुगमन र मूल्यांकन गर्ने कार्य अनुगमन तथा सुपरीवेक्षण समितिले गर्नेछ। उक्त समितिले माथि उल्लिखित सूचकहरूको आधारमा नियमित रूपमा योजना कार्यान्वयनको अवस्थाको अनुगमन गरी स्थानीय विपद् व्यवस्थापन समितिसमक्ष प्रतिवेदन पेस गर्नेछ। यस्तो प्रतिवेदनमा औंल्याइएका सुधार गर्नुपर्ने विषयलाई सम्बन्धित विषयक्षेत्रले सुधार गरी कार्यान्वयन गर्नुपर्नेछ र योजनामा नै सुधार गर्नुपर्ने अवस्थामा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको परिमार्जन गर्दा समावेश गरिनेछ । योजना कार्यान्वयनको अवस्था, प्रभावकारिता र सिकाइ कार्यसूचीको प्रारूप, अनुसूची १२(क) मा संलग्न गरिएको छ । यस योजनाको पुनरावलोकन तथा पृष्ठपोषण संकलन तलको तालिका बमोजिम हुनेछ :

यस योजनाले निर्दिष्ट गरेका कार्यहरूको प्रभावकारी कार्यान्वयनको सुनिश्चितताका लागि नीलकण्ठ नगरस्तरीय विपद् व्यवस्थापन समिति र यस नगरमा रहेका विषयगत क्षेत्रका अगुवा निकायहरूले योजना कार्यान्वयनको अनुगमन तथा मूल्यांकनका लागि निम्न लिखित संयन्त्र स्थापना गरिएको छ। साथै यसले पूर्वतयारी तथा प्रतिकार्यको अनुगमन पनि गर्नेछ। यस नगरपालिकाभित्र विपद् व्यवस्थापनसम्बन्धी समग्र कार्यको समन्वय, अनुगमन र मूल्यांकन नगरस्तरीय विपद् व्यवस्थापन समितिको प्रत्यक्ष निगरानीमा अन्य वडा विपद् व्यवस्थापन समितिको समन्वयमा यस संयन्त्रले गर्नेछ। यस संयन्त्रले तयार गरेको अनुगमन तथा मूल्यांकन प्रतिवेदनलाई समेत आधार लिई विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनालाई हरेक वर्ष पुनरावलोकन गरी अद्यावधिक गरिनेछ। विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना पुनरावलोकन समय तालिकाको नमुना अनुसूची १२(ग) मा दिइएको छ।

| विवरण | जिम्मेवार निकाय | गर्नुपर्ने मुख्य कार्य | समय |
|---|---|---|---|
| योजना कार्यान्वयनको समीक्षा | स्थानीय विपद् व्यवस्थापन समिति | आवधिक रूपमा समीक्षा बैठक गर्ने | कात्तिक महिनाभित्र |
| | | | माघ महिनाभित्र |
| | | | श्रावण महिना - आगामी आ.व.को |
| योजनाको पुनरावलोकन | स्थानीय विपद् व्यवस्थापन समिति | विषयक्षेत्र अनुसारका क्रियाकलापको पुनरावलोकन गरी योजना अद्यावधिक गर्ने | प्रत्येक वर्ष कात्तिक मसान्तसम्म |

## ५.४ क्षमता विकास रणनीति र योजना

विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको प्रभावकारी कार्यान्वयनका लागि दक्ष स्रोतव्यक्ति तथा संस्थाहरूको सहयोगमा देहायका क्रियाकलाप सञ्चालन गरिनेछ :

| क्र.सं. | क्षमता विकासका क्रियाकलापहरू | जिम्मेवारी | समय तालिका |
|---|---|---|---|
| १ | विषयक्षेत्रका जनशक्तिलाई उक्त क्षेत्रसँग सम्बन्धित विषयमा अभिमुखीकरण तालिम र अभ्यासको व्यवस्था गर्ने। | स्थानीय विपद् व्यवस्थापन समिति, नीलकण्ठ नगरपालिका | विपद् व्यवस्थापन, पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमापश्चात् |
| २ | वडास्तरीय विपद् व्यवस्थापन समितिलाई विपद् व्यवस्थापनसम्बन्धी अभिमुखीकरण तालिम प्रदान गर्ने। | स्थानीय विपद् व्यवस्थापन समिति, नीलकण्ठ नगरपालिका | विपद् व्यवस्थापन, पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमापश्चात् |

